
पूर्णाङ्क ८

संशोधन मण्डल

* इतिहास–प्रधान
* त्रैमासिक पत्रिका

# पूर्णिमा



तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ। त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ]

# पूर्णिमा


२ वर्ष

४ अङ्क


## [इतिहास-प्रधान त्रैमासिक पत्रिका]

सम्पादक—
**गौतमवज्र वज्राचार्य**
**महेशराज पन्त**


प्रकाशक–
**भोलानाथ पौडेल**
( सशोधन—मण्डलद्वारा )

प्रबन्धक–
**धनवज्र वज्राचार्य**


सहयोगीहरू—
**देवीप्रसाद भण्डारी**
**शङ्करमान राजवंशी**
**दिनेशराज पन्त**

# विषयसूची


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | थानकोटको भीमार्जुनदेव र जिष्णुगुप्तको शिलालेख | —गौतमवज्र वज्राचार्य | १–६ |
| २. | शमसुद्दीनको आक्रमण | —धनवज्र वज्राचार्य | ६–१३ |
| ३. | यक्षमल्लको समयका निश्चित संवत् र तिथिमितिहरू | —शङ्करमान राजवंशी | १४–२० |
| ४. | जगच्चन्द्र | —भोलानाथ पौडेल | २०–२५ |
| ५. | श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू | —देवीप्रसाद भण्डारी | २५–३४ |
| ६. | दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे | —दिनेशराज पन्त | ३४–४१ |
| ७. | नेपाल–अंग्रेजयुद्धको दोस्रो चरण | —महेशराज पन्त | ४१–४६ |
| ८. | पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति | —नयराज पन्त | ५०–७४ |
| | हाम्रो वक्तव्य | | ७५–७७ |

# थानकोटको भीमार्जुनदेव र जिष्णुगुप्तको शिलालेख

--गौतमवज्र वज्राचार्य

लिच्छविकालका कुरा जान्ने मुख्य साधन त्यस वेलाका शिलालेखहरू नै हुन् । त्यस कारण त्यस वेलाका शिलालेखहरूको राम्ररी अध्ययन हुनु आवश्यक छ । नयाँ नयाँ शिलालेखको खोजीको साथसाथै पहिले प्रकाशित भइसकेका शिलालेखलाई पनि मूलबाटै पढी अपूर्ण भाग पूर्ण पार्दै लैजानुपरेको छ भन्ने कुरा 'पूर्णिमा' को ७ पूर्णाङ्कमा ' अंशुवर्माको सांगाको अभिलेख ' लाई पूर्ण पारी पुनः प्रकाश गर्दाखेरि मैले लेखेको थिएँ । त्यसै गरी थानकोटको भीमार्जुनदेव र जिष्णुगुप्तको शिलालेखको अपूर्ण पाठलाई सकभर पूर्ण पारी यहाँ दिइएको छ ।

काठमाडौंबाट ३ कोशजति दक्षिणपश्चिमतिर थानकोट पर्दछ । थानकोट नारायणटोलमा पाटीनिर यो शिलालेख रहेको छ । यस शिलालेखको शिरोभागमा दुइतिर शंख बीचमा चक्र कुँदिएको छ । यस अभिलेखमा उठानका र अन्त्यका केही अक्षरबाहेक अरू सबै अक्षर प्राय स्पष्ट छन् । अभिलेख रहेको भाग ४८ अङ्गुल लम्बा २१ अङ्गुल चौडा छ ।

यो शिलालेख सबभन्दा पहिले लेभीद्वारा १६ संख्याको रूपमा प्रकाशित भएको हो । त्यसमा सच्याएर नोलीद्वारा सो शिलालेख ५६ संख्याको रूपमा प्रकाशित भएको छ ।

## मूलपाठ ❁

(१) ॐ तर्जन्या कर्णकण्डूत्युपशमनसुखोन्मीलितार्धेक्षणस्य[१]

(२) श्रीनिःसंगोपगूढस्तनकलशयुगस्पर्शरोमाञ्चितस्य[२]

(३) मायासुप्तौ[३] स्थितस्य[४] स्फुटजलधिजलक्षालिताङ्गस्य[५] शौरेः[६]

---

❁ संशोधनमण्डलका सबै सदस्य मिली यो पाठ ठम्याइएको हो । वीरपुस्तकालयमा रहेको यस शिलालेखको प्रतिलिपिबाट पनि पाठ ठम्याउन मद्दत मिलेको छ । सो पुस्तकालयका अन्वेषक पण्डित श्रीकृष्णप्रसाद भट्टराईज्यूले पनि यसमा सहायता गर्नुभएको छ ।

१. लेभी: अज्ञानाकर्णकण्ठ– – – – – सुखे ो ि – – – – –, नोली: ॐ तर्ज—कर्णकण्ठ –प– – हसुखोन्मीलिता – – – – ।

२. लेभी: – – – – – – – – – – – – – – युगस्सागरो – – – –, नोली: श्रीनिः- स्वङ्गोपगूढस्तनकलशयुगस्याग – – – – – ।

३. लेभी, नोली:– – – – ४. लेभी: – – –, नोली: स्थित – ।

५. लेभी:– – – – – – – – – – – ङ्गस्य, नोली:– – जलधिजलक्षालिताङ्गस्य ।

६. लेभी: गोप् , नोली:शौ– ।

(४) भूयात्पर्यस्तहस्तस्थगितमुखशशि[१] श्रेयसे जृम्भितं वः (।।)

(५) स्वस्ति मानगृहात्सिङ्हा (सिंहा) सनाध्यासिकुलकेतुभट्टारकश्रीभीमा (र्जु)

(६) नदेव[२]स्तत्पुरःसरः कैलासकूटभवनात्सोमान्वयभूषणो

(७) भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः श्री–

(८) जिष्णुगुप्तदेवः कुशली थेञ्चो[३]ग्रामनिवासिनः कुटुंविनो यथा–[४]

(९) प्रधान[५]ङ्कुशलमाभाष्य सामाज्ञापयति विदितम्भवतु भवतां [य]

(१०) [था]स्मज्ये (ज्ज्ये) ष्ठप्रपितामह[६]मानगुप्तगोमिकारितपुस्कि(ष्क)रिणीमु-

(११) द्दिश्य[७] ग्रामस्योत्तरेण पर्वत[८]भूमिश्चोख्परानामधेयचैलकर[९]–

(१२) म्प्रतिमुच्य दत्ता तस्याश्च कालान्तरेण शासनान्तर्भावमभू (भावोभू) त्त-

(१३) [द]वेत्य[१०] प्रपितामहकृतज्ञतयास्माभिरिदं शिलापट्टकशास–

(१४) [नश्चि] रतरकालस्थितये[११] दत्तं सीमा चास्य उत्तरपूर्वेण पूर्वे–

(१५) ण[१२] शिखरोपर्यधोगोमिखातकमनुसृत्य पश्चापा (त्पा) नीय–

(१६) पातः[१३] पूर्वदक्षिणेन येब्रंखरो दक्षिणेन थम्बिदुल्[१४] ततोनुसृत्य

(१७) दक्षिणेनैव सुरिसिंबत्ती[१५] दक्षिणेन नदी दक्षिणपश्चिमेन श[१६]–

(१८) लङ्गा पश्चिमेन खातकस्ततोनुसृत्य पह्ञ्चो ततो लुम्बञ्चो[१७] उत्तरे–

(१९) ण तत्पर्वत[१८]शिखरमूर्धनि खातकस्ततो यावत्स एवोत्तर[१९]पूर्व–

(२०) खातक इति[२०] अन्यश्चास्माभिः प्रयोजनान्तराराधितैर्भवतां[२१]ग्राम–

---

१. लेभीः – – – – – – – स्थगितसुखगर्ति, नोलीः – – त्पर्य – – – स्थगितसुखगति

२. लेभीः श्रीमानदेवस् ३. लेभीः काचण्णस्त, नोलीः –ञ्चेग्राम ।

४. नोलीः कुटुम् ( ९ पङ्क्तिमा ) विनो यथा। ५. लेभी, यथा—न

६. लेभीः आद्यस्वप्रपितामह, नोलीः– – ज्यैष्ठप्रपितामह ।

७. लेभीः पुष्किरिर्णी—चध्च, नोलीः पुष्किरिणीमुद्दिश्य ८. लेभी, नोलीः पार्वत ।

९. लेभीः चखरं नाम याचेलक, नोलीःचोम्भिरनामधेय नैल्यकर ।

१०. लेभीः कालान्तरे चासनन्तडुडमस्त्यत्त—त्य ।

११. लेभी नोलीः दूरतरकालस्थितये । १२. लेभीः उत्तरपूर्वमपूर्व [म् ]

१३. लेभी, पञ्चपानीयमतः । १४. लेभीः धरिध्मदुल् , नोलीः थम्मिदुल् ।

१५. लेभीः वास्तारिसिम्वत्ती । १६. लेभीः च ।

१७. लेभीः लापञ्चो । १८. लेभीः तु पर्वत १९. लेभीः सववोत्तर । २०. लेभीः ईति ।

२१. लेभीः भवता ।

(२१) णि (नि) वासिनां[१] कुटुम्बिनाम्प्रसादविशेषो दत्तो दक्षिणकोलिग्रामे
(२२) गोयुद्धे गोहले गोहले यद्देयमासीत्तस्यार्धम्प्रतिमुक्तं सि-
(२३) करे[२]च येन कार्षापणन्देयन्तो (न्ते) नाष्टौ[३] पणा देया येनाष्टौ
(२४) पणा देयं तेन पणचतुष्टयं मल्लकरे च पणचतुष्ट-
(२५) यन्देयमिति यस्त्वेतामाज्ञामुल्ल (ङ्) घ्या[४]स्मत्प्रसादोपजी-
(२६) व्यन्यो वा कश्चिदन्यथा कुर्यात्कारयेद्वा तम्ब ( तं व ) यन्न [म]
(२७) र्षयिष्यामो भविष्यद्भिरपि भूपति (भि): पूर्वराज [कृ]
(२८) तज्ञतया[५] धर्मापेक्षया चेदं शासनं प्रतिपालनी-
(२९) यं दूतकश्चात्र युवराजः श्रीविष्णु गुप्तः
(३०) संवत् ५९····················शुक्लदिवाद्वितीयायाम्[६]

## अनुवाद

[चोरी औंलाले कान कन्याउँदा भएको सुखले आधा आँखा चिम्लिरहेका, लक्ष्मालाई अंगाल्दा दुइ स्तनको स्पर्शले रोमाञ्चित भएका, समुद्रको सफा पानीले जिउ भिजेका, अर्धनिद्रामा रहेका विष्णु ले हर्षुङ्गोले मुख छोपीकन गरिएको हाईले तिमीहरूले भलो गरोस् ।

कल्याण होस् । मानगृह दरबारमा राज भएका गद्दीनशीन कुलका झण्डा जस्ता भएका भट्टारक भीमार्जुनदेवबाट र उहाँका अघिसरा भई काम गर्ने कैलासकूट भवन दरबारमा राज भएका, भगवान् पशुपतिनाथका पाउको अनुग्रह पाएका, बप्प ( बुवा ) को पाउको अनुग्रह पाएका, गाथमा आराम रहेका, चन्द्रवंशी विष्णुगुप्त-देवले थेञ्चो गाउंमा बस्ने गृहस्थीहरूलाई यथोचित कुशल मङ्गल सोधेर आज्ञा गर्नुभएको छ—हाम्रा जेठा बराज्यू मानगुप्त गोमीले बनाउनुभएको पोखरीको निमित्त गाउँको नगीचै उत्तरतिर रहेको डाँडो 'चोख्परा' भन्ने चैलकर (कपडामा लाग्ने करविशेष) माफी गराएर दिइएको थियो । तर त्यो जग्गा कालान्तरमा सरकार लाग्यो । त्यो कुरा थाहा पाएर हामीले आफ्ना बराज्यूको कृति संझेर धेरै कालसम्म रहिरहोस् भन्ने विचारले यो सनद शिलालेखमा कुँदाएर राखियो ।

---

१. लेभी, नोली: निवासिनां । २. लेभी: सि [ ह ] करे ।
३. लेभी, नोली: तेनाष्टौ । ४. लेभी: उल्लङ्घ्या
५. लेभी: पूर्वराजाज्ञतया । ६. लेभी: संवत् ५०० ?··········।

यस शिलालेखको संवत्को अङ्कको प्रतिलिपि पूर्णिमाको ६ पूर्णाङ्कको ३ पृष्ठमा छापिएको छ। त्यताबाट यो अङ्क ५९ देखिन्छ । नोलीले एउटै अङ्कलाई कहीं ७ कहीं ९ पढी भ्रम फैल्याइएको हुनाले संशोधनमण्डलले त्यस किसिमको अङ्क ७ हुन्छ भनी इतिहास–संशोधन ५५ संख्यामा छपाएको थियो । यहाँको एक स्थानी अङ्क पनि ७ होला भनी ५७ पढिएको थियो । तर थानकोटको यस अभिलेखमा त्यस्तो अङ्क नभई अर्कै अङ्क देखिएको हुनाले अहिले यहाँको एकस्थानी अङ्क ६ देखिन आएको छ । यस कारण सो संशोधनमा संशोधन गर्नु परेको हो। यस विषयमा विस्तारपूर्वक खुलाएर पछि लेखिनेछ ।

यसको सीमा यस प्रकारको छ—उत्तरपूर्व र पूर्वपट्टि डाँडोको चुचुरोमुनितिरको 'गोमी' पोखरीको किनारै किनार पानी खस्ने ठाउँसम्म पूर्वदक्षिणपट्टि येब्रंखर, दक्षिणपट्टि थम्बिदुल, त्यतैतिरबाट लागी दक्षिणपट्टि सुरिसिवत्ती, दक्षिणपट्टि खोला, दक्षिणपश्चिमपट्टि शलङ्गा, पश्चिमपट्टि पोखरी त्यतैतिरबाट लागी पहञ्चो त्यस पछि लुम्बञ्चोसम्म, उत्तरपट्टि त्यही डाँडो माथिको पोखरी, त्यतैतिरबाट लागी उही उत्तरपूर्वको पोखरीसम्म ।

कामविशेषले प्रसन्न भएका हामीबाट तिमीहरूको गाउँमा बस्ने गृहस्थीहरूलाई अर्को विशेष निगाहा पनि गरिदिइएको छ । दक्षिणकोली ग्राममा हुने गोयुद्धमा, एक एक हलो जग्गामा जो बुझाउनुपर्ने थियो, त्यसको आधा माफी गरिएको छ । सिं भन्ने करमा जसले १ कार्षापण बुझाउनुपर्थ्यो, त्यसले ८ पण बुझाउनू, जसले ८ पण बुझाउनुपर्थ्यो त्यसले ४ पण बुझाउनू, मल्ल-करमा पनि ४ पण बुझाउनू । यो कुरा तिमीहरूलाई थाहा होस् ।

हाम्रो यस आज्ञालाई हाम्रो निगाहाबाट जीविका चलाएका ( सरकारी कर्मचारी) तथा अरू कसैले नटेरेर अन्यथा गर्ला वा गराउला, त्यसलाई हामी सहनेछैनौं । पछिका राजाहरूले पनि पहिलेका राजाहरूले गरेर गएको कृतिलाई सम्झेर धर्मको वास्ता राखेर यस आज्ञाको प्रतिपालना गर्नुपर्छ : मार्फत युवराज श्रीविष्णुगुप्त । संवत् ५९ शुक्ल द्वितीया ]

लिच्छविकालका केही शिलालेखहरूमा मङ्गलाचरणको रूपमा देवताहरूको वर्णन गरिएको पाइन्छ । ती वर्णनहरूबाट त्यसताका चलेका धर्मका विषयमा केही कुरा हामी थाहा पाउन सक्तछौं । पूर्णिमा ७ पूर्णाङ्कमा प्रकाशित साँगाको शिलालेखमा मुण्डमाला लाएका महादेवको रौद्र रूपको वर्णन परेको छ । सो वर्णनबाट त्यसताका नेपालमा चलेको शैवसंप्रदायको बारेमा केही कुरा हामी थाहा पाउँदछौं । त्यसै गरी यहाँ पनि शिलालेखको उठानमा मङ्गला-चरणको रूपमा अर्धनिद्रामा रहेका भगवान् विष्णुको वर्णन गरिएको छ । यताबाट जिष्णु-गुप्त विष्णुका भक्त थिए भन्ने बुझिन्छ । जिष्णुगुप्तका उत्तराधिकारी विष्णुगुप्त पनि विष्णुका भक्त थिए । उनले बूढानीलकण्ठको विष्णुमूर्ति स्थापना गरेका थिए * । जिष्णुगुप्त र विष्णुगुप्त दुवैले आफ्नो प्रशस्तिमा भने 'पशुपतिभट्टारकपादानुगृहीत' भन्ने विशेषण लाएका छन् । यस कारण उनीहरूको शैव तथा वैष्णव दुवै धर्ममा उत्तिकै भक्ति थियो भन्ने कुरा बुझिन्छ ।

द्वैतशासनलाई खतम गरी पछि अंशुवर्मा महाराजाधिराज बनी स्वयं गद्दीमा बसेका थिए । अंशुवर्माको अवसान कसरी भयो भन्ने कुरा टुङ्गो लाएको छैन । परन्तु अंशुवर्मापछि शासनको अधिकार जिष्णुगुप्तको हातमा पुग्यो । अंशुवर्माले बनाएको कैलासकूटभवन उनले अँठ्याए । परन्तु अंशुवर्माले जस्तै उनले एकलौटि शासन गर्न सकेनन् । लिच्छविवंशका ध्रुव-देवलाई गद्दीमा राखी उनले शासन गर्न लागे । यसरी फेरि द्वैतशासन खडा भयो । यस अभिलेखबाट यस बेला मूलगद्दीमा लिच्छवि राजा भीमार्जुनदेव रहेका र शासनाधिकार चन्द्रवंशी यी जिष्णुगुप्तको हातमा रहेको थियो भन्ने बुझिन्छ । यस अभिलेखमा भीमार्जुनदेवको प्रशस्तिमा रहेको "सिंहासनाध्यासिकुलकेतु" भन्ने पदले जिष्णुगुप्तले परंपराबाट सिंहासनमा बसिआएका कुलका व्यक्तिलाई नै सिंहासनमा राखी दुनियाँको राजभक्तिको आदरलाई कायम रहन दिएको बुझिन्छ ।

* पूर्णिमा १।३ मा प्रकाशित 'प्राचीन मूर्तिकला' भन्ने लेख हेर्नुहोस् ।

जिष्णुगुप्तका बराज्यू मानगुप्त गोमीले थेञ्चो गाउँमा एउटा पोखरी बनाइदिएका थिए। त्यसको बन्दोबस्तको लागि सो गाउँको नगीचै उत्तरपट्टि रहेको डाँडो केही कर माफी गराइकन दिइएको थियो। केही कालपछि सो डाँडो सरकार लाग्यो। जिष्णुगुप्तले आफू अधिकारमा आएपछि आफ्ना बराज्यूको कृति थाम्नाको लागि बन्धेज बाँधी यो शिलापत्र गरिदिएका हुन्। यसै प्रसङ्गमा थेञ्चो गाउँका बासिन्दाहरूलाई विशेष निगाहा गरिएको कुरा पनि यस शिलापत्रमा परेको छ।

लिच्छविकालमा उत्सवको रूपमा साँढे जुधाउने चलन चलेको देखिन्छ। नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको शिलालेखबाट साँढे जुधाउँदा पताका (झण्डाविशेष) पनि रहन्थ्यो भन्ने थाहा पाइन्छ * दक्षिणकोलीग्राममा हुने यस्तो साँढे जुधाइको उत्सवको लागि अरू गाउँका बासिन्दाहरूले पनि केही कर बुझाउनुपर्दो रहेछ। थेञ्चो गाउँका बासिन्दाहरूले अबदेखि दक्षिण कोलीग्राममा हुने सो गोयुद्धोत्सवको लागि बुझाउनु पर्ने कर आधामात्र बुझाए पुग्छ भन्ने निगाहा यहाँ गरिदिइएको छ। त्यसै गरी हलोपिच्छे लाग्ने कर तथा सिं (?) भन्ने करमा पनि आधा मात्र बुझाए पुग्छ भनी निगाहा गरिदिएकोछ।

जसले एक कार्षापण तिर्नुपर्थ्यो त्यसले अबदेखि आठ पण तिरे पुग्छ, जसले आठ पण तिर्नुपर्थ्यो त्यसले चार पण तिरे पुग्छ भन्ने उल्लेख यहाँ परेको छ। यस वर्णनबाट लिच्छविकालमा १६ पणको १ कार्षापण हुँदो रहेछ भन्ने थाहा पाइन्छ। यसबाट लिच्छविकालमा चलेका मुद्राको अलिकता परिभाषा खुल्न आएको छ।

लिच्छविकालका शिलालेखमा कार्षापण र पणबाहेक पुराण भन्ने एकथरी मुद्राको पनि ठाउँ-ठाउँमा उल्लेख पाइन्छ +।

लिच्छविकालका मुद्राहरू निकै मात्रामा भेट्टिएका छन् तथा भेट्टिदै गइरहेका छन्। यस अभिलेखमा मुद्राविषयको कुरा परेको हुनाले अहिले पाइएका लिच्छविकालका ती मुद्राहरूको संक्षिप्त परिचय यहाँ दिनु आवश्यक सम्झन्छु।

मानाङ्क, गुणाङ्क, वैश्रवण, अंशुवर्मा, पशुपति, जिष्णुगुप्त कुँदिएका ६ प्रकारका लिच्छविकालका मुद्रा प्राप्त भएका छन्। मानाङ्क मुद्रामा एकातिर श्रीमानाङ्क लेखिएको छ। अर्कोतिर श्रीभोगिनी भनी लेखिएको छ तथा पद्मासना लक्ष्मीको मूर्ति कुँदिएको छ। यो मानाङ्क मुद्रा प्रसिद्ध लिच्छवि राजा मानदेवको हो §। गुणाङ्क, वैश्रवण, पशुपति कुँदिएका मुद्रा कस कसका हुन् भन्ने कुरा टुङ्गो लाइसकेको छैन।

---

* 'गोयुद्धपताकावस्तुपुराण २५'
(नरेन्द्रदेवको अनन्तलिङ्गेश्वरको अभिलेखबाट)
[गोयुद्धको पताकाको लागि २५ पुराण]

+ उदाहरणको लागि अभिलेखसंग्रह पहिलो भागमा प्रकाशित अनन्तलिङ्गेश्वरको शिलालेख र पाँचौं भागमा प्रकाशित ज्ञानेश्वरको अभिलेख हेर्नुहोस्।

§ मानाङ्क मुद्रामा एकातिर कुँदिएको श्रीभोगिनी को हुन्? भन्ने कुरा धेरै कालसम्मन् नेपालको लिच्छविकालको इतिहासमा प्रश्नको रूपमा रहेर आएको थियो। यस विषयमा

अंशुवर्माका विभिन्न प्रकारका मुद्रा पाइन्छन् । तिनमा श्रचंशुवर्मा, महाराजाधिराजस्य श्रचंशोः लेखिएको छ । जिष्णगुप्तको टकमा 'श्रीजिष्णगुप्तस्य' भनी लेखिएको छ ।

अहिले पाइएका यी सबै मुद्राहरू तामाका छन्† । यताबाट लिच्छविकालका शिलालेखमा उल्लेख पाइएका पुराण, कार्षापण, पण के कस्ता हुन् भन्ने छुट्टिदैन ।

यसरी थानकोटको यस अभिलेखले लिच्छविकालको केही स्थितिलाई झल्काउँछ ।

............

# शमसुद्दीनको आक्रमण

**–धनवज्र वज्राचार्य**

नेपाल–उपत्यकाका प्रसिद्ध देवमन्दिरहरूका आसपासमा गएर यसो गहिरिएर हेरेको खण्डमा अनेक कलापूर्ण प्राचीन देवमूर्तिहरू खण्डित रूपमा रहेका देखापर्छन् । नेपालीहरूले आफ जुनसुकै सम्प्रदायका अनुयायी भए तापनि आफ्ना विरोधी सम्प्रदायका देवमूर्ति तोडेको उल्लेख नेपालको इतिहासमा पाइँदैन भने पनि हुन्छ+ । त्यसो भए ती अनेक प्राचीन मूर्तिहरू खण्डित रूपमा कसरी पुगे होलान् भन्ने तर्क साधारण मनुष्यमा नउठे तापनि जिज्ञासु मनुष्यको मनमा उठ्नु स्वाभाविक छ।

उदाहरणार्थ चाँगुनारायणस्थानलाई नै लिऊँ । त्यहाँ नेपालका प्रसिद्ध लिच्छवि राजा मानदेवले आफ्नो वर्णन लेखाई चाँगुनारायणको अगाडि गरुडध्वज ( गरुडसहितको स्तम्भ) राख्न लाएका थिए । यस्ता गरुडध्वज जहाँ पनि देवताको सामुन्ने रहेका पाइन्छन् । परन्तु मानदेवले राख्न लाएको सो स्तम्भ भने अहिले चाँगुनारायणको सामुन्ने रहेको छैन, चाँगुनारायणको मन्दिरसँग दायाँपट्टि रहेको छ। सो स्तम्भलेखको १९ श्लोकसम्म अहिले प्रकाशमा

---

इतिहासकारहरूले विभिन्न अडकल लगाएका थिए, परन्तु सूर्यघाटको मानदेवकी छोरी विजयवतीको अभिलेखले यस कुराको टुङ्गो लाइदिएको छ । त्यसमा मानदेवकी देवी (बडामहारानी) श्रीभोगिनी हुनुहुन्छ भन्ने उल्लेख परेको छ । यसबाट मानाङ्क मुद्रामा उल्लिखित श्री भोगिनी यिनै हुन् तथा मानाङ्क मुद्रा प्रसिद्ध लिच्छवि राजा मानदेवकै हो भन्ने कुरा पनि निश्चित भएको छ । (वि.सं. २०१८ चैत्र १० शुक्रवारको 'नेपालसमाचार'मा संशोधनमण्डलद्वारा प्रकाशित 'भोगिनी को हुन्? भन्ने लेख हेर्नुहोस् । )

† चापागाउँमा पाइएको 'श्रचंशुवर्मा' लेखिएको शीशाको एउटा टक श्रीदेवीप्रसाद भण्डारीज्यूसँग छ । शीशाको सो टक थासा जाँच्न ढालिएको हो कि भन्ने देखिन्छ । यस विषयमा पछि विचार गरिनेछ ।

+ वि. सं. १३६८ मा तिरहुतेहरूले नेपाल–उपत्यकामा आ मण गर्दा अन्त आगो लाउँदा देवलमा समेत आगो लाएका थिए । (पूर्णिमा ४ अङ्कको २६ पृष्ठ हेर्नुहोस् ।) समानधर्मावलम्बी भएर पनि देवमन्दिरमा आगो लाएको उल्लेख पाइएको यही एउटा हो ।

आएको छ । त्यति भागका अध्ययन गरी हेर्दा सो अभिलेख पूर्ण नभएको स्पष्ट थाहा पाइन्छ । कुरा लेख्दा लेख्दै अपूरै त्यसै छोडिएको त अवश्य होओइन होला । यसैले यसमा कुनै रहस्य लुकेको छ भन्ने शङ्का उठ्तछ । यति शङ्का मनमा लिई चाँगुनारायणको मन्दिरको आसपासमा दृष्टि दियौं भने यसको रहस्य केही अंशमा खुले जस्तो आभास पर्छ । किनभने चांगुनारायणको ठीक सामुन्ने एउटा स्तम्भलेखको डेढ हात जति भाग देखिन्छ यथा एउटा ठूलो गरुडको मूर्ति पनि त्यसै रहिरहेको देखापर्छ । सो खण्डित स्तम्भमा अहिले पनि केही अक्षर बांकी रहेछन् । त्यसको लिपि मानदेवको उपर्युक्त स्तम्भलेखको लिपिसंग ठीक मिल्छ तथा दुवैको मोटाइ चोडाइ आदि नापोमा पनि कत्ति फरक छैन । यताबाट सो खण्डित स्तम्भ र अर्को ठूलो स्तम्भ एउटै हो, कुनै उपद्रववश यो दुइ टुक्रा हुन पुगेको रहेछ भन्ने थाहा पाइन्छ तथा मानदेवले पहिले आफ्नो गरुडध्वज चाँगुनारायणको सामुन्ने नै राखेका थिए भन्ने पनि यताबाट सिद्ध हुन्छ । यत्रो ढुङ्गे खामो यसरी खण्डित अवस्थामा कसरी पुग्यो होला भन्ने खुल्दुली इतिहासरसिकहरूलाई हुनु स्वाभाविक छ ।

यसै गरी पशुपतिनाथ स्वयम्भूनाथको मन्दिरको आसपासमा प्राचीन मूर्तिहरू अङ्गभङ्ग भई रहेका देखता यसको कारण जान्ने इच्छा स्वभावतः उठ्छ ।

उपर्युक्त कुराको वि. सं. १४०६ मङ्सीर २२ गते* बङ्गालका सुलतान शमसुद्दीनले नेपाल—उपत्यकामा गरेको भयङ्कर आक्रमणसँग धेरै अंशमा सम्बन्ध छ । यस कारण यस मुसलमानी आक्रमणसँग परिचित हुनुपरेको छ ।

बाहिरबाट आक्रमण त्यसै हुँदैन, भित्रको कमजोरीले बाहिरबाट हुने आक्रमणलाई मौका दिन्छ । विक्रमको चौधौं शताब्दीको शुरूदेखि पन्ध्रौं शताब्दीको शुरूसम्ममा नेपाल—उपत्यकामा बाहिरबाट धेरै चोटि आक्रमण हुनामा यहांको भित्रको कमजोरी नै मुख्य कारण बनेको थियो । अधिकार हात लाउनाका लागि आफुस—आफुसमै हानथाप चलिरहेको हुनाले त्यस बेला देशरक्षाको लागि आवश्यक कुराको बन्दोबस्त मिलाउन सकेका थिएनन् × । यसै हुँदा त्यस बेला तिरहुतेहरूले, कर्णालीप्रदेशका खसहरूले नेपाल—उपत्यकामा गरेका अनेक आक्रमणबारेमा मैले केही लेखिसकेको छु । अहिले यहाँ पाइए जति सामानको आधारमा शमसुद्दीनको आक्रमणसम्बन्धी वर्णन पाठकको सामुन्ने राख्तैछु† ।

लिखित पुस्तकमा गोपालराजवंशावलीमा यस घटनाको वर्णन पाइएको छ । गोपालराजवंशावली यो आक्रमणभन्दा ४० वर्ष जतिपछि स्थितिमल्लको पालामा संग्रह गरी तयार गरिएको हो । त्यहांको यो आक्रमणसम्बन्धी वर्णन पढ्दा यसका रचयिता यस मुसलमानी आक्रमणको अनुभवी थिए भन्ने बुझिन्छ । यस कारण गोपालराजवंशावलीको वर्णन प्रामाणिक छ । सो वर्णन यस प्रकारको छ—

---

* गणना गरी गते ल्याइदिने काम देवीप्रसाद भण्डारीले गरिदिनुभएको हो ।

× 'पूर्णिमा' ७ अङ्कका १४–२१ पृष्ठ हेर्नुहोस् ।

† शमसुद्दीनको यो आक्रमण पत्ता लगाएको श्रेयः ऐ. शि. बाबुराम आचार्यलाई छ ।

" सम्वत् ४६९ वेशाषी पौर्णमास्यां श्रीश्रीराजाजयराजदेवेन श्रीपशुपतिभटारकस्य कोष प्रढोकितम् ॥ तनतरे पूर्व्व सुरतान समर्सदिनमागत्य नेपालम् श्रीपशुपति त्रिखण्डीकृता नेपाल स्मस्त भस्मीभवान् । हाहाभवन्ति लोकश्च ॥ सम्वत ४७० मार्गशिर शुदि ९ महाकष्ट भवामि भक्तापुरे॥"
(गो. रा. वंशावली २८ पत्रबाट)

"सं. ४७० मार्गशिर शुदि ९ स्मसदिन सुरतानलि वस्य समस्त डाहरपा दिन ७ माक्व॥"
(गो. रा. वं. ५२ पत्रबाट)

[ने. सं. ४६९ (वि सं. १४०६) वैशाख पूर्णिमामा राजा श्रीश्रीजयराजदेवले श्रीपशुपतिनाथलाई ढुकुटी चढाउनुभयो । यसपछि पूर्वतिरबाट सुलतान शमसुद्दीन नेपाल आई श्रीपशुपतिनाथलाई तीन टुक्रा पारयो । सारा नेपाल भस्म भयो । दुनियाँमा हाहाकार फैलियो । ने. सं. ४७० (वि. सं. १४०६) मार्ग शुक्ल नवमीको दिन भक्तपुरमा ज्यादै दुःख पाएं । ]

ने. सं. ४७० (वि. सं. १४०६) मार्ग शुक्ल नवमीको दिन सुलतान शमसुद्दिन आई ७ दिनसम्म सबैतिर डढायो । ]

शमसुद्दीनको आक्रमणले ध्वस्त पारेको ललितपुर पिंबहालको ठूलो चैत्यमा यो आक्रमणको चर्चा गरेको एउटा शिलालेख रहेको छ । त्यसको सारभाग यस प्रकारको छ—

"नेपालेतीतसंख्ये मुनिनगजलधौ वत्सरे चैत्रमासे
पक्षे शुक्लोत्तरस्य प्रवरगुरुदिने पुष्य ऋक्षे नवम्यां ।
योगे शूलाग्रसं(ज्ञे शुभ इ)ति गदिते बालवे चाधिकर्ण्णे
तस्मिन् श्रीचैत्यमूर्ति सकलजिनतनू येन सम्य(क्)प्रतिष्ठः ॥
श्रीमत्वर्जयनेन्यसुगतसुतसमं धर्मशास्त्रे प्रवर्त्तः
सिद्धेन्द्राद् ध्यानचंद्रात् समधिगतवर जागिकात् लक्षयज्ञे ।
सोयं श्रीमेघपालो भ(व)ति हि विजयी सर्वशत्रुनिहंता
यज्ञ धर्मेषु नित्यं लघुतनय इव सर्व्वभावे प्रवर्तः ॥
श्रुतानसामसदिनो यवनाधिराजः नेपालसर्वनगरं भश्मीक(रो)ति ।
तस्मिन् क्षणे पतितचैत्यमिदं च दृष्टवा जीर्ण्ण करोति नवकं वरपालसिंहः ॥
(संस्कृत-सन्देश १।१० मा यो प्रकाशित भएको छ ।)

[ ने. सं. ४७७ (वि. सं. १४१४) चैत्र शुक्ल नवमी तिष्यनक्षत्र शूलयोग बालवकरण बृहस्पतिवारको दिन जसले (मेघपालले) भगवान बुद्धको चैत्य र मूर्तिको प्रतिष्ठा गर्नुभयो ।

वज्रयानमा अर्का बुद्धपुत्र जस्ता, धर्मशास्त्रबमोजिम काम गर्ने, ठूला सिद्ध योगी ध्यानचन्द्रबाट लक्षहोममा वर पाएका यज्ञमा र धर्मकर्ममा रामचन्द्र जस्तै सर्वात्मना लागेका, सारा शत्रुलाई सखाप पारेका त्यस्ता उहाँ श्रीमेघपाल विजयी भइरहनुभएको छ ।

मुसलमानका राजा सुलतान शमसुद्दीनले सारा नेपाल शहर ध्वस्त पारयो । त्यही बेला यो चैत्य पनि ध्वस्त भएको देखेर असल पालहरूमा श्रेष्ठ (मेघपालले) जीर्णोद्धार गर्नुभयो । ]

स्वयम्भूमा रहेको शिलालेखबाट शमसुद्दीनको आक्रमणको विषयमा यसभन्दा बढ्ता कुरा पत्ता लाग्छ । सो शिलालेख आक्रमणको २३ वर्षपछि स्वयम्भूको पुनर्निर्माण गरी त्यसको संस्मरणका लागि कान्तिपुरका एक जना महापात्र राजहर्ष भल्लोकले राखेका थिए ।त्यसको सारांश यस प्रकारकोछ-

"आसीद्धर्मनिधिद्वयैकजलधिर्नेपालभूमण्डले
ख्यातः श्रीजयराजदेवनृपतिः तेनैव राज्ञीकृते।
तस्मिन्नेव विराजति स्म विमलः स्तूपो मुनेः केतनः
श्रीताह्ये शिखरि प्रसिद्धभुवने प्रस्थापितः पूर्व्वकैः ॥
सप्तत्याभ्यधिके श्रीमन्नेपालाब्दचतुःशते।
मार्गशीर्षे सिते पक्षे दशम्यां गुरुवासरे॥
सुरत्राणसमस्दीनो बंगालबहुलैर्बलैः।
सहागत्य च नेपालो भग्नो दग्धश्च सर्वशः॥
कालेन कियता धीमान्स राजा त्रिदिवङ्गतः।
एवं यवनदग्धस्तु स स्तूपोपि तथा स्थितः॥
श्रीजयार्जुनदेवेन सूनुना तस्य भूभृतः।
सम्पाल्यमाने नेपाले वीरनारायणेन तु॥
श्रीजयस्थितमल्लेन क्षत्ररत्नाकरेन्दुना।
पालिते तत्र कालेन बुद्धपुण्योदयेन च॥
श्रीकाष्ठमण्डपपुरी विमलातिरम्या तस्यां जयी वसति वीर्यगुणैरुदारः।
श्रीराजहर्ष इति सर्वजनप्रणीतः पात्रान्वयामृतकरः सुविशालकीर्तिः।
आदायाज्ञां द्वयो राज्ञोरिन्द्रोपेन्द्रसमानयोः।
सज्जीकृतं शुभोद्दिष्टं राजहर्षेण धीमता॥
पुनर्न्निर्मीयते स्तूपं धर्मधातुसमुद्भवम्।
अब्दे नेपालिकाङ्के नयननवयुगे चाश्विने पूर्णिमाया–
मृक्षे मासानुकारे सिततनयदिने योगसौकर्म्मणाख्ये।
स्तूपस्यास्य प्रतिष्ठा सकलशुभमयी कारिता तैः सुस्वर्ण–
छत्रारोहाविलक्षाहुतिमखविधिना श्रीयुतै राजहर्षैः।"

(संस्कृत-सन्देश १।१० मा यो प्रकाशित भएको छ *)

[दुवै धर्म (शैव र बौद्ध) मान्ने, नेपालका प्रख्यात राजा श्रीजयराजदेव हुनुहुन्थ्यो। उहाँ राजाले राज्य गरिरहनुभएको वेलामा संसारमा प्रख्यात श्रीस्वयम्भूको डाँडामा पहिले पहिलेकाले स्थापना गरिएका शाक्य मुनि (बुद्ध) को वासस्थान भएको स्तूप शोभायमान भइरहेथ्यो।

ने. सं. ४७० (वि. स. १४०६) मार्ग शुक्ल दशमी बृहस्पतिवारका दिन धेरै बंगाली फौज लिएर आई सुलतान शमसुद्दीनले नेपालमा सबैतिर भत्कायो, पोल्यो।

केही कालपछि बुद्धिमान् उहाँ राजा (राजदेव) स्वर्ग जानुभयो। यस्तो अवस्था परेको हुनाले मुसलमानले डढाएको त्यो स्तूप पनि त्यसै रह्यो।

---

* यो सामानको विशेष परिचय इतिहास-संशोधनको प्रमाण प्रमेयको २९५ पृष्ठमा हेर्नुहोस्।

उहाँ राजा(राजदेव)का छोरा वीरमा श्रेष्ठ श्रीजयार्जुनदेवले नेपालमा राज्य गरिरहनुभएको वेलामा, क्षत्रियकुलमा पैदा भएका श्रीजयस्थितिमल्लले पनि बुद्धका पुण्यको प्रतापले त्यही समयमा शासन गरिरहनुभएको वेलामा, राम्रो सफा श्रीकाष्ठमण्डप शहरमा पराक्रम र गुणले विजयी भएका उदार सबैले मानिएका पात्रवंशमा जन्मेका ठूलो कीर्ति भएका श्रीराजहर्ष बस्नुहुन्छ ।

इन्द्र र उपेन्द्र जस्ता दुवै राजाको (राजा जयार्जुनदेव र उपराज जयस्थितिमल्लको) आज्ञा लिई बुद्धिमान् राजहर्षले शुभ गर्ने बुद्धको यो स्तूप तयार पारी फेरि बनाइएको हो ।

ने. सं. ४९२ (वि. सं. १४२९) आश्विन शुक्ल पूर्णिमा अश्विनीनक्षत्र सुकर्मयोग बुधबारका दिन यो स्तूपको प्रतिष्ठा, गजूर चढाउने काम र लक्षहोम श्रीराजहर्षले गराउनुभयो ।]

विभिन्नकालमा विभिन्न ठाउँमा लेखिएका यी तीनै लेखमा एक मुख भई "नेपाल स्मस्त भस्मीभवान्, नेपाल सर्वनगरं भश्मीकरोति, भन्नो दग्धश्च सर्वशः" भनी लेखिएको हुनाले यो आक्रमण कति भयङ्कर तथा ध्वंसात्मक थियो भन्ने सोझै अनुमान गर्न सकिन्छ ।

यी तीन लेखमध्ये गोपालराजवंशावलीमा भक्तपुरमा भएको आक्रमणको मिति ने. सं. ४७० (वि. सं. १४०६) मार्ग शुक्ल नवमी र स्वयम्भूको शिलालेखमा बुद्ध चैत्य ध्वस्त पारेको मिति ४७० मार्ग शुक्ल दशमी बृहस्पतिवार दिइएको छ । ललितपुरको शिलालेखमा चाहिं आक्रमण भएको मिति दिइएको छैन, जीर्णोद्धार गरेको मिति मात्र दिइएको छ । तीनै लेखमा आक्रमक दलका नेताको नाउँ क्रमशः 'सुरतान समसदिन, श्रुतान सामसदिन, सूरत्राण समस्दीन' दिइएको छ । यिनको शुद्ध नाउँ पहिले हाजी इलियास र पछि बंगालका शासक बनेपछि सुलतान शमसुद्दीन हो❁ । यसैले यहाँ सबभन्दा वंशावलीमा दिइएको यिनको नाम धेरै शुद्ध छ । शिलालेखमा छन्द मिलाउन र मुसलमानी नाउँको संस्कृतीकरण गर्ने प्रयासले नाउँमा अलि अन्तर परेको देखिन्छ ।

बंगाल नेपालको पूर्वपट्टि पर्ने हुनाले बङ्गालबाट नेपाल पस्दा पूर्वको बाटोबाट पस्नु सुविधा पर्छ । यसैले यी सुलतान शमसुद्दीन पनि पूर्वतिरको बाटोबाट नेपाल-उपत्यकामा पसेका थिए । गोपालराजवंशावलीमा 'तनन्तरे पूर्व सुरतान...' भनी सुरतानको अगाडि लेखिएको पूर्व शब्दले पूर्व दिशालाई संकेत गरेको हो ।

यस वेला नेपालको राजधानी भक्तपुरमा भएको र पूर्वतिरबाट नेपाल-उपत्यकामा पस्दा बाटोमै पर्ने हुनाले शमसुद्दीनको आक्रमणको मार पहिले भक्तपुरमा पऱ्यो । विशाल फौज साथ आएका शमसुद्दीनको आक्रमण रोक्न सक्ने सैन्यशक्ति र रक्षाप्रबन्ध त्यस वेला यहाँ थिएन । यसो हुँदा यहाँका राजा प्रजा सारा सबदो आत्मरक्षा गर्नतिर मात्र लागेको देखिन्छ । यस कारण मुसलमानी सैन्यले भक्तपुरमा यथेच्छ लुटपीट गरी, देवमन्दिर भत्काई आगो लाइदियो । यसबाट हाहाकार मच्चियो ।

---

❁'भारतीय इतिहासका उन्मीलन'को ४०१ पृष्ठ हेर्नुहोस् ।

यसरी भक्तपुर शहर ध्वस्त पारेपछि भक्तपुरको आसपासका चाँगुनारायणस्थान + आदि प्रसिद्ध देवस्थलहरू भत्काउँदै बिगार्दै मुसलमानी सैन्य अगाडि बढ्यो। पशुपतिनाथको मन्दिर अघिदेखि प्रसिद्ध र धनसम्पत्तिले पूर्ण पनि थियो । यस कारण शमसुद्दीनको दलको आँखा पशुपतिनाथको मन्दिरमा पर्नु स्वाभाविक थियो । यहाँ रहेको धनसम्पत्ति लिई शमसुद्दीनको सैन्यले पशुपतिनाथको मूर्तिलाई समेत तीन टुक्रा पारिदियो । अरू देवमूर्तिहरूको पनि यही हालत गरायो ।

यसपछि कान्तिपुर शहरलाई ध्वस्त पारी शमसुद्दीनको सैन्य सिम्भूको डाँडोमा चढ्यो। सिम्भू अघिदेखि बौद्धमार्गीहरूको प्रसिद्ध पुण्यस्थल थियो । चैत्यभित्र नवरत्न सुन चाँदी राख्ने चलन हुँदा शमसुद्दीनको सैन्यले स्वयम्भूनाथको चैत्य भत्काएर खोदलेको देखिन्छ । अनि पाए जति धन लिई त्यहाँ आगो लाइदियो ।

त्यहाँपछि मुसलमानी फौज ललितपुरतिर लागेको देखिन्छ । ललितपुरको पनि त्यही दशा भयो। अग्ला अग्ला देवमन्दिर घर भत्किए, डढे ।

यसरी नेपाल—उपत्यकाका शासक र दुनियाहरूले शमसुद्दीनको सैन्यसंग सोझै मुकाबिला गर्न नसकेका र संरक्षणको लागि वनदुर्गभित्र पस्नु आदि मात्र गरेका हुनाले मुसलमानी सैन्यले निर्धक्कसँग नेपाल–उपत्यकाका तीनै शहर उजाड पार्ने अवसर पायो । अनि ७ दिनसम्म यहाँ बसी शमसुद्दीन फर्केर गए ।

यस आक्रमणले यहाँको शासनव्यवस्थामा चाहिं कुनै परिवर्तन भएन । राजगद्दीमा राजा राजदेव नै बसेका थिए । अधिकारचाहिं देवलदेवीकै पक्षको हातमा रह्यो† ।

मुसलमानी फौज फर्केर गएपछि फेरि यहाँका बासिन्दाहरू पूर्ववत् रहन लागे । बिस्तार बिस्तार भत्केका डढेका देवमन्दिर घरहरूको जीर्णोद्धार हुन लाग्यो । यस आक्रमणको सात वर्षपछि ललितपुर पिंबहालको ठूला चैत्यको जीर्णोद्धार महापात्र मेघपालले गरे । आक्रमणको ११ वर्षपछि वि. सं. १४१७ मा महामन्त्री जयसिंहरामले पशुपतिनाथको मूर्ति स्थापना गरे* । २३ वर्षपछि मात्र वि. सं. १४२९ मा स्वयम्भूनाथको चैत्यको पुनर्निर्माण गरियो । यसरी निकै वर्षपछि मात्र शमसुद्दीनको आक्रमणले गरेको क्षतिको केही पूर्ति हुन सक्यो ।

शमसुद्दीनको यो भयङ्कर आक्रमणको संझना पछिसम्म मानिसहरू गर्दै थिए । वि. सं. १६५२ मा शिवसिंहको पालामा स्वयम्भूको जीर्णोद्धार भएको थियो । यस जीर्णोद्धारको वर्णन लेखाई राखेको सिम्भूमा रहेको एउटा शिलालेखमा "तुर्कहरूको आक्रमणबाट बिग्रेको

---

+ शमसुद्दीनले चाँगुनारायणस्थान भत्काएको बिगारेको स्पष्ट उल्लेख त पाइएको छैन । तैपनि मानदेवको गरुडध्वज दुइ टुक्रा भएको, चाँगुनारायणको शिरोभागको पछि पछि जीर्णोद्धार गरेको उल्लेख पाइएको तथा नेपालमाहात्म्यमा यस विषयमा एउटा कथा पाइएको हुनाले शमसुद्दीनको आक्रमणको मार चाँगुनारायणस्थानमा पनि परेको थियो भन्ने अनुमान हुन्छ। यस विषयमा पछि विचार गरिनेछ ।

† 'पूर्णिमा' ७ अङ्कका १९–२० पृष्ठ हेर्नुहोस् ।

* "इतिहास–संशोधनको प्रमाण प्रमेय"का ९५–९६ पृष्ठ हेर्नुहोस् ।

यो चैत्यको अघि जीर्णोद्धार भएको थियो " भन्ने भाव परेको छ§ । श्री ५ पृथ्वीनारायण शाहको समयसम्म पनि यस आक्रमणको धुइरो धुइरो संझना रहेको देखिन्छ‡ ।

श्रीलुशिएनो पेटेकले ' मेडिइभल हिस्ट्री अफ् नेपाल ' मा शमसुद्दीनको आक्रमणको समय र त्यस वेलाको अवस्थाबारे एउटा विचित्र कल्पना गर्नुभएको छ । सो पुस्तक हाम्रो यहाँ उच्चकक्षाको पढाइमा पाठ्यपुस्तकको रूपमा रहेको हुनाले यहाँ त्यसको विचार गर्नु आवश्यक संझन्छु ।

उक्त पुस्तकको ११७ १२० पृष्ठमा ' दि इन्टररेग्नम् यॉन्ड् द मुस्लिम इन्भेझन् ' ( राजगद्दी खाली हुनु र मुसलमानी आक्रमण हुनु ) भन्ने शीर्षक हाली शमसुद्दीनको आक्रमण-बारेमा लेखिएको छ । राजगद्दी खाली भएको मौका पारी शमसुद्दीनले आक्रमण गरेका हुन् भन्ने सिद्ध गर्ने प्रयास त्यहाँ गरिएको छ† । यसका लागि पेटेकले सिम्भूको उपर्युक्त

---

§ " तिरस्कानां परिष्वङ्गादतिव्यथितमानसः ।
प्रतिष्ठामकरोद् भूपः स्तुपे वज्रगुरोः पुनः ॥ "
( संस्कृत–सन्देश २।४–५–६ मा यो प्रकाशित भएको छ । )

[ तुर्कहरूको छुवाइले ज्यादै मन दुखेका राजाले बुद्धको स्तूपको फेरि प्रतिष्ठा गर्नुभयो । ]

‡ पृथ्वीनारायण शाहले आफ्नो उपदेशमा "नेपालको किताप हेर्दा तुरकाना मग्रात मुगलाना हुन्यारहेछ र तुरकाना अघि भइगयेछ । मगरातको राजा मै हु······" भनी बोलेका छन् ।

पृथ्वीनारायण शाहले कान्तिपुर विजय गरेपछि लेखिएको, विशिष्ट ऐतिहासिक घटना टिप्न खोजिएको एक टिपोटे लेखमा पनि यस मुसलमानी आक्रमणको, चर्चा गरिएको छ–

" सं.३३३ पर्व र मुगल सुतां धाया राजा ओओ······ वाहाल दको मितल"
( संस्कृत–सन्देश १।१०-११-१२ मा यो छापिएको छ )

[ ने. सं. ३३३ मा पूर्वतिरबाट मुगल सुलतान भन्ने राजा आयो र······जम्मै बहाल-हरूमा आगो लाइदियो । ]

यहाँ ने. सं. ८८८ मा पृथ्वीनारायण शाहले कान्तिपुर विजय गरेपछि त्यही संवत् मा १११ वर्ष फरक पारी अड्कलले ऐतिहासिक घटना लेख्न खोजिएकोले शमसुद्दीनको आक्रमणको मिति मा १३७ वर्षको अन्तर परेको छ । तैपनि यसबाट त्यस वेलासम्म मुसलमानी आक्रमणको केही स्मरण थियो भन्ने झलिकन्छ ।

† "इन् अन्ह्याँपि नेपाल विदाउट् ए रूलर् यॉन्ड् थोर्न् बाइ डिसेन्शन्स् ए थन्डर्बोल्ट् फेल् फ्रम् द ब्लु स्काइ.······इन् मीनटाइम् दि ईस्टर्न सुरतान समसदिन ( सुलतान शम–सुद्दीन ) केम् टु नेपाल यॉन्ड्·····दि होल् अफ् नेपाल वाज् र्‍यावेजड बाइ फाइर् यॉन्ड् द पीप्ल् वेर् अन्ह्याँपि·····दिस् ह्याँपेन्ड् इन् ४६७ मार्गशिर शुक्ल १०, गुरु"
( उही, ११८—११९ पृ. )

[ शासक नभएको, कलहले थोत्रिएको, दुःखी नेपालमा एउटा वज्रपात भयो ।···· यस बीच पूर्बिया सुलतान शमसुद्दीन नेपाल आए र सारा नेपाल आगो लाई स्वाहा पारे । दुनियाँ दुःखी भए । ····यो घटना ने. सं. ४६७ ( वि. सं, १४०३) मार्ग शुक्ल दशमी बृहस्पतिवारका दिन भयो ]

शिलालेखमा रहेको आक्रमणको मिति भएको श्लोकका पाठ नै भिन्नै पढ्नुभएको छ। जस्तै–

" सप्तषष्टयाधिके श्रीमन्नेपालाब्दचतुःशते । "

यस पाठअनुसार ने. सं. ४६७ ( वि. सं. १४०३ ) मा शमसुद्दीनको आक्रमण भएको हुन जान्छ । वि. सं. १४०१ आश्विनमा अरिमल्लको मृत्यु भएपछि वि. सं. १४०४ श्रावणमा मात्र राजदेव राजगद्दीमा राखिएका थिए* । यसरी तीन वर्ष जति राजगद्दी खाली रहेको थियो । पेटेकले पढ्नुभएको पाठ ठीक भएको भए शमसुद्दीनको आक्रमण हुँदा यहाँ राजगद्दी खाली थियो भन्ने कुरा साँचो हुने थियो । परन्तु यसो लेख्नुभन्दा पहिले सिम्भूको सो शिलालेख माथिदेखि तलसम्म एकचोटि पनि नहेरेको बुझिन्छ । किनभने सिम्भूको शिलालेखमा " राजदेव राजा छँदा शमसुद्दीनको आक्रमण भयो, केही कालपछि राजा राजदेवको मृत्यु भयो, मुसलमानले ढ्ढाएको यो स्तूप त्यसै रह्यो, पछि राजदेवका छोरा राजा अर्जुनदेवको र उपराज स्थितिमल्लको आज्ञा लिई सो स्तूप बनाइयो " भन्ने कुरा स्पष्टसँग खुलाएर लेखिएको छ तथा सो शिलालेखमा आक्रमणको मिति भएको श्लोकमा " सप्तत्याभ्यधिके " भन्ने पाठ स्पष्ट देखिन्छ । त्यसको प्रतिलिपि§ यस प्रकारको छ––



स प्त त्या भ्य धि के

योबाहेक ने. सं. ४७० मा मुसलमानी आक्रमण भयो भन्ने कुरा गोपालराजवंशावलीको संस्कृत भाग तथा नेवारी भाग दुवै ठाउँमा स्पष्टसँग लेखिएको छ । गोपालराजवंशावलीको नेवारी भागको सवत्को उल्लेख उहाँले पनि गर्नु भएको छ । परन्तु 'शमसुद्दीनको यो अर्को आक्रमण भएको देखिन्छ ' भनी लेखी‡ उहाँले भूलमाथि भूल गर्नु भएको छ ।

यसरी गद्दी खाली भएको मौका पारी शमसुद्दीनले आक्रमण गरेका हुन् भन्ने देखाउने पूर्वाग्रहले गर्दा सामान पाईकन पनि श्रीलुशिएनो पेटेक यहाँनिर बहकिनुभएको स्पष्ट देखिन्छ ।

---

* ' इतिहास–संशोधनको प्रमाण प्रमेय ' का २३५–३६ पृष्ठ हेर्नुहोस् ।

§ यो प्रतिलिपि उतार्ने काम शङ्करमान राजवंशीले गरिदिनुभएको हो ।

‡ " दि डन्जर् फ्रम् द मुस्लिमस् ह्याड् नँट् येट् डिसअपीर्ड. शमसुद्दीन इलियास सीमस् टु ह्याभ् क्यारीड आउट् अनदर् रेड्, ह्विच् लास्टेड् ७ डेज्. दि डेट् अफ् दिस् इभेन्ट् इज् ४७० मार्गशिर शुक्ल ९."

(उही, १२२पृ.)

[ मुसलमानबाट खतरा अहिलेसम्म पनि हटेको थिएन । शमसुद्दीन इलियासले अर्को आक्रमण गरेको बुझिन्छ । यो आक्रमण सात दिनसम्म रह्यो । यो घटना ने. सं. ४७० (वि. सं. १४०६) मार्ग शुक्ल नवमीको दिन भएको हो ।]

क्रमागत

# यक्षमल्लका समयका निश्चित संवत र तिथिमितिहरू

–शङ्करमान राजवंशी

"वि. सं. १४९७ ज्येष्ठ १६ गते बुधवारको दिन यक्षमल्ल र जीवमल्लले आमा संसारदेवी-सहित भई भक्तपुर तौमढीटोलमा...देवताको (?) पादस्थापना गरे, गजूर चढाए तथा सुनधारा बनाए ।

(१३) श्रीजीवमल्ल इति यद्भुवि मण्डितश्रीः...
मातुः संसारदेव्याश्च जेष्ठपुत्रस्य धीमतः
कनेष्ठ...
धमणानेन भूयाद्दुरितमलहरं वाञ्छिता सिद्धिपूर्णा......
शून्ये स्कन्दमुखेन्द्रिसंख्यकशते नेपालसम्वत्सरे
जेष्ठे पाण्डरपक्षकान्तकतिथौ नक्षत्र...
योगे सुद्धिमते दिवा विधुसुते भास्वद्वृषे संस्थिते
कन्ये चन्द्रमसीति तत्र कृतवान् पूर्णा प्रतिष्ठाविधिः

...देशभाषा ।। श्रीश्रीजययक्षमल्ल प्रभु ठाकुरसं पादस्थापनया दिन गजुह्लि छासे पुल दयका लुयितिनों दयका...सम्वत् ५६० ज्येष्ठ सुदि १० बुधवार...

(वीरपुस्तकालयको संग्रहमा रहेको भ. पु. तौमढीटोलको धाराअगाडिको शिलालेखबाट)

[यस पुण्यकर्मले आमा संसारदेवीको, बुद्धिमान् जेठा छोरा (यक्षमल्ल) को, राम्रा कान्छा (छोरा) जीवमल्लको पाप हटोस्, मनोवाञ्छा पुगोस् ।

ने. सं. ५६० (वि. सं. १४९७) ज्येष्ठ शुक्ल दशमी बुधवार (उत्तरफाल्गुनी)नक्षत्र सिद्धियोगमा सूर्य वृष राशिमा, चन्द्रमा कन्या राशिमा भएका वेलामा विधिपूर्वक प्रतिष्ठा गरियो ।। अब देशभाषा । श्रीश्रीजययक्षमल्ल प्रभु ठाकुरले पादस्थापना गर्नुभएकै दिन गजूर चढाई छाना बनाउनुभयो, सुनको धारा पनि बनाउनुभयो । संवत् ५६० ज्येठ शुदि १० बुधवार]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं ५६० वि. सं. १४९७ ज्येष्ठ शुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ १६ | बुध | दशमी | ५१।३५ | उ. फा. | २८।२६ | वज्र | ८।४० |

शिलालेखमा सिद्धियोग भनेको छ । गणना गर्दा वज्रयोग ८ घडी ४० पलामा आउँछ, त्यस पछि सिद्धियोग लाग्छ ।

श्रीपेटेकले आफ्नो नेपालको मध्यकालको इतिहासको १६२ पृष्ठमा यो अभिलेखको उद्धरण यसरी गर्नुभएको छ ।

"सम्वत् ५६१ ज्येष्ठ सुदि १० बुधवार...जययक्षमल्ल जयजीवमल्ल"...

यहाँ पेटेकज्यूले संवत्को अङ्क ५६१ पढ्नुभएको छ, त्यो अशुद्ध हो ।

"वि. सं. १४९८ मा यक्षमल्ल र जीवमल्लका पालामा चान्द्रव्याकरण सारिसिद्धियो ।"

(१४) नेपालाब्दगते मृगाङ्करसयनेछाय (?)पञ्चवाणायुध (५६१)···श्रीश्रीपशुपतिचरणारविन्दार्चनपरायणरिपुराजदैत्यत्रिपुरासुरमानविनिर्जित श्रीश्रीसंसारतारिणीगौरीश्वरश्रीमहेश्वरावतार श्रीलक्ष्मीनारायणश्रीश्रीजययक्षमल्लदेवानुजश्रीश्रीजयजीवमल्लदेव सहेव विजयराज्ये

(चान्द्रव्याकरणबाट)

[ने. सं. ५६१ (वि. सं. १४९८) श्रीश्रीपशुपतिका चरणकमलको पूजा गर्ने शत्रु राजारूपी दैत्य त्रिपुरासुरको घमण्डलाई तोड्ने संसारलाई तार्ने श्रीश्रीगौरीश्वर महेश्वरका अवतार भएका श्रीलक्ष्मीनारायण श्रीश्रीजययक्षमल्लदेव र भाइ श्रीश्रीजयजीवलल्लदेवको विजयराज्यमा]

"वि. सं. १५०१ आषाढ ४ गते आइतवारको दिन यक्षमल्लका पालामा काठमाडौंका अमात्य पात्र राजसिंहपाल भल्लोकको लागि कुब्जिकापूजा सारिसिद्धचाइयो ।"

(१५) इति कुमारीपूजनविधिःसमाप्तः ॥···संवत् ५६४ ज्येष्ठशुक्लपूर्णमास्यायाम् जेष्ठनक्षेत्रे शुभयोगे आदित्यवासरे संपूण्ण कृतमिति ॥ राजाधिराजश्रीश्रीपरमेश्वरपरमभट्टारकश्रीश्रीजयजक्षमल्लदेवस्य विजयराजे । काष्ठमण्डपाधिवासिन श्रीनागवण्णमहाविहारोद्भवअमात्यपात्रश्रीराजासिंहपाल भल्लोकस्य स्वार्थहे(तु)ना । एतत् लिषितम् ··· ···

(वीरपुस्तकालय ते. नं ९६ को कुब्जिकापूजा कुमारीपूजापर्यन्तबाट)

[कुमारीपूजाविधि सिद्धियो ।।······ने. सं. ५६४(वि. सं. १५०१)ज्येष्ठ शुक्ल पूर्णिमा आइतवार ज्येष्ठानक्षत्र शुभयोगका दिन पूरा गरियो । राजाधिराज श्रीश्रीपरमेश्वर परमभट्टारक जययक्षमल्ल देवको विजयराज्यमा । काष्ठमण्डपमा बस्ने श्रीनागवर्णमहाविहारका अमात्य पात्र श्रीराजसिंहपाल भल्लोकको लागि लेखिसिद्धियो । ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ५६४ वि. सं. १५०१ ज्येष्ठ शुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| आषाढ ४ | आदित्य | पूर्णिमा | ४८।२६ | ज्येष्ठा | ३१।४६ | शुभ | ४६।५ |

"वि. सं. १५०१ फाल्गुनमा यक्षमल्लको पालामा अभयराजले सुबन्तरत्नाकर सारिसिध्याए।"

(१६) संवत् पञ्चरसबाण फाल्गुन... ... यक्षमल्लराज्ये

(इण्डिया अफिसमा रहेको सुबन्तरत्नाकरबाट)

[ने. सं. ५६५ (वि. सं १५०१) फाल्गुन यक्षमल्लको विजयराज्यमा] †

"वि. सं. १५०४ ज्येष्ठ १९ गते सोमवारको दिन यक्षमल्लका पालामा ललितपुर बालकुमारी स्थानमा सरस्वतीको स्थापना गरियो ।"

---

† यो कुरो कीथको 'क्याट्लग् अफ दि संस्कृत यान्ड् प्राकृत म्यानुस्क्रिप्ट्स् इन् दि लाइब्रेरी अफ दि इण्डिया अफिस' दोस्रो भागको १४४३ पृष्ठमा उल्लेख भएको छ भनी पेटेकको नेपालको मध्यकालको इतिहासको १६२ पृष्ठमा लेखिएको छ । त्यहाँ उद्धरणचाहिं जम्मै दिइएको छैन ।

(१७) श्रीयक्षमल्लो भूपोऽस्ति नेपाले तेन पालिते
स्थापिता सारदा देवी ललितापुरप्राग्दिशि
त्रिभिः प्रधानैः पात्रैश्च पालितो ललितापुरः
श्रीमान् मणिकुमारोऽत्र भाति सप्तकुटुम्बकैः
संवद्भूधरषण्महेशवदनेतीते च नेपालिके
ज्येष्ठे शुक्लहुताशनाख्यतिथिके वारे हिमांशोः शुभे
ऋक्षे सन्मृगशीर्षके वरधृतौ योगे वृषस्थे रवौ
लोकैर्विंशतिभिः कृता मखवरे श्रीसारदास्थापना

(पाटन क्वाछें बालकुमारीस्थानको अभिलेखबाट)

[राजा श्रीयक्षमल्लले नेपालमा राज्य गरिरहनुभएको वेलामा ललितपुरको पूर्वपट्टि सरस्वतीदेवीको स्थापना गरियो । यस वेला ललितपुरको शासन सप्तकुटुम्बज तीन महापात्रहरूले चलाइरहनुभएको छ । यस ललितपुरमा श्रीमणिकुमार (स्वामिकार्तिक) सुहाइरहनुभएको छ । ने. सं. ५६७ (वि. सं. १५०४) ज्येष्ठ शुक्ल प्रतिपदा सोमवार मृगशिरा नक्षत्र धृति योगमा सूर्य वृष राशिमा बसेमा २०जना मिली यज्ञ गरीकन सरस्वतीको स्थापना गरियो ।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं ५६७ वि. सं. १५०४ ज्येष्ठ शुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ १९ | सोम | प्रतिपदा | ५५।३१ | रोहिणी | २३।५४ | धृति | ५१।३६ |

स्पष्टसूर्य १।१७।४८।१२

"वि. सं. १५०४ ज्येष्ठ २२ गते बृहस्पतिवारको दिन यक्षमल्लको पालामा पाटन मूबहालमा घण्टा चढाइयो ।"

(१८) सम्वत् ५६७ ज्येष्ठ शुक्ल तृतीया प्र. चतुर्थ्यायां तिथौ पुनर्व्वसु नक्षत्रे वृद्धि-योगे बृहस्पतिवासरे ॥ थ्व दिन कुन्हु ॥ श्रीगवर्म्म पिंथवहार महाविहारस···श्रीमत श्रीश्री वज्रसत्व तथागत भटारकस··· ··अहोरात्र महाजग्य याङन···घंठवहृ···थाप्रपात जुरो ॥ राजाद्धिराज श्रीश्रीजयजक्षमल्लदेवस्य विजयराज्ये ॥

(पाटन पिंबहालसंगैको मूबहालको भित्तामा रहेको अभिलेखबाट)

[ने. सं. ५६७ (वि. सं. १५०४) ज्येष्ठ शुक्ल तृतीया उप्राप्त चतुर्थी बृहस्पतिवार पुनर्वसु नक्षत्र वृद्धियोगमा, यो दिन श्रीगबर्म्म पिंथबहाल महाविहारमा···श्रीश्रीश्रीवज्रसत्त्व तथागत भट्टारकलाई······अहोरात्र महायज्ञ गरी···घण्टा···चढाइयो । राजाधिराज श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा ।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ५६७ वि. सं. १५०४ ज्येष्ठशुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ २२ | बृहस्पति | तृतीया | ४।५४ | पुनर्वसु | ४२।२१ | वृद्धि | ५६।२ |

यस अभिलेखलाई पेटेकले यसरी पढ्नुभएको छ—


नमो रत्नत्रयाय । स्वस्ति । श्रीनेपालिकसम्वत् ५४७ ज्येष्ठ शुक्ल तृतीया प्र चतुर्थ्यायां तिथौ पुनर्व्वसुनक्षत्रे वृद्धियोगे बृहस्पति……राजाधिराजश्रीश्रीजयजक्षमल्लदेवस्य विजयराजे ।

(उही १६१ पृष्ठ)

यहाँ पेटेकले गणनामा योग मिल्दैन भन्नुभएको छ । उहाँले संवत् अशुद्ध पढ्नुभएको छ, त्यसैले गणना नमिलेको हो । सो संवत्को अङ्क यस्तो छ–



यस शिलालेखमा रहेका अङ्कहरू सुमतितन्त्रनामक ताडपत्रमा लेखिएको पुस्तकका अङ्कसंग मिल्छन् । यसबाट माथिको शिलालेखको संवत्को दशस्थानी अङ्क ६ हो, ४ होइन भन्ने स्पष्ट हुन्छ । त्यहाँ दिइएका ४ र ६ को अङ्क यस प्रकारका छन्–




यस कारण पेटेकले पढ्नुभएको संवत् ५४७ अशुद्ध हो, शुद्ध ५६७ हो । उहाँले ६ लाई ४ पढ्नुभएको छ ।

"वि. सं. १५०४ भाद्र ७ गते आइतवारको दिन यक्षमल्लको पालामा कातन्त्रव्याकरण सारिसिद्धियो ।"

(१९) सम्वत् ५६७ श्रावणकृष्णदशम्यायां तिथौ आदित्यवासरे सम्पूर्ण कृतमिदं पुस्तकम् ॥ राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजययक्षमल्लदेवविजयराजे ॥

(केसरपुस्तकालय नं. ५८९को कातन्त्रव्याकरणबाट)

[ने.सं.५६७ (वि.सं. १५०४) श्रावण कृष्ण दशमी आइतवारको दिन यो पुस्तक पूर्ण गरियो । राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५६७ वि. सं. १५०४ श्रावण कृष्ण (पूर्णान्तिमानबाट भाद्र कृष्ण)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| भाद्र | ७ | आदित्य | दशमी | २१।३७ |

"वि. सं. १५०७ कार्तिक १८ गते शनिवारको दिन यक्षमल्लको पालामा मयरामले भक्तपुरमा विष्णुमूर्ति स्थापना गरी एकादशीमाहात्म्य सारिसिद्धयाए ।

(२०) एकेहस्करवाहनेन्द्रियविधे नेपालसम्वत्सरे
मासे कार्तिकशुक्लविश्वतिथिगे भे पूर्व्वभद्राह्वये
वारे भास्करिसंगमे गतवति श्रीविष्णु सम्यक् कृत
संपूर्णामभवत्सयज्ञविधिना एकादशी श्रद्धया…
दिग्दिग्मण्डलवैरियूथशकलारण्यस्थलीदाहन
ओजःस्फीतगुणेन कीर्त्तिधवलश्चन्द्रांशुवद्विस्तरः
सोयं श्रीजययक्षमल्लनृपतिर्न्नेपालभूमण्डनो
राज्ये तस्य महोदये जनपदे भक्तापुरीपट्टने…
मयराम इति सन्तो विष्णु व्याख्यानमालिखेत्

( वीरपुस्तकालय प. नं. १५५९ को एकादशीमाहात्म्यबाट )

[ने. सं. ५७१ (वि. सं. १५०७) कार्तिक शुक्ल एकादशी शनिवार पूर्वभाद्र नक्षत्रका दिन श्रद्धाले विधिपूर्वक यज्ञ गरी राम्ररी विष्णुमूर्ति बनाएर एकादशीमाहात्म्य पूर्ण गरे।

दिशादिशाका शत्रुसमूहरूपी जङ्गललाई डढाउने, बलिया, गुणी, चन्द्रमाको किरण झैं स्वच्छ कीर्ति फैलिएका नेपाल भूमिलाई सिंगार्ने उहाँ श्रीजययक्षमल्ल राजा हुनुहुन्छ। उहाँको उदय भएको राज्यमा भक्तपुर शहरमा सज्जन मयरामले एकादशीमाहात्म्य सारे।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५७१ वि. सं. १५०७ कार्तिक शुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला |
|---|---|---|---|---|---|
| १८ | शनि | एकादशी | १८ । ४० | पूर्वभाद्र | १७ । १६ |

"वि. सं. १५०९ वैशाख ६ गते शुक्रवारको दिन यक्षमल्लको पालामा किल्लारक्षक हृदयराम मुलमीको समयमा लुभु नारायणमन्दिरमा गजूर र ध्वजा चढाइयो।"

(२१) सम्वत् ५७२ चैत्रशुक्लएकादश्यां तिथौ ॥ मघनक्षत्रे ॥ वृद्धियोगे ॥ शुक्रवासरे ॥ श्व दिन कोह्न ॥ प्यह्न यज्ञयाङ गजुडिनो ध्वजानो छाया ॥ श्रीश्रीजययक्ष मल्लदेवठाकुरस विजयराजस ॥ कोटनायक ह्लेदयराम मुलमीस प्रज्यायस ॥

( वीरपुस्तकालयको संग्रहमा रहेको ल. पु. इ. लुभु कोलाछिटोल नारायणमन्दिरको अभिलेखबाट )

[ने. सं. ५७२ (वि. सं. १५०९) चैत्र शुक्ल एकादशी शुक्रवार मघानक्षत्र वृद्धियोगका दिन चार दिन यज्ञ गरी गजूर र ध्वजा चढाइयो। श्रीश्रीजययक्षमल्लदेवठाकुरको विजयराज्यमा। किल्लारक्षक हृदयराम मुलमीको पालामा।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५७२ वि. सं. १५०९ चैत्र शुक्ल

| गतें | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| वैशाख ६ | शुक्र | एकादशी | ३८ । ७ | मघा | २३ । १९ | वृद्धि | ५८ । १४ |

"वि. सं. १५०९ माघ २१ गते मङ्गलवारको दिन यक्षमल्लको पालामा साँगामा भीमदत्तवर्माले गणेशमूर्ति स्थापना गरे।"

(२२) ॐनमः श्रीमनविनायकायः ॥ श्रीनेपालमण्डलप्रभुः श्रीश्रीजयजक्षमल्लदेवस्य विजयराज्ये श्रीश्रेंगिरापुरीस्थाने जजमानभीमदत्तवर्म्मणेन स्वभार्यासहितनः श्रीश्रीश्रीगणेश्वर(देव) थाप्न कृतः॥ सम्वत् ५७३ माघशुक्लषष्ठम्यायां तिथौ रेवतिनक्षत्रे शिद्धियोगे अंगारवासरे पुत्रपौत्रलक्ष्मीवृद्धिरस्तु ॥ श्रीगुरु आचार्य्य श्रीजीवराजजुस ॥...

(भ. पु. इ. साँगाको गणेशमूर्तिको पादपीठको अभिलेखबाट)

[ ॐ श्रीगणेशलाई नमस्कार। श्रीनेपालमण्डलका राजा श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा श्रीभृङ्गिरापुरीस्थान(साँगा)मा जजमान भीमदत्तवर्माले आफ्नी स्वास्नीसहित भई श्रीश्रीश्रीगणेश्वर देवता स्थापना गरे। ने. सं. ५७३ (वि. सं. १५०९) माघ शुक्ल षष्ठी मङ्गलवार रेवतीनक्षत्र सिद्धियोगमा। छोरा नाती र सम्पत्तिको वृद्धि होस्। श्रीगुरु आचार्य श्रीजीवराजज्यू।...]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५७३ वि. सं. १५०९ माघ शुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| माघ २१ | मंगल | षष्ठी | २६।७ | रेवती | १४।६ | साध्य | २७।४४ |

अभिलेखमा सिद्धियोग छ। गणनाबाट सिद्धियोग आउँदैन।

"वि. सं. १५१० ज्येष्ठ ३० गते शनिवारको दिन यक्षमल्लको पालामा अब्दप्रबोध भोजदेवसंग्रह सारिसिद्धियो।"

(२३) श्रीभोजदेवसङ्ग्रह समाप्तः। राजाधिराजपरमेश्वरपरमभट्टारकभास्करकुलःश्रीश्रीजययक्षमल्लदेवस्य विजयराज्ये श्रेयोस्तु। श्रीनेपालसंवत्सर ५७३ ज्येष्ठकृष्ण चतुर्थ्यां शनैश्चरवारे उत्तराषाढापरतःश्रवणनक्षत्रे ऐन्द्रयोगे तस्मिन्दिवसे लेख समाप्तिमगात्।

[राष्ट्रियपुस्तकालय नं. ७०२को अब्दप्रबोध भोजदेवसंग्रहबाट]

[ श्रीभोजदेवसंग्रह सिद्धियो। राजाधिराज परमेश्वर परमभट्टारक सूर्यवंशी श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा। कल्याण होस्। ने. सं. ५७३ (वि. सं. १५१०) ज्येष्ठ कृष्ण चतुर्थी (पूर्णान्तमानले आषाढ कृष्ण चतुर्थी) शनैश्चरवार उत्तराषाढा उप्रान्त श्रवण नक्षत्र ऐन्द्रयोगको दिन लेख सिद्धियो।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५७३ वि. सं. १५१० ज्येष्ठ कृष्ण (पूर्णान्तमानले आषाढ कृष्ण)

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ ३० | शनि | चतुर्थी | ४५।५८ | उत्तराषाढा | १४।३० | ऐन्द्र | ५३।२५ |

"वि. सं. १५१० श्रावण ७ गते बृहस्पतिवारको दिन यक्षमल्लको पालामा ज्योतिषी अभयसिंहले नित्याह्निकतिलक सारि सिद्धचाए।

(२४) श्रीश्रीजयजक्षमल्लदेवस्य विजयराज्ये श्रीमन्नेपालिक श्रेयोऽस्तु संवत् ५७३ आषाढ कृष्णचतुर्द्दश्यां बृहस्पतिवासरे। लिखितमिदं नित्याह्निकतिलकपुस्तकं। श्रीमत्ब्रह्मपुर्य्याधिपति-

द्विजकुलोत्तमश्रीद्विजब्रघ्नसोमशर्मणार्थे धार्डेसिकोगृहे वासिन दैवज्ञ अभयसिहेन लिखितमिति
(वीरपुस्तकालय ते. नं. ३८४को नित्याह्निकतिलकबाट)

[श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा ने. सं. ५७३ (वि. सं. १५१०) आषाढ कृष्ण चतुर्दशी बृहस्पतिवारमा यो नित्याह्निकतिलक पुस्तक लेखियो। श्रीब्रह्मपुरीका अधिपति ब्राह्मण-कुलमा श्रेष्ठ भएका ब्राह्मण श्रीब्रघ्नसोमशर्माको निमित्त धालसिको भन्ने ठाउँमा बस्ने ज्योतिषी अभयसिंहले सारे।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५७३ वि. सं. १५१० आषाढकृष्ण (पूर्णान्तिमानले श्रावणकृष्ण)

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| श्रावण ७ | बृहस्पति | चतुर्दशी | ४१।५२ |

# जगच्चन्द्र

–भोलानाथ पौडेल

वि. सं. १७०० देखि १७२९ सम्म भक्तपुरमा जगत्प्रकाश मल्लको शासन चलेको थियो। यस बीच भएका थाहा पाइने जति कुरा पूर्णिमाको छैटौं अङ्कमा मैले लेखेको थिएं। जगत्प्रकाश मल्लको शासनकालको उत्तरार्धमा आएर एक जना व्यक्तिले भक्तपुरको इतिहासमा महत्त्व-पूर्ण स्थान ओगटेका थिए। ती हुन् मन्त्री चन्द्रशेखरसिंह। यी चन्द्रशेखरसिंहको ठीक परिचय नपाउञ्जेल यस वेलाको भक्तपुरको इतिहास अधुरो नै रहनेछ। परन्तु यिनको यथावत् परिचय पाउने साधन भेट्टिसकेको छैन। खौमा टोलको जगत्प्रकाशको अभिलेखबाट चन्द्रशेखरले जगत्प्रकाशलाई कन्यादान दिएका थिए भन्ने कुरा थाहा पाइन्छ卐। जगत्प्रकाश मल्ल र चन्द्रशेखर-सिंहको नाताबारे थाहा पाइएको यत्ति नै हो। यसबाट चन्द्रशेखर जगत्प्रकाश मल्लका ससुरा वा जेठान पनि हुन सक्छन् अथवा चन्द्रशेखरले कुनै केटी खोजी ल्याई जगत्प्रकाश मल्ललाई कन्यादान दिएको पनि हुन सक्तछ। यसरी कन्यादान दिएको यस उल्लेखबाट पनि जगत्प्रकाश र चन्द्रशेखरसिंहको निश्चित नाता टुङ्गो लाउन सकिंदैन। निश्चित नाता पत्ता लाउन अझ अर्को सामानको प्रतीक्षामा रहनुपरेको छ।

यस निबन्धमा चन्द्रशेखरसिंहले जगत्प्रकाश मल्लको पालामा भक्तपुरको इतिहासमा लिएको स्थानलाई प्रकट गर्ने एक महत्त्वपूर्ण विषयमा केही प्रकाश पार्ने चेष्टा गर्दैछु।

ने. सं. ७८२ को एउटा सुकीमा एकातिर जगत्प्रकाश मल्लको र अर्कोतिर चन्द्रशेखरसिंहको

---

卐 पूर्णिमा ५ अङ्कको २३ पृष्ठ हेर्नुहोस्।

नाउँ कुँदिएको पाइएको छ ×। राजाको सँगसँगै टकमा नाउँ कुँदाएको ❀ यस घटनाले चन्द्रशेखरसिंहले जगतप्रकाश मल्लउपर पारेको प्रभावलाई प्रकट गर्छ । पछि वि. सं. १७२३ को खौमा टोलको अभिलेखमा राजा जगतप्रकाश मल्लको मुखबाट "मोरि जिवतुल चन्द्रशेखरसिंह" [मेरा प्राणतुल्य चन्द्रशेखरसिंह] भन्ने बोली निकालिएको छ । यसबाट चन्द्रशेखरको जगतप्रकाश मल्लउपर प्रभाव बढ्दै गएको थियो भन्ने सङ्केत पाइन्छ । पछि चन्द्रशेखरसिंहको प्रभाव झन् झन् बढ्दै गयो र 'जगच्चन्द्र' का रूपमा उनी राजासंगै एक भएर रहन लागे । यो कुरा तात्कालिक नाटक सालिग शिलालेख आदि अनेक कुराबाट थाहा हुन आएको छ । यस विषयमा अब प्रमाणको उल्लेखसाथ यहाँ विचार गरिन्छ ।

'जगच्चन्द्र' यो पद जगतप्रकाश मल्लको नाउँको अगाडिको पद 'जगत्' र चन्द्रशेखरसिंहको नाउँको अगाडिको पद 'चन्द्र'लाई मिलाई बनाइएको हो । यस कुरालाई तल उद्धृत गरिने प्रमाणहरूले स्पष्ट गर्छन् ।

वीरपुस्तकालयमा राजा जगतप्रकाश मल्लले बनाएको 'मूलदेवशशिदेवव्याख्यान' भन्ने नाटक रहेको छ । त्यसमा राजवर्णना देशवर्णना आदि कुरा पनि परेका छन् । भक्तपुरमा त्यस वेला शासन गर्ने राजाका रूपमा जगतप्रकाश मल्लकै उल्लेख त्यहाँ परेको छ । तर बीच बीचमा जगच्चन्द्रको पनि उल्लेख आएको छ । त्यहाँ रहेको नान्दीश्लोक ( मङ्गलाचरणको श्लोक ) जगच्चन्द्रले गाइएको हो । दुइ व्यक्तिमा अतिशय प्रेम भएको हुनाले 'जगच्चन्द्र' यो पद तलेजुले दिएको हो भन्ने उल्लेख त्यस नाटकमा परेको छ । नाटकको अन्त्यमा जगतप्रकाश र चन्द्रशेखरसिंहको स्पष्ट नामोल्लेख पनि भएको हुनाले 'जगच्चन्द्र'का रूपमा रहेका ती दुइ

---

× चन्द्रशेखरसिंह (चाँदशेखरसिंह)को सबभन्दा पहिलो उल्लेख राजा जगतप्रकाशले वि. सं. १७१७ मा बनाएको "गीतावली" पुस्तकमा भएको पाइन्छ । सो यस प्रकारको छ —

जगतप्रकाश रससूचि भाने चादसेखरसिंह एहि रस जाने...... ।
नेपालीयमते गते वियदिभक्षोणीधरैरङ्किके
श्रावण्यां धनभे ऽतिगण्डसहिते वारे प्रशस्ते भृगौ
श्रीमानेष जगत्प्रकाशनृपतिर्गान्धर्वविद्यागुरुः
सुप्रीत्यै गुणिनां चकार ललितं गीतावलीपुस्तकम् ।

(राष्ट्रियपुस्तकालयमा रहेको हस्तलिखित ३१५४ सं. को पुस्तकबाट)

[जगत्प्रकाश मल्लले वर्णन गरेको रसको सूचीको रस चन्द्रशेखरसिंह जान्दछन् । ने.सं.७८०(वि.सं. १७१७) श्रावण शुक्ल पूर्णिमा शुक्रवार धनिष्ठा नक्षत्र अतिगण्ड योगमा नाच गानमा सिपालु राजा जगतप्रकाश मल्लले गुणीहरूलाई खुशी पार्न गीतावली पुस्तक बनाइसिध्याउनुभयो । ]

यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ —

ने. सं. ७८० वि. सं. १७१७ श्रावण शुक्ल

| गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|
| भाद्र १० | शुक्र | पूर्णिमा | ४४।२२ | धनिष्ठा | ३३।४ | अतिगण्ड | ४९।३० |

❀ पूर्णिमा ५ अङ्कको २३ पृष्ठ हेर्नुहोस् ।

व्यक्ति जगत्प्रकाश र चन्द्रशेखर हुन् भन्ने कुरा यताबाट थाहा पाइन्छ । सो नाटकको अन्तिम अंश यस प्रकारको छ—

जगतचन्दन धाव ह्लपा हारे नान्दि मे, जगत मोहलपे आव,
आदि भवानिया तुतेतलस नेह्म वासयाय छेन दयकाव ॥
जगतचन्द पद तलेजुन बीव नेह्मस पिरितिन जगतन सेव ॥

अओ परमेश्वर ब्रह्मा विष्णु महेश्वरन सेवलपाव तथा तलेजु, थ्वस कृपान श्रीश्रीजयजगत्प्रकाशमल्लदेव राजान राज्य भोग याङ बिज्याक ॥··· अओ परमेश्वर अनेक प्रकार राजा दले, न्यायनीति धर्मस श्रीश्रीजगत्प्रकाश राजाओ समान मदु ॥...

जगतप्रकाश आस कएल तोहर, चन्द्रशेखरसिंह भाए,

इति श्रीश्रीजगत्प्रकाशकृतं मूलदेवशशिदेवव्याख्याननाटकं शुभम् [1]

[जगच्चन्द्रले उठानमा गाएको नान्दी (मङ्गलाचरणको) गीतले जगत्लाई आनन्द देओस् । आदि भवानी (तलेजु)को चरणको मनि स्थान पाई हामी दुइले वास पाऔं··· ···दुवै जनाको गाढा प्रेम भएको हुनाले तलेजु भवानीले 'जगच्चन्द्र' पद दिनुभएको हो । यो सबैलाई थाहै छ ।······हे परमेश्वर ब्रह्मा विष्णु महेश्वरले सेवा गरिनुभएका तलेजुका कृपाले श्रीश्रीजयजगतप्रकाश मल्ल राजाले राज्य गरिरहनुभएको छ ।··· हे परमेश्वर अनेक थरीका राजा हुन्छन् । न्यायनिसाप धर्मकर्म आदिमा श्रीश्रीजयजगतप्रकाश मल्ल जस्ता राजा अरू पाइंदैनन् ।··· ···चन्द्रशेखरको असल होस् भनी जगत्प्रकाश आशा गर्नु हुन्छ । ··· ···श्रीश्रीजयजगतप्रकाश मल्लले बनाउनुभएको मूलदेवशशिदेव-व्याख्यान नाटक समाप्त भयो ]

भक्तपुर भैरवमन्दिरमा रहेको 'जगच्चन्द्र' को सालिगले[2] यस विषयमा अझ बढ्ता प्रकाश पार्छ । यस कारण त्यसमा दृष्टि दिनुपरेको छ । सो आकाशभैरवको मन्दिरको चोटामा भैरवको अगाडि दायाँपट्टि सबभन्दा छेउमा भैरवपट्टि नै फर्केको एक जोडा सालिग छ । उक्त सा लिग र त्यसको आसन पनि धलौटकै छ । एउटै आसनमा जामा पगरी लाएका ढाल तरबार भिरेका कम्मरमा छुरी जस्तो हतियार भिरेका घुँडा मारेका दुइटा सालिग छन् । ती दुवै सालिगका अजुलीमा बत्ती बाल्ने दिया छन । तिनमा दायाँपट्टिको सालिग ठूलो छ । त्यसको आकार प्रकार हेर्दा कम उमेरको देखिन्छ । उसको बायाँपट्टिको सलिग भने अलि सानो छ, तर पाको उमेरको देखिन्छ । दायाँतिरको ( अलि ठूलो ) सालिगको कम्मरमा बाँधेको पेटीका दुवै फुर्का घुँडासम्म पुऱ्याइएका छन् । त्यसको बायाँको अलि सानो सालिगमा चाहिं निधारमा त्रिपुण्ड्रक र गलामा ताय ( गहनाविशेष ) लाइएको छ । झट्ट हेर्दा देखिने विशेषता यत्ति नै छ । दुवैको वेशभूषामा अरू अन्तर छैन । यसको आसनमा चारैतिर लेख कुँदिएको छ । सो यस प्रकारको छ —

ॐ स्वस्ति ॥ श्री ३ आकाशमहाभैरवस्के श्रीश्रीजयजगच्चन्द्रदेवसन दुन्ता सालिक सेङाव श्रीश्रीजयभूपतीन्द्र मल्ल देव सन लिलं थाङाव दयका ॥ ह्लाया मिति सम्वत् ७८८ ज्येष्ठ शुदि २॥ सेह्लो याङा मिति सम्वत् ८३३ कार्तिक कृष्ण, द्वितीया मृगशिर नक्षत्र सिद्धि योग अंगारवार ॥ धानि ६ कु २ अस्ता ३ गेङ शुभम् ॥

---

१ यो पुस्तक वीरपुस्तकालय पहिलो ३७७ संख्यामा छ । सो पुस्तकालयको वृहत्सूची तेस्रो भागमा यसको उल्लेख परेको छ ।

२ यस सालिगलाई लीलाभक्त मुनकर्मीले देखाइदिनुभएको हो ।

[ श्रीश्रीश्रीआकाश महाभैरवलाई श्रीश्रीजयजगच्चन्द्रदेवले चढाएको सालिग बिग्रेको हुनाले श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले पित्तलको ढटलौ गरेर बनाउनुभएको हो। पहिले राखेको मिति ने. सं. ७८८ ( वि. सं. १७२५ ) ज्येष्ठ शुक्ल द्वितीया हो। जीर्णोद्धार गरेको मिति[1] ने. सं. ८३३ (वि. सं. १७६९) कार्तिक कृष्ण द्वितीया मङ्गलवार मृगशिरा नक्षत्र सिद्धि योग हो। यसको तौल ६ धार्नी २ कु ( ६ पाउ ) ३ अस्ता (३छटाक) छ। ]

यहाँ जगच्चन्द्रको नाउँले राखिएको सालिगमा दुइ व्यक्ति रहेको र जुँगाको रेखा आदि आकार प्रकारले ठूलो मूर्ति कलिलो उमेरको व्यक्तिको र संगैको अलि सानो मूर्ति पाको उमेरको व्यक्तिको देखिएको हुनाले यो सालिग 'जगच्चन्द्र' का रूपमा रहेका जगत्प्रकाश मल्ल र चन्द्रशेखरसिंहको हो भन्ने कुरामा शङ्का छैन।

हाल भक्तपुर चित्रसंग्रहालयमा जगत्प्रकाश मल्लले राखेको दश अवतारको वर्णनसम्बन्धी गीत परेको शिलालेखको पछिल्लो भाग रहेको छ। त्यसमा पनि बीच बीचमा जगच्चन्द्रको उल्लेख आएको छ। सो वर्णनबाट पनि जगत्प्रकाश र चन्द्रशेखरको संयुक्त रूप नै जगच्चन्द्र हो भन्ने कुराको पुष्टि हुन्छ। यस कारण सो दशावतारगीतको अलिकता अंशको यहाँ उद्धरण गर्नुपरेको छ।

जगतचंद दुहु एक हि जिवदुय परमपद दुहु पावे···
आशास्ते श्रीजगच्चन्द्रो वैकण्ठपदपङ्कजे।
भक्ति नावा यया लोकस्तरेत्संसारसागरम्॥ ··· ···
गोनागाश्वमिते···भृगुदिने ज्येष्ठेऽसिते चोत्तरा–
भाद्रे भे गिरिजा··· ··· ···
योगे श्रीलजगत्प्रकाशनृपतिर्न्नानाकलाकोविद-
श्चक्रे श्रीगरुडध्वजस्य ललितं गीतं जगत्प्रीतये॥

[ जगच्चन्द्र दुइ प्राणी भए तापनि एकै हुनुहुन्छ। दुवैलाई परमपद मिलोस्।···श्रीजगच्चन्द्र विष्णुको चरणकमलमा भक्ति गर्नुहुन्छ। जुन भक्तिरूप नाउले संसारसागरलाई मानिस तर्न सक्छन्। ··· ···

ने. सं. ७८९ (वि. सं. १७२६) ज्येष्ठ कृष्ण [अष्टमी] शुक्रवार उत्तरभाद्र नक्षत्र [शोभन] योगमा[2] अनेक कलामा सिपालु राजा श्रीजगत्प्रकाशले संसारलाई खुशी पार्न विष्णुको राम्रो गीत बनाउनुभयो। ]

भक्तपुर राजदरबार जि:स्वाँचोकमा जगत्प्रकाशका एउटै मितिका दुइटा शिलालेख संगै रहेका

---

१ यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. ८३३ (वि. सं. १७६९) कार्तिककृष्ण पूर्णान्त मानले मार्गकृष्ण

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| मार्ग | ४ | मङ्गल | द्वितीया | १९।१४ | मृगशिरा | ६०।० | सिद्धि | ५८।११ |

२. यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ —

ने. सं. ७८९ (वि. सं. १७२६) ज्येष्ठकृष्ण पूर्णान्तमानले आषाढकृष्ण

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प- |
|---|---|---|---|---|---|---|---|---|
| आषाढ | १२ | शुक्र | [अष्टमी] | २४।३ | उत्तरभाद्र | २०।१५ | [शोभन] | ५४।४२ |

छन् । तिनमा माथिल्लो भण्डारखालको पोखरी (हाल डी. एस. पी रहेको ठाउँको पोखरी) विषयको हो । यसमा नेवारी भाषामा गीतबद्ध गरी भण्डारखाल पोखरीको नियम रहेको छ । अर्को शिलालेख-चाहिं सदाशिवचोकविषयको हो । यी शिलालेखबाट पनि 'जगच्चन्द्र' भनेका जगत्प्रकाश र चन्द्रशेखर नै हुन् भन्ने स्पष्ट थाहा पाइन्छ । यहाँ जगच्चन्द्रको विशेषण नृप (राजा) लाइएको र नाउँमा मल्ल समेत जोडिएको हुनाले चन्द्रशेखरको प्रभाव अझै बढ्दै गएको यताबाट देखिन्छ । ती दुइ शिला-लेखका अलिकता अंश यहाँ दिइन्छन्–

जगतचन्दन धार भण्डारखार गुण,··· ···जगतचन्द नृपवाणी···

(माथिल्लो शिलालेखबाट)

थ्व सदाशिवमल्ल बसरपा चूक सेङाव श्रीश्रीजयजगच्चन्द्र मल्लदेवसेन ह्लांङाव थव थव मूर्ति प्रीतिन आङस थुङाव तया जुरो, थ्व चूक अति भिङ श्रीश्रीश्रीकुलदेवी तलेजुस समीपस सेह्लो मालको टीकाधारी श्रीश्रीराजान यायमाल, श्रीश्रीश्रीतलेजु मानययासे सालिक तया दिन, सम्वत् ७९२ ज्येष्ठमासे कृष्णपक्षे भोरभोर अष्टमी उत्तरभद्र नक्षत्र सौभाग्य योग यथाकरण मुहूर्तके शनैश्चरवासरे थ्व कुह्नु दयका जुरो सारिकद्वय ॥

(तल्लो शिलालेखबाट)

[ जगतचन्द्रले भण्डारखालको गुण पाउनुभएको हो,··· ···राजा जगच्चन्द्रको यो बोली हो।

सदाशिव मल्ल बस्नुभएको यो चोक बिग्रेको हुनाले श्रीश्रीजयजगच्चन्द्र मल्लदेवले जीर्णोद्धार गरी आफ्नो आफ्नो सालिग प्रेमपूर्वक चोकमा राख्नुभयो । श्रीश्रीश्रीकुलदेवी तलेजुको नजीकमा रहेको यो चोक ज्यादै उत्तम छ । टीकाधारी श्रीश्रीराजाले यसको हेरविचार गर्नुपर्छ । श्रीश्रीश्रीतलेजुको सेवाको लागि सालिग राखेको मिति[१] ने. सं. ७९२ (वि. सं, १७२९) ज्येष्ठकृष्ण भोर भोर अष्टमी शनैश्चरवार उत्तरभाद्र नक्षत्र सौभाग्य योग पर्नुपर्ने करण मुहूर्त परेको दिन हो । यस दिन दुेइटा सालिग राखिएका हुन् ।]

भक्तपुर दरबारको नागपोखरीनिर पनि जगच्चन्दको उल्लेख परेको नायिकाहरूको भेद गीतबद्ध गरी लेखिएको शिलालेखको अलिकता भाग रहेको छ । त्यसमा "जयजगच्चन्दन धाव स्वाधिनपतिकान" [जगच्चन्द्रले स्वाधीन–भर्तृकाको लक्षण बताइयो] भनी लेखिएको छ । यसबाट विशेष कुरा बुझ्न सहायता पाइंदैन तापनि जगच्चन्द्रको युगसंग यसको पनि अलिकता संबन्ध छ नै ।

यसरी माथि उद्धृत यी प्रमाणहरूबाट जगत्प्रकाश मल्ल र चन्द्रशेखरसिंह 'जगच्चन्द्र' को नाउले एक जस्तो भई केही वर्ष रहे भन्ने कुरा सिद्ध हुन्छ।

जगत्प्रकाश मल्लको जन्म वि. सं. १६९५ मार्ग २५ गते[२] भएको हो । यस कारण चन्द्रशेखरको प्रभाव बढेको ताका उनी नाबालिग थिएनन्, समर्थ भइसकेका थिए । यसो भए तापनि चन्द्र-

---

१. यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ —

ने. सं. ७९२ (वि. सं. १७२९) ज्येष्ठकृष्ण पूर्णान्तमानले आषाढकृष्ण

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| आषाढ | १० | शनैश्चर | अष्टमी | ४५।४६ | उत्तरभाद्र | ५२।२४ | शोभन | ५५।१४ |

२. पूर्णिमा ६ अङ्क प्रकाश गर्दा जगत्प्रकाशको जन्मदिन भूलले मार्ग २६ गते हुन गएको छ ।

शेखरसिंहले जगत्प्रकाश मल्लउपर स्थायी प्रभाव पार्न सक्नामा के कारण परेको थियो, अहिलेसम्म खुल्न सकेको छैन ।

धार्मिक क्षेत्रमा 'जगच्चन्द्र' को रूपमा रहे जस्तै राजकाजसम्बन्धी अरू काममा भने यो रूप रहन सकेको देखिदैन । समर्थ भएपछि जगत्प्रकाश मल्लले गरेका कान्तिपुर ललितपुरहरूसंगका सन्धि विग्रहहरूमा जगत्प्रकाशको मात्र उल्लेख आउँछ[२], चन्द्रशेखरको उल्लेख पाइएको छैन। 'ऐतिहासिक–घटनावली' मा जगत्प्रकाश मल्लका पालामा भएका अनेक घटनाको उल्लेख परेको छ। तर चन्द्रशेखरसिंहको एक ठाउँमा पनि उल्लेख आएको छैन ।

त्यसै हुँदा 'पूर्णिमा' ६ अङ्कमा "जगत्प्रकाश मल्ल" भने निबन्ध मैले प्रकाश गरुन्जेलसम्म 'जगच्चन्द्र' बारेमा निश्चय गर्न सकिएको थिएन। अहिले मात्र सो खुल्न आयो । अतः 'जगच्चन्द्र' विषयको यस टुक्राले जगत्प्रकाश मल्लताकाको भक्तपुरको इतिहास बुझ्न बढता मद्दत दिनेछ भन्ने मलाई लाग्छ ।

—o—

[क्रमागत]

# श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू

—देवीप्रसाद भण्डारी

पृथ्वीनारायण शाहले वि. सं. १८१४ ज्येष्ठ १९ गते शनैश्चरबारका दिन कीर्तिपुरमा पहिलो पटक आक्रमण गरे ।

"सं. १८१४ शा. १६७९ ज्येठमा कित्तींपूरको लडांइ बिग्र्यो कालुपाँडे परचा"

(मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहको संपुटबाट)

"साके १६७९ (वि. सं. १८१४) जेष्ठ मासे दिन ९ रोज ७ का दिन कीर्त्तिपुरमा ठूलो लडाञी भयो । काजी कालुपाँडे, जिउन् थापा, चामुसायला, लाटा षत्री, सश्राम राना, सोठ्या दनुवार प्रभृति धेरै षेत रह्या ।"

(गोरखालीहरूको सैनिक इतिहासबाट)

---

२. पूर्णिमा ६ अङ्कका २९—३७ पृष्ठ हेर्नु होस् ।

"ज्येष्ठ शुक्ल दशहराका दिनमा श्री ५ पृथ्वीनारायण साहका सैन्यमा सर्दार भयाका अतिशूरा कालो पांडेकन कीर्तिपुरच्याले··· मारि दियो ॥ २७॥"

( त्रिरत्नसौन्दर्यगाथाको ११५ पृष्ठबाट )

"त्यहांपछि पृथ्वीनारायण शाहबाट कीर्तिपुरको उद्योग चलाउनुभयो । "नालदुम दृढ भइगयो; नेपालका ३ राजा फोरिहाल्यौं; कीर्तिपुरको शिर भन्याको दह्चोक छ, सो हाम्रो दृढ भयाको छ; अब दह्चोक गई कीर्तिपुर हान्नाको उद्योग गन हो" भनी चित्तमा दृढता गरी काजी कालुपाँडे प्रभृति सब भारादार साथ लिई महाराज दह्चोक पाल्नुभयो ।

दह्चोक राजगर्नु भई सब भारादारसँग बसी कीर्तिपुर हान्नाको सल्लाह हुँदा सबैले आफ् आफूले जान्याको विन्ति गरचा । काजी शूरप्रताप शाहबाट हान्न्या हो फुट्छ भनी विन्ति गरचा । काजी कालुपाँडेले "तीन शहर एक मूठी भइरहेछ; यस वेलामा कीर्तिपुर हान्या फुट्न्याछैन; अरू केटाकेटी हुन् ; कुलानन्द जैसीको साइतमा हजुरको तरबार जहां परचाको छ, सो सबै ठाउँ फत्ते हुँदै गयाको छ; आज उनै जैसी साथै छन्; मुहुडा जोडी दह्चोकमा हरिबंश बस्याको धेरै भयो, यी दुइ जनालाई बोलाई सोध्याजावस् , भनी विन्ति गरचा र यी दुइ जनालाई सोध्नुहुँदा "अहिले हजूरका दिन पनि उस्ता छैनन् , कीर्तिपुर हान्या साइत पनि छैन; अहिले कीर्तिपुर हान्न्या उद्योग नगरचाजावस्, कीर्तिपुर हान्न्या साइत विचार गर्दैछु , जहिले ठहर्ला म बिन्ति गरुंला, तब उद्योग गरचाजाला अहिले फुट्तैन" भनी विन्ति गरचा । हरिवंश उपाध्यायले "यो कीर्तिपुर तरवारले फुट्न्याछैन; नखोलाईकन हुन्याछैन; म खोलाउन लागिरह्याछु; हान्न्या वेला परेपछि म विन्ति गरी पठाउँला र उसै वेलामा उद्योग गरचाजाला" भनी बिन्ति गर्दा महाराज सारै रिसाई जैसीलाई र हरिवंश उपाध्यायलाई "तिमी दुवैजना कालुपाँडेका मूतमा बग्याका रहेछौ; तिमीदेखि दोस्रो गोरखाको दरबारमा अर्को जैसी कोही पनि हवैनन्; हरिवंशदेखि दोस्रो मन्त्री अर्को कोही रहेनछ; हामीले काज गर्दा कसो हुन्या रहेछ हेर" भनी रिसानी भई तँले साइत नहेरचा बालकृष्ण जैसी + लाई हेराई मेरो कार्य सिद्ध गरुँला भनी हुकूम हुँदा "बालकृष्ण ता मेरो

---

+ बालकृष्ण तथा कुलानन्द यी दुवै ज्योतिषीको उल्लेख भक्तविजयकाव्यमा यसरी गरिएको छ—

"ज्योतिर्ज्ञखद्योतकराजहंसः श्रीबालकृष्णः खटिकाधरः सः ॥१२॥

राज्ञाथ दैवज्ञकुलावतंसः पृष्टः कुलानन्द इति श्रुतः सः ।

लक्ष्मीशतिथ्याश्रितपौष्णभाद्यं लग्नं सभूचे रिपुभक्तसाध्यम् ॥१६॥

[ ज्योतिषीहरूको मध्यमा ग्रहका राजा सूर्य जस्ता खटिकाधर (खरीदार तथा खरी कोर्ने) बालकृष्ण छन् । ··· ··· ॥१२॥

त्यसपछि ज्योतिषीहरूमा मुख्य कुलानन्द (ढकाल) सँग राजाले शत्रुको भक्तपुर विजय गर्ने साइत सोद्धा उसले द्वादशीयुक्त रेवती नक्षत्रको पूर्वभागको लग्न बताए ॥१६॥ ]

लेखामा केटाकेटी हो, त्यसले साइत हेर्ला र हजूर काम गर्नुहोला । केटाकेटी आया गुल्याली खेलाया भन्या जस्तो होला । कीर्तिपुर अहिले हाम्रा होइन; फुट्न्याछैन" भनी जैसीले बिन्ति गर्दा महाराजका मन नपरी शूरप्रताप शाहप्रभृति सबै भारादारहरूसँग सल्लाह गर्दा "कीर्तिपुर हान्नुहवस् फुट्छ" भनी बिन्ति गरच्या । "जैसीले पनि हट्क्याको, तीन शहरको पनि एक गट्टा भयाको छ; कीर्तिपुर हान्न्या होइन; हजूरबाट पत्याएर मुहुडा जोरिरहेका मानिसले पनि सल्लाह बिन्ति गर्दैनन् त हान्न्या होइन भनी काजी कालुपाँडेले फेरि बिन्ति गर्दा रिसानी भयो । कुलानन्द जैसी बिदा भई लमजुङ गया । नेपालबाट पनि मानिस लाइराख्याका रहेछन् । गोर्खाले कीर्तिपुर हान्न आया भन्या खबर पाउँदा "कीर्तिपुर भन्याको नेपालको मुट्टु हो, त्यो गोर्खाले लियो भन्या त हामीहरू तीनै राजाको राज्य गयो । यसलाई अघि हामीहरूले बहचोकमा उक्लन नदिन्या हो । उस बेलामा हामीले चुक्यौं । आज फेरि कीर्तिपुर लियो भन्या ता हामीहरू सबैलाई मारच्यो । तसर्थ हामी तीनै राजा भई कीर्तिपुरको गुहार गरी थाम्नु योग्य छ" भनी तीनै राजाले सतो बाँधी कीर्तिपुरको मद्दतलाई गया ।

यहाँ गोर्खाका काजी कालुपाँडेको बिन्ति पृथ्वीनारायण शाहसँग नलाग्दा बालकृष्ण जैसीलाई डाकी साइत हेराउनुभयो । शकसंवत् १६७९ संवत् १८१४ साल ज्येष्ठका दिन १९ जाँदा दशहरा शनैश्चरवारका दिन★ हान्न्या साइत लेखी चढाया । जब हान्न्या दिन आइपुग्यो, काजी कालुपाँडे-लाई महाराजबाट खटाउनुहुँदा काजीले "अझ पनि महाराज, म बिन्ति गर्छु, कीर्तिपुर गुहारलाई तीन राजाका लश्कर आयो; कीर्तिपुर बलियो भयाको छ, हान्न्या होइन, यो राजा फोरी हान्नु-होला" भनी बिन्ति गर्दामा मन्जूर नपरी "तँलाई मर्न गाह्रो लाग्यो र" भनी हुकूम हुँदा "मैले मरी हजुरको सव्य हुन्या रहेछ भन्या म मर्न जान्छु" भनी मुखमा पञ्चरत्न हाली आफ्ना जेठा छोरा वंशराज पाँडेलाई हात समाती महाराजका पोछामा हाली बिदा भई हिजलेनमा ठाना हाल्या । कालुपाँडेका साथ ओफसित भयाका लश्कर साथ लाई कीर्तिपुरमा हमला दिई ठूलो लडाइँ भयो । राजा जयप्रकाशले आफ्ना सबै फौज लिई टंकेश्वरको बाटो गरी कीर्तिपुर गया । पाटनका राजा

---

★ कीर्तिपुरको यस पहिलो युद्धको समय माथि उल्लेख गरिएका ऐतिहासिक सामान संपुटमा यही साल र महीना लेखिएको छ । त्रिरत्नसौन्दर्यगाथाकारले ज्येष्ठशुक्ल दशहराका दिन कीर्तिपुरेहरूले कालुपाँडेलाई मारेको कुरा लेखेका छन् । संवत्चाहिं त्यहाँ दिइएको छैन । कीर्तिपुरको पहिलो युद्धमा कालुपाँडेको मृत्यु भएको हुँदा त्रिरत्नसौन्दर्यगाथाकारले यही साल मितिलाई सङ्केत गरेका हुन् भन्ने देखिन्छ । गोरखालीहरूको सैनिक इतिहासमा भने साल, महीना, वार यही छ, किन्तु त्यहाँ ९ गते लेखिएको छ । भाषावंशावलीका कुनै कुनै प्रतिमा पनि ९ गते नै लेखिएको देखिन्छ । तर यो सालको ज्येष्ठ ९ गते बुधवार पर्ने र सो दिन दशमी तिथि पनि नपर्ने भएकोले लेख्ता भूलले १९ को १ छुटी ९ हुन गएको देखिन्छ । यस कारण कीर्तिपुरको पहिलो लडाइँ वि. सं. १८१४ ज्येष्ठ १९ गते शनैश्चरवार ज्येष्ठ शुक्ल दशमीका दिन भएको हो भन्ने कुरामा सन्देह छैन ।

विश्वजित् मल्लले + गणेशस्थानको बाटो गरी भाजंखेल घेरी आया। भादगाउँका राजाबाहेक सबै फौज लिई पाटनबाट कीर्तिपुर जान्या मूल बाटो समाई फौज चढ्यो। कीर्तिपुरमा हमला गर्दा गोर्खाका लश्करलाई पछाडि हान्न्या राजा जयप्रकाशको लश्कर भयो। बीचमा ढाउ हान्न्या भादगाउँको लश्कर भयो। कीर्तिपुर पसी भिची आउन्या पाटनको लश्कर भयो। बलखुदेखि पारी कीर्तिपुरदेखि मनि बाटाको पोखरीमा ठूलो लडाइँ भयो। दुइ पक्षका सेना धेरै मरचा। गोर्खाका लश्करलाई पछाडि हान्या। जयप्रकाश मल्लका खातिर हान्या। भादगाउँको लश्कर, पाटनको लश्कर, कीर्तिपुरको लश्कर सबै आई हान्दा अगाडि पछाडि कोखातिर तीनतिर (को) बीचमा पर्दा गोर्खाको लश्कर ४०० उहरै परचा। यो लडाइँमा गोर्खामहाराजतर्फका मुख्य मुख्य सर्दारहरूमा काजी कालुपाँडे, चामु साहिँला, ज्यून खान, लाटाखत्री, सहश्राम राना, सोठ्या दनुवार, सिरा जोरावर, रणशूर कार्की, वार्गसिंह कार्की, पञ्चसिंह कार्की, नागर भण्डारी, उत्तम घर्ती मणिराज बस्न्यात, जवर शाही, सहदेउ मल्ल, जसकर्ण अधिकारी, नारानथापा, विष्णु थापा नरचा थापा, नाथु थापा, मुस्या नाउ भन्या भाजु, जुठे गुरुङ, कृष्णमणि राना, जसु अधिकारी, दावादल अधिकारी, मुस्या ठाकुर, जगधर शाही, बुद्धिकर शाही, अम्बर शाही, शिवदत्त शाही, बनुवा थापा, जवरसेन प्रभृति गोतिया थरधर उमराउहरू धेरै मरचा। घायल पनि धेरै भया।

---

+ भाषावंशावलीकारले वि. सं. १८१४ को यस कीर्तिपुरको युद्धमा पाटनका राजा विश्वजित् मल्ल लड्न गएको वर्णन यहाँ गरेका छन्। परन्तु उनले कान्तिपुर प्रकरणमा यस विषयमा यस्तो लेखेका छन्—

"कीर्तिपुर दखल गर्नानिमित्त झंसीखेलमा ठाना बस्न आउँदा राज्यप्रकाश मल्लका सेना र जयप्रकाश मल्ल राजाले धेरै सैन्य जम्मा गरी लडाइँ गर्न जाइपरचा।"

यसरी भाषावंशावलीमा वि. सं. १८१४ को कीर्तिपुरको युद्धमा लड्न जाने पाटनका राजाको नाउँ कतै राज्यप्रकाश मल्ल र कतै विश्वजित् मल्ल भनेर लेखिएको छ। किन्तु विश्वजित् मल्ल वि. सं. १८१५ मा मात्र पाटनका राजा भएका देखिन्छन्। भाषावंशावलीका विभिन्न प्रतिमा गोर्खाली राजवंशको प्रकरणमा राज्यप्रकाश मल्लको मृत्युसमय 'शाके १६७८ (वि. सं. १८१३) आश्विनका दिन ८ जाँदा' भनी लेखिएको छ। ललितपुरप्रकरणमा भने 'संवत् ८७८ (वि. सं. १८१५) आश्विन शुक्ल सप्तमी पर अष्टमीका दिन' भनी लेखिएको छ।

राज्यप्रकाश मल्लको मृत्युपछि ने. सं. ८७८ (वि. सं. १८१५) आश्विन शुदि ९ का दिन विश्वजित् मल्ल पाटनका राजा भए भनी कुनै भाषावंशावलीमा लेखिएको छ। विश्वजित् मल्लको ने. सं. ८७८ (वि. सं. १८१५ आ.) सालको टक पनि पाइएको छ। (नेपाली राष्ट्रिय मुद्राको १११ पृष्ठ हेर्नुहोस्) यस कारण राज्यप्रकाशको मृत्यु शाके १६८० (वि. सं. १८१५) आश्विन शुक्ल अष्टमीका दिन भयो भन्ने कुरा बढ्ता भरपर्दो छ। ने. सं. ८७८ आश्विन शुक्ल अष्टमी लेख्ता भूलले 'शाके १६७८ आश्विनका दिन ८ जाँदा' लेखिन भएको हो कि भन्ने शङ्का उठ्छ। जे भए तापनि अरू प्रमाण नपाएसम्म वि. सं. १८१५ मा नै राज्यप्रकाश मल्लको मृत्यु र विश्वजित् मल्लको राज्यप्राप्ति मान्नु युक्तिसङ्गत छ। यस कारण वि. सं. १८१४ को कीर्तिपुरको पहिलो युद्धमा लड्न जाने पाटनका राजा राज्यप्रकाश मल्ल हुन् भन्ने कुराको पुष्टि हुन्छ।

यो लडाइँ हुँदा श्रीबाघभैरव श्रीजयवागीश्वरी आफ्ना मन्दिरबाट झर्झराकार शब्द गरी केही स्वरूप बँढाई लडाइँ हुनाले महाघनघोर अन्नाधुन्न युद्ध भयो । यस लडाइँमा प्रथम प्रहरमा देउपाटनका सिपाहीहरूले लडाइँ गरया । घडी १२ सम्म महायुद्ध भयो । दुइतर्फका लश्करमध्ये देशदेखि झिकाई दरमाह दिई राख्याका नगरकोटी, प्रजाहरू र गोर्खाका लश्कर गरी जम्मा १२०० जना संहार भया । यस्ता तरहसँग लडाइँ हुँदा गोर्खामहाराजबाट आफ्नू लडाइँ बिग्री असल शूरा शूरा काजी सर्दारहरू उमराउहरू धेरै मरया भनी गोर्खामहाराजको जीवको संशय गरी भागी जानुपर्दा पुतवारहरूले पनि धेरै मिहिनेत गरया । उनीहरूले पनि नपुग्दा जयकृष्ण थापाका पीठमा चढी दहचोक डाडामा चढी माथि पुग्नुभयो र "काल्याले ता भन्थ्यो, मेरो हठले लडाइं बिग्रयो। अब यहाँ बसी भलो हुन्याछैन" भनी दहचोक थाम्नकन मानिस राखी धाइते ओसारी आफूसुद्धा नुवाकोट जाई बस्नुभयो* ।

यस लडाइँमा जयप्रकाश मल्लले लपेटा लिएनन् । कालुपाँडेको शिर मात्र काटी लग्या। ढाल तरवार खुँडा लिई बाघभैरवका देवलमा टाँसिदिया । "गोर्खाका शूरा शूरा सर्दारहरू कन मारिसक्यौं, अब फेरि उठी आउन क्या ताकत होला" भनी अहङ्कार गरी बडो हर्ष गरी लपेटा दिनामा छुकाई कान्तिपुर फर्की बढाइँ गरया ।

त्यहांपछि नुवाकोट पुग्नुभयो र धाइते धेरै नजर हुँदा र काजी कालुपाँडेप्रभृति शूरा शूरा सर्दार लडाइँमा पर्दा गोर्खामहाराजबाट ठूलो अफशोच मान्नुभयो ।

(भाषावंशावलीबाट)

* पृथ्वीनारायण शाहले ठूलो बल लाएर कीर्तिपुरमा हमला गरे । उनले नैकापमा आफ्नो मूल ठाना हालेका थिए । नेपाली (नेपालखाल्डाका) काजी भारादार र सर्दारहरूले कवच लाएका थिए । त्यस लडाइँमा देउपाटनका फौजले उनीहरूका स्थानीय देवता जयवागीश्वरीको प्रभावले पहिलो झम्टा दिए । गोर्खालीहरूमा शूरप्रताप शाहको एउटा आँखा फुट्यो तथा कालुपाँडे मारिए[1] । यो लडाइँ १२ घडी (लगभग ५ घण्टा) सम्म रह्यो । दुवैपट्टिका धेरै मानिस खतम भए। शक्तिवल्लभ सर्दारले भारतको मैदानबाट ल्याएका १२०० जवान नेपाल खाल्डातिरका सिपाहीहरू यस युद्धमा मारिए । महाराज पृथ्वीनारायण शाह डोला(पालकी)मा थिए। एउटा सिपाहीले उनलाई काट्न भनी खुँडा उठायो । तर अर्को मानिसले उनको हात समातेर कराएर भन्यो—यिनी राजा हुन्, मार्न हुँदैन । तब एउटा डुइयाँ र कसाईले राजा पृथ्वीनारायणलाई एकै रातमा नुवाकोटमा ल्याइ-पुरयाए । राजाले डुइयाँलाई तारीफ गरेर "स्यावास पुत" भने । त्यस दिनदेखि उस जातका मानिसहरू पुतवार कहिए तथा राजाकहाँ उनीहरूको पहुँच पुग्यो ।

(राइटको वंशावली दोस्रो संस्करणको १३७ पृष्ठबाट)

१ यहाँ एउटै युद्धमा शूरप्रतापको आँखा फुटेको र कालुपाँडे मारिएको कुरा लेखिएको छ। परन्तु भाषावंशावलीमा कीर्तिपुरको पहिलो युद्धमा कालुपांडे मारिएको तथा दोस्रो युद्धमा शूर-प्रतापको आंखा फुटेको वर्णन गरिएको छ। अर्को ऐतिहासिक सामानमा पनि भाषावंशावलीकै अनुरूप कुरा लेखिएको छ। यस कारण यहाँ भूल भएको देखिन्छ।

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८१४ (शाके १६७९) ज्येष्ठ शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | १९ | शनैश्चर | दशमी | ३८ | १३ |

(पात्रोबाट)

+ + +

व्यापारसम्बन्धी कामका निमित्त भोटतिर गएका आफ्ना दूत पण्डित हरिदेव उपाध्यायलाई भोटसँगको व्यापारसम्बन्धी कुरा मिलाउन र कुतीमा रहेका रुपियाँका सुन चाँडो ल्याउनाका निमित्त ताकिता गरी वि. सं. १८१४ श्रावण ३ गते बृहस्पतिवारका दिन पृथ्वीनारायण शाहले पत्र लेखे❀ ।

"स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम्.

स्वस्तिश्रीसर्वोपमाजोग्यराजभारासामर्थ श्रीहरिदेउ पंडितके जेथोचितपूर्वक(पत्र)मिदं. इहाँ कुसल ताँहाँ कुसळ् क्षेम चाहि. जेहिते परमानन्द होइ. आगे इहाको समाचार भलो छ.

उप्रांन्त तिमिहरू चाँडो गरि जाउ. चाँडो कुरा बाँध. हामिले पनि बाटोको ३ दियाको छ. कुतिमाहाँ रह्याको रुपयाको सोना पनि चाँडो गरि ल्याव, अरू माथि भोटबाट पनि सोना चाँडो मगाउ. सबै काम चाँडो गर. ढिला नगर, चाँडो गर. विज्ञेषु किमधिकं मुजमानि पतृवालाकि सहि.

मिति श्रावणवदि १३ रोज ५ मुकाम नवाँकोट राजधानि शुभम्"

{श्रीबालकृष्ण पोखेलद्वारा 'पाँच शय वर्ष' भन्ने पुस्तकमा प्रकाशित यो पत्र ऐतिहासिक पत्रसंग्रह दोस्रो भागमा पनि प्रकाशित भएको छ।}

---

❀ पृथ्वीनारायण शाहले वि. सं. १८०१ मा नुवाकोट विजय गरेपछि भोटसंग आफ्नो पनि स्वतन्त्र व्यापार सम्बन्ध कायम राखी आफ्ना शुद्ध चाँदीका टक भोटमा चलाई व्यापार बढाउन विस्तार विस्तार आरम्भ गरेका हुन् । उनले आफ्ना दूत पठाई भोटे अधिकारीहरूसँग कुरा मिलाई त्यतातिरबाट पहिले सुनको भाउ मिलाई आफ्ना रुपियाँले पाए जति सुन खरीद गर्ने काम शुरू गरेका थिए। यस विषयमा उनका दूत भई भोटमा बसेका पण्डित हरिदेव उपाध्यायले यस कामका लागि निकै दौडधूप गरी परिश्रम गरेका थिए । उनी प्रायः कुती र खासातिर बसे तापनि समय समयमा भोटभेकतिर पनि गई त्यसतर्फको कुरा बुझ्दै गर्दथे । यस वेला सकेसम्म चाँडो सुन जम्मा गर्ने उद्योगमा पृथ्वीनारायण शाह लागेका र सफल पनि भएका थिए भन्ने कुरा यस पत्रमा उल्लेख गरिएका "तिमिहरू चाँडो गरि जाउ, चाँडो कुरा बाँध, कुतिमाहाँ रह्याको रुपयाको सोना पनि चाँडो गरि ल्याव. अरूमाथि भोटबाट पनि सोना चाँडो मगाउ. सबै काम चाँडो गर. ढिला नगर, चाँडो गर." आदि वाक्यबाट व्यक्त हुन्छ। त्यस कारण यी व्यापारसम्बन्धी पत्रहरूबाट भोटतिर आफ्ना टक प्रचार गर्ने योजनाअनुसार पृथ्वीनारायण शाहले भोटे अधिकारीहरूलाई आफ्ना इष्ट बनाई विस्तार विस्तार पहिले कुतीसम्म प्रचार गरेका र त्यसपछि माथ्तिर भोटभेकमा पनि प्रचार गरेका थिए भन्ने कुरा वि. सं. १८१३ सम्मका पत्रबाट र यस पत्रबाट बुझ्न सकिन्छ ।

[जोग्य = योग्य । जेथोचित = यथोचित । इहाँ = यहाँ । कुसल = कुशल = कल्याण । चाहि चाहिये = हुनुपर्छ । जेहिते परमानन्द होइ = यसो भयो भने ठूलो आनन्द हुनेछ । कुरा बांध = कुरा मिलाऊ । कुती = काठमाडौंबाट २३ कोश जति उत्तरपूर्वतिर पर्ने ठाउँ । रह्याको = रहेको । सोना = सुन । ल्याव = ल्याऊ । भोट = नेपालबाट उत्तर पर्ने चीनको मातहतमा रहेको देश (भोटको राजधानी 'ह्लासा' काठमाडौंबाट १६५ कोश जति उत्तरपूर्वतिर पर्दछ)। मुजमानी = मुखैले भनेको कुरा । पत्रवालाकि = पत्रवालाको = चिठी लिएर आउने मानिसको । सहि = ठीक । मुकाम = वासस्थान । नवाँकोट = नुवाकोट (काठमाडौंबाट ७½ कोश जति पश्चिम र उत्तरतिर पर्ने ठाउँ) ।

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८१४ श्रावण कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|---|---|
| श्रावण | ३ | बृहस्पति | त्रयोदशी | ६। | ३२ | [पात्रोबाट] |

\+ \+ \+

कान्तिपुरका राजा जयप्रकाश मल्लले गोरखाका राजा पृथ्वीनारायण शाहलाई दुवै राजाले मिलेर एकै चासनीको टक चलाउने, भोटतिरको व्यापार गर्ने, काठमाडौं र गोरखामा परस्परका दूत राख्ने, मधेस (भारत) बाट आएको सिक्का बराबर बाँडीलिने, गोरखाले ललितपुरमा आक्रमण गरेमा काठमाडौंले स्वीकृति दिने आदि भाव पारी वि. सं. १८१४ पौष २३ गते मङ्गलवारका दिन धर्मपत्र लेखिदिए × ।

× यो धर्मपत्र लेख्नुभन्दा सात महीना जति अघि वि. सं. १८१४ ज्येष्ठ १९ गतेको कीर्तिपुरको पहिलो युद्धमा पृथ्वीनारायण शाहलाई ठूलो हार खुवाउनामा जयप्रकाश मल्लको ठूलो हात थियो । उनी आफैं लडाईंका मैदानमा गएका थिए। परन्तु यस युद्धमा विजय प्राप्त गरे तापनि जयप्रकाश मल्ललाई प्रत्यक्ष रूपमा कुनै फाइदा भएको थिएन । कीर्तिपुर ललितपुरको राज्यक्षेत्रभित्र पर्ने प्रदेश थियो। (वि. सं. १८०६ मा ललितपुरका राजा राज्यप्रकाश मल्लले कीर्तिपुरको वनको रक्षाका विषयमा गरिदिएको ताम्रपत्र ऐतिहासिक पत्रसंग्रह दोस्रो भागको ६७ पृष्ठमा छापिएको छ। )

यस वेला ललितपुरको राजगद्दीमा राज्यप्रकाश मल्ल थिए । उनीसंग जयप्रकाश मल्लको प्रायः मेल थिएन। आपनो विरुद्ध विद्रोह गरी कान्तिपुरबाट भागी ललितपुर गएका र पछि उनी ललितपुरकै राजगद्दीमा बस्न पुगेका हुँदा भाइ राज्यप्रकाश मल्लको उन्नति हुनुको पूर्वकथा संझदा जयप्रकाश मल्ललाई छिन छिनमा असह्य भइरहन्थ्यो (राज्यप्रकाश मल्लविषयको टिप्पणी पूर्णिमा ७ अङ्क ५०–५४ पृष्ठमा हेर्नुहोस्। )

नेपाल–खाल्डाका पछिल्ला मल्ल राजाहरूले (जयप्रकाश मल्ल आदिले) आपनो आर्थिक खाँचो टार्नानिमित्त चाँदीमा तामा मिसाई टक मारेका थिए । पृथ्वीनारायण शाहले मिसावटी टक बन्द गरी शुद्ध चाँदीका टक मारेका थिए । पृथ्वीनारायण शाहसंग सम्बन्ध जोडी भोट तथा गोरखा आदि पश्चिमतिरका राज्यहरूसंगको व्यापार चलाउनाका निमित्त जयप्रकाश मल्लले पनि शुद्ध चाँदीका टक मार्नु आवश्यक ठाने । त्यसैले पृथ्वीनारायण शाहसँग मेल राखी शुद्ध चाँदीका टक मार्ने उद्योगमा उनी लागेका हुन भन्ने कुरा यस धर्मपत्रमा उल्लेख गरिएका "काठमाडौं को

स्वस्तिश्रीमन्महाराजाधिराज श्रीश्रीमज्जयप्रकाश मल्लदेवले स्वस्तिश्रीमन्महाराजाधिराज गोर्षाको टकसार चलाउनु, रुपैयामाहा कपट नघाल्नु. दुवै टकसारमाहां एकै चास्नि गर्नु गोर्षाका रुपैया काठमाडौले चलाउनु काठमाडौंका रुपैया गोर्षालि चलाउनु. नचलाया सास्ति गर्नु, दण्ड गर्नु " आदि वाक्यबाट व्यक्त हुन्छ ।

गोरखादेखि पूर्वतिरका मुलुक विजय गर्दै अगाडि बढ्ने योजनाअनुसार पृथ्वीनारायण शाहले उद्योग गरेको पनि यस बेला १४ वर्ष भइसकेको थियो । परन्तु यतिका वर्षसम्म विशेष फाइदा उठाउन सकेका थिएनन् तापनि उनको योजनाको केही अंश मात्र सफल भएको थियो। नेपाल खाल्डो विजय गर्न चारैतिरबाट घेरा हाल्ने प्रयत्न गरेका थिए । परन्तु सो कामका निमित्त सैनिक शक्तिको ठूलो आवश्यकता थियो । आर्थिक अवस्था कमजोर भएको हुनाले सो सैनिक शक्ति पनि कमजोरै थियो। सो शक्ति मजबुत पार्ने उद्योग पनि गर्दै थिए। नुवाकोट, दह्चोक नालदुम आदि कान्तिपुरको राज्यक्षेत्रका धेरैजसा प्रदेश पृथ्वीनारायण शाहले कब्जा गरिसकेका थिए । ती प्रदेशका बाटाघाटामा कडा पालो पहरा दिई त्यसतर्फबाट हुने भोट तथा गोरखा आदि पश्चिमतिरका राज्यसंगको व्यापार रोकिदिएका थिए । यसले गर्दा कान्तिपुरको आम्दानीको स्रोत नै बन्द भइदियो । जयप्रकाश मल्ललाई आर्थिक अवस्थाले के गरौं कसो गरौं पारिरहेको थियो ।

उता पृथ्वीनारायण शाहले भोटसंग स्वतन्त्र व्यापार सम्बन्ध कायम राखी व्यापार बढाउँदै आएका र सो व्यापारमा सुन मात्र करीब तीन लाखसम्मको झिकाउन सक्ने खुपी भइसकेको थियो । भारततिरका महाजनहरूसँग सम्पर्क राखी सो सुन बिक्री गर्ने र उनीहरूसंग चाँदी खरीद गरी रुपियाँ टक मार्ने योजना मिलाई सो काम चलाइरहेका थिए । आफ्नो योजनाअनुसार समय समयमा भारतबाट महाजनका मानिसहरू भारतीय रुपियाँ वा चाँदी लिएर नुवाकोट आउने सुन खरीद गरी लैजाने गर्थे। यसरी भारततिर तथा भोटतिरका व्यापारीहरूको आवतजावत भएकोले पृथ्वीनारायण शाहको व्यापार बढ्दै गई त्यसबाट अर्थलाभ भई केही शक्तिसमेत बढेको देखता जयप्रकाश मल्लको मुख रसाई कल्पिरहनु स्वाभाविक थियो । नुवाकोटको बाटोबाट चलिरहेको भोटसँगको आफ्नो व्यापार फेरि कायम गर्न नसक्ता ठूलो नोक्सान भइरहेको थियो । त्यस कारण नुवाकोटको बाटो खुलाई भोट तथा गोरखा आदि पश्चिमतिरका राज्यसंग आफ्नो व्यापारसम्बन्ध कायम गरी आफ्नो पनि व्यापार बढाउनु जयप्रकाश मल्ललाई अत्यावश्यक पर्न आएको हुनाले यस धर्मपत्रमा भोट तथा गोरखामा आफ्नो पनि दूत राख्ने, भोटसंग व्यापार गर्दा मालसामान बराबर पठाउने, भोट मधेस दुवैतिरको व्यापारबाट आएको सुना चाँदी तथा रुपियाँ बराबर गरी बाँड्ने आदि शर्त राखेका हुन् भन्ने कुरा "भोटमा रुपिया जिनीस पठाउदा दुवैको बरोवर पठाउनु, भोटमा गोर्षा काठमाडौंको उकील बसाउनु दुवै उकीलले ठेचि मारि माल चलाउनु, दुवैको मतवाहिक ल्यायाको लैगयाको माल षोशनु सो गोर्षा काठमाडौले बाँडिलिनु काठमाडौंमा गोर्षाको उकील बशाउनु, गोर्षामा काठमाडौंको उकील बसाउनु उकीलका मतले भारि फोर्नु. भोट बेपार गर्दा नवाकोटको बाटो गर्नु . . . . भोटबाटो आयाका सुना रुपा बरोबरि लिनु मधेश बाटो आयाका सिक्का बरोबरि लिनु, " आदि वाक्यबाट खुल्दछ ।

पृथ्वीनारायण शाहले वि. सं. १८०३ भदौमा भक्तपुरका राजा रणजित् मल्ललाई हात लिई कान्तिपुरका राजा जयप्रकाश मल्लका अधीनमा रहेको नालदुम महादेउ पोखरी किल्ला पहिलो

श्रीश्रीमन्नृपपृथ्वीनारायण साहदेवकन धर्मपत्र लिखि दिञा,

काठमाडौको गोर्षाको टकसार चलाउनु. रुपैयामाहा कपट नघाल्नु. दुवै टकसारमाहा एकै चास्नि गर्नु. गोर्षाका रुपैया काठमाडौले चलाउनु. काठमाडौका रुपैया गोर्षाले चलाउनु. भोट रुपैया जिनीस पठाउँदा दुवैको बरोबर पठाउनु. भोटमाहा गोर्षा काठमाडौको उकील बसाउनु. दुवै उकीलले ठेचि मारि माल चलाउनु. दुवैका मतबाहिक ल्याया ळैगयाको माल षोशनु. काठमाडौले षोस्या आढा गोर्षाकन दिनु. गोर्षाले षोस्या आढा काठमाडौकन दिनु. काठमाडौका रुपैया ताहा गोर्षाले नचलाया सास्ति गर्नु, दण्ड गर्नु, गोर्षाको रुपैया इहा काठमाडौले नचलाया सास्ति गर्नु, दण्ड गर्नु, पाटनबाटो आयाका महाजन लुटि नषानु, काठमाडौमाहा गोर्षाको उकील वशाउनु, गोर्षामाहा काठमाडौको उकील वशाउनु. उकीलका मतले भारि फोर्नु, माल हेर्नु भोट बेपार गर्दा नवाकोटको बाटो गर्नु, गोर्षाको माल जाहिर गरि ल्यायाको काठमाडौले नषोसनु, लुकाइ ल्यायाको षोशनु, काठमाडौको माल जाहिर गरि ल्यायाको गोर्षाले नषोशनु. लुकाइ ल्यायाको षोसनु, भोटबाटो आयाका सुन रुपा बरोबरि लिनु, मधेशबाटो आयाका सिक्का बरोबरि लिनु,

पाटन गोर्षाले षानु. नालदुम काठमाडौलाई दिकन काठमाडौको काम गर्नु, पाटन गोर्षाका हाथ चढयाका दिन काठमाडौले थामनु पशनु, काठमाडौका हाथ आयाका दिन गोर्षाकन सौपिदिनु. अधिका गोर्षाको पछिका काठमाडौको ।

लुटन गोर्षातिर भोट्या नलाउनु.

एस् करारमाहा रह्या धर्म्मको वृद्धि होस्. करार नराष्या पंचमहापातक लागोस् ।

संवत् १८१४ रोज ३ मिति पौषवदी ९ लिखितमिति शुभम् ।

( श्रीचित्तरञ्जन नेपालीद्वारा प्रगति २ वर्ष ४अङ्कमा यो प्रकाशित भएको छ । )

[कपट नघाल्नु = कपट नमिसाउनू । दुवै टकसारमाहा = काठमाडौंको र गोरखाको टकसारमा । एकै = एकै जातको = एउटै नमूनाअनुसारको । चास्नि = चासनी = जाँचका निमित्त नमूनाका रूपमा राखिएका सुन चाँदी आदिका टुक्रा । भोट = भोटतिर (नेपालबाट उत्तरतिर पर्ने चीनको मातहतमा रहेको देश । भोटको राजधानी 'ल्हासा' काठमाडौंबाट १६५ कोश जति उत्तरपूर्वतिर पर्छ । ) जिनीस = नगदबाहेक अरू अन्न, कपडा आदि माल–सामान । उकील = वकील = राजदूत । वसाउनु = राख्नू । ठेचि मारि = लाहाछाप लगाई । मत = सम्मति = सल्लाह। बाहिक = बाहेक = वेगर । ळैगयाको = लगेको । पाटनबाटो = ललितपुरबाट । महाजन लुटि = महाजनको धन माल लुटी । भोट बेपार = भोटतिरको व्यापार । जाहिर = जाहेर । सुना रुपा सुन चाँदी । मधेशबाटो = मधेस (भारत) तिरबाट । सिक्का = टक रुपियाँ । हाथ चढयो = हातमा आएमा । सौपिदिनु = सुम्पिदिनु । थामनु पशनु = मद्दत आदि दिनू = सहयोग गर्नू । एस् = यस ।

---

पटक विजय गरेका हुन् । परन्तु यस विजयलाई चौबीसीहरूले दीगो हुन दिएनन् । आफ्नो अधीनमा रहेको उक्त किल्ला जाँदा छटपटाइरहेका जयप्रकाश मल्ललाई चौबीसीहरूको इशारा आइदिएकोले भक्तपुर तथा ललितपुरलाई उठाई जयप्रकाश मल्लले सो नालदुम महादेउपोखरी फिर्ता लिएका थिए । पृथ्वीनारायण शाहले पनि यसको बदलामा कान्तिपुरको शिर जस्तो भएर रहेको दहचोक किल्ला विजय गरिदिए। त्यसपछि नालदुम महादेउपोखरी पनि विजय गरे । यस पछि जयप्रकाश मल्लले उक्त किल्ला फिर्ता लिने साहस गर्न सकेका थिएनन् । वि. सं. १८११ मा जयप्रकाश मल्लले फेरि फौज पठाई चिकुटी मास्केद्वारा केही दिनका लागि सो विजय गरेका थिए ।

करार = सन्धिपत्र = कबूलियत = प्रतिज्ञापत्र । रह्या = रह्यो भने । करार नराख्या = प्रतिज्ञापत्रको पालन नगरेमा ।

यस दिनको गणना + गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८१४ पौष कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| पौष | २३ | मङ्गल | नवमी | ६०। ० |

—०—

(क्रमागत)

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे

(वि. सं. १८१५–८८)

—दिनेशराज पन्त

वि. सं. १८३६ देखि १८४२ सम्म लक्ष्मीपति पांडे राजदरबारमा कुन रूपमा रहे भन्ने कुरा सामानको अभावले बुझ्न सकिएको छैन ।

वि. सं. १८४२ श्रावण २ गते राजमाता राजेन्द्रलक्ष्मीको मृत्यु भयो*।

---

परन्तु यसै सालको श्रावण २१ गते बृहस्पतिवारका दिनदेखि सधैंका लागि नालदुम महादेउ-पोखरीमा पृथ्वीनारायण शाहको विजय कायम भएको थियो ।

यस सन्धिपत्र लेखिएताका ललितपुरदेखि जयप्रकाश मल्ल क्रुद्ध भएका थिए । त्यसैले जयप्रकाश मल्लले "पाटन तिमी खाऊ, नालदुम मलाई देऊ" भनी पृथ्वीनारायण शाहलाई ललित-पुर सुम्पी आफ्ना भाइ राज्यप्रकाश मल्लसंग ईख फेरी आफ्नो गुमेको नालदुम महादेउपोखरी हात लाउने दाउ गरेका हुन् । सो कुरा उक्त धर्मपत्रमा उल्लेख गरिएको "पाटन गोर्षाले षानु, नालदुम काठमाडौलाई दिकन काठमाडौको काम गर्नु. पाटन गोर्षाका हाथ चढ्याका दिन काठमाडौले थामनु पशनु, काठमाडौको हाथ आयाका दिन गोर्षाकन सौंपिदिनु" आदि वाक्यबाट व्यक्त हुन्छ। (यस धर्मपत्रको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेश ९७३–७७ पृष्ठमा परेको छ। सो ग्रन्थ छापिंदैछ )

+ चित्तरञ्जन नेपालीले यो पत्र छपाउँदा यसमा 'तिथि ८' पढ्नुभएको थियो । गणना गरी हेर्दा आर्यसिद्धान्तबाट मात्र बल्ल १ घडी ५१ पलाले मङ्गलवारको दिन अष्टमी पर्न आएको थियो (इतिहास–संशोधनको प्रमाण प्रमेयको ३५४ पृष्ठ हेर्नुहोस् ) । हाल श्री ५ को सरकार पुरातत्त्वविभागले देखाएको 'पृथ्वीदर्शन' प्रदर्शनीमा यस पत्रको सक्कल प्रति पनि देखाइएको थियो। सो मूल पत्रमा 'तिथि ९' दिइएको रहेछ । यसबाट अब गणना ठ्वाक्क मिल्न आयो ।

* मिति आषाड शुदि ७ रोज ४ श्री ३ महारानि मृत्यु भयाका दिन हो ॥ ॥ एस् दिनदेषि राजेभरि टांगालको† रुपैया माफ् गरिबक्सनुभयो. सबै नेवारको टांगालको एक रुपैया माफ भयो.

(चन्द्रमान जोशीकहाँ रहेको टिपोट)

---

† टांगाल = जुलाहा ।

त्यसपछि बहादुर शाह राजप्रतिनिधि भए*। बहादुर शाह विजिगीषु प्रकृतिका शासक थिए। उनको हातमा एकलौटी अधिकार आएपछि पश्चिमतिर बढ्ने तयारी विधिपूर्वक हुन लाग्यो।

त्यसताकाको पश्चिम नेपालमा पाल्पा धेरै बलियो राज्यमा कहलाउँथ्यो। पाल्पाले चौबीसीहरूसँग मिली धेरैपल्ट गोर्खालीहरूलाई हायलकायल पारेको थियो÷। त्यस कारण बहादुर शाहले पाल्पालाई आफूपट्टि मिलाउनु आवश्यक ठाने। त्यसैले उनले पाल्पा गई पाल्पाली राजकुमारीसँग विवाह गरी⁎ पाल्पासँगको सम्बन्ध सुदृढ पारे। यसको फलस्वरूप पछि पश्चिमविजययात्रामा पाल्पाले नेपालको सहायता गरेको थियो§।

---

तात्कालिक पात्रोसँग मिलाई हेर्दा यो तिथिमिति वि. सं. १८४२ मा मिल्न आएको हुनाले राजेन्द्रलक्ष्मीको मृत्यु वि. सं. १८४२ मा भएको हो भन्ने सिद्ध हुन्छ।

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४२ आषाढ शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| श्रावण | २ | बुध | सप्तमी | ५५।१२ |

(पात्रोबाट)

नेपालका इतिहाससंबन्धी धेरैजसा पुस्तकहरूमा राजेन्द्रलक्ष्मीको मृत्युबारेमा अशुद्धि परेको छ। (प्रा. तोत्रराज पाँडे र श्रीगुरु नयराज पन्तको नेपालको संक्षिप्त इतिहासको ९९ पृष्ठ, श्रीगुरु धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा सम्पादित जयरत्नाकरनाटकको श्रीगुरु नयराज पन्तको उपोद्घातको २ पृष्ठ, श्रीगुरु धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा सम्पादित ऐतिहासिक–पत्रसंग्रह (पहिलो भाग)को ५१ पृष्ठ, श्रीबालचन्द्र शर्माको नेपालको ऐतिहासिक–रूपरेखाको २३७ पृष्ठ, श्रीईश्वरराज अर्यालको नयाँ नेपालको इतिहासको ११७ पृष्ठ, श्रीढुण्डिराज भण्डारीको नेपालको ऐतिहासिक विवेचनाको १९८ पृष्ठ, श्रीडिल्लीरमण रेग्मीको मडर्न नेपाल (आधुनिक नेपाल) को १०९ पृष्ठ हेर्नुहोस्।)

तर माथिको प्रमाणबाट राजेन्द्रलक्ष्मीको मृत्यु वि. सं. १८४२ श्रावण २ गते भएको स्पष्ट देखिन्छ।

ऐ. शि. बाबुराम आचार्यले वि. सं. १८४२ मा र श्रीचित्तरञ्जन नेपालीले वि.सं. १८४२ श्रावणमा राजेन्द्रलक्ष्मीको मृत्यु भयो भनी लेख्नुभएको छ। (रूपरेखा ३० अङ्कको ९ पृष्ठ र रणबहादुर शाहको ६ पृष्ठ हेर्नुहोस्।)

* त्यस्तैबीचमा श्री ५ महाराज रणबहादुर साहका मुमा श्रीमहारानी राजेन्द्रलक्ष्मी परलोक भयाका खबर र चौतरिया दलजित् साहलाई बोलाहाट आयो। चौतरिया नेपाल गया। त्यहाँपछि काजी सरुपसिंह पनि मारिया। श्रीमाहिला साहेब बहादुर साह मुक्तियार भया।

( भाषावंशावलीबाट )

÷ पूर्णिमा ६ अङ्कको ५२ पृष्ठ हेर्नुहोस्।

⁎ पूर्णिमा २ अङ्कको ६५ पृष्ठ हेर्नुहोस्।

§ पूर्णिमा ६ अङ्कको ५२ पृष्ठ हेर्नुहोस्।

युद्धमा विजयका लागि असल साइत जुर्नुपर्छ भन्ने त्यस बेलाको प्रबल धारणाअनुसार पश्चिम बढ्ने साइत विचार गर्ने आदेश ज्योतिषीहरूलाई दिइयो। यस मौकामा हाम्रा लक्ष्मीपति पाँडेले पनि युद्धका लागि साइत हेर्ने काममा आफ्नो भएभरको शक्ति लाए। यो कुरा जतातत फलादेशसम्बन्धी कुरा टिपिएको उनको पात्रोले स्पष्ट रूपमा बुझाउँछ।

आफूले हेरेको साइतको आधारमा वि. सं. १८४३ भाद्रपछि पौषअघि भेरी साँध लाग्नेछ भन्ने कुरा लक्ष्मीपतिले सर्कारमा जाहेर गरे। नेपाल सरकारबाट पनि उनले भनेको कुरा मिल्यो भने उनलाई खरीदार मान, जग्गाजमीन, घर दिने तथा कर माफी गरिदिने वचन दिइएको थियो। यो कुरा लक्ष्मीपतिको नाउँमा गरिदिएको लालमोहरबाट बुझिन्छ❀—

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादुर्सम्सेर्जङ्देवानाम् सदा समरविजयिनाम्—

आगे लक्ष्मीपति पाँडे षरीदारले संवत् १८४३ सालका भदवउप्रान्त‡ पुसवढो÷ भेरितक साँध होला भनी सर्कारमा विंति गऱ्या. तसर्थ तिमीले विचार गरी विंति गरचाको मिल्न गया षरीदारी मान△ दस् षेत≡ १ प्रजा गाँउँ काठमाडौमा १ असल घर सहरबाट मिल्दो डिहि↗ घरवारी सर्व अंक मेटी→ वृत्ता वितलप् गरी बक्सौला भनी करार× लेषीदिञाँ. विंति गरचाको कुरो पुग्यापछि मान षेत घर गाउँ वारी डिहि सर्व अक मेटी संकल्प गरी साँधसिवाँध▱ लगाई ताँवापत्र गरिदिनु. बोल्याको नविहोरौ त= पंचमहापातक. इति संवत् १८४३ वैशाष शुदि अक्षयस्तृतीया★ मुकाम पाटन सहर शुभं भूयात्.

( छेउमा )

मार्फत् श्रीराजकुमार बहादूर साह

उता आवश्यक सैनिक तयारी भइसकेको र असल साइत छ भन्ने ज्योतिषीहरूको भनाइ पनि हुँदा वि. सं. १८४३ को शुरूमा नेपाली सैन्य पश्चिमतिर हिंड्यो। सो सैन्यसँग लक्ष्मीपति पाँडे

---

❀ यस लेखमा उपयोग गरिएका पत्र, पात्रा मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहका हुन्।

‡ भदवउप्रांत = भदौपछि। ÷ पुसवढो = पौषअघि। △ लक्ष्मीपतिले पहिले खरीदार पद पाइसकेका थिए। तर उनको पद स्थायी भइसकेको थिएन। यस कारण खरीदारी पदलाई स्थायी बनाइदिनुलाई यहाँ खरीदारी मान दिउँला भनेर भनिएको हो। आजभोलिको खरीदार र उनताकाको खरीदारमा धेरै फरक छ। उनताका परराष्ट्रविभागका तालुकवाला खरीदार कहिन्थे। (पूर्णिमा २ अङ्का ६७–६८ पृष्ठ हेर्नुहोस्।) ≡ दस् षेत = २५० रोपनी। ↗ डिहि = पाखो जग्गा। → सर्व अंक मेटी = कुनै किसिमको रकम पनि नलाग्ने गरी। × करार = प्रतिज्ञापत्र। ▱ साँधसिवाँध = साँधसीमाना। = नविहोरौ त = नगरौं त।

★ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४३ वैशाख शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| वैशाख | २२ | सोम | तृतीया | ३।२५ |

(पात्रोबाट)

पनि गएका थिए । त्यहाँ जाँदाखेरि उनले आफ्नो पात्रोमा विजय गरेको मिति संक्षेपमा टिपेका छन् । त्यसबाट भेरी साँध लागेसम्मको प्रमाणिक मिति पत्ता लाग्छ । सो यस प्रकारको छ—

वि. सं. १८४३ ज्येष्ठ १० गते नेपाली सैन्यले कालीगण्डकी तर्‍यो । नेपाली सैन्यले कालीगण्डकी तरेको सुनेर त्यही दिन गुल्मीका राजा भागे । त्यसको भोलिपल्ट ज्येष्ठ ११ गते नेपाली सैन्यले गुल्मी कब्जा गर्‍यो । त्यसपछि वर्षात शुरू भएकोले तीन महीनाभन्दा बढी समयसम्म नेपाली सैन्य अघि बढेन । भाद्र २५ गते नेपाली सैन्य अर्घातर्फ हिँड्यो । त्यसको भोलिपल्ट भाद्र २६ गते नेपाली सैन्यले अर्घा विजय गर्‍यो । नेपालीहरू अघि बढ्दै आएको सुनेर भाद्र २७ गते खाँचीका राजा भागे । त्यसको भोलिपल्ट भाद्र २८ गते नेपाली सैन्यले खाँची विजय गर्‍यो । आश्विन २ गते नेपाली सैन्यले धुरकोट विजय गर्‍यो । आश्विन ४ गते नेपाली सैन्यले इस्मा विजय गर्‍यो । आश्विन १४ गते नेपाली सैन्यले पर्वत विजय गर्‍यो । कार्तिक १९ गते नेपाली सैन्यले प्यूठान विजय गर्‍यो । कार्तिक २६ गते नेपाली सैन्य दाङतर्फ हिँड्यो । यसको तीन दिनपछि कार्तिक २९ गते नेपाली सैन्यले दाङ विजय गर्‍यो । मार्ग २ गते नेपाली सैन्यले रोल्पा विजय गर्‍यो । मार्ग ७ गते नेपाली सैन्यले भेरी साँध लगायो । *

लक्ष्मीपति पाँडेले आफ्नो पात्रोको पछिल्तिर ज्यौतिषशास्त्रको आधारमा देखिने युद्धसंबन्धी अनेक विषयको विचार टिपेका छन् । त्यसको पनि अलिकता चर्चा यहाँ गर्नु राम्रो होला ।

काली तर्नेबित्तिकै गुल्मीसँग लडाइँ जोरिन्थ्यो । त्यस वेलासम्म गुल्मी गलिसकेको थिएन । गोर्खालीसँग मुकाबिला गर्ने मनसुवा गुल्मीले देखाएको थियो । यस कारण गुल्मी कहिले गल्ला भन्ने विषयमा लक्ष्मीपतिले ज्यौतिषको आधारमा विचार गरेछन् र त्यसबाट देखिन आएको कुरा उनले पात्रोमा संक्षेपमा टिपेका छन् । सो यस प्रकारको छ—

"गुल्मीको भूमी युद्धले अघायाको छैन. आषाढ २२ दिन जादासम्म त युद्धको इछा एस भूमीलाइ छ."

परन्तु नेपाली सैन्यले काली तरेकै दिन राती गुल्मीका राजा युद्ध गर्नेतिर नलागी भागेका हुनाले लक्ष्मीपतिले अडकल गरेकोभन्दा केही पहिले गुल्मी फत्ते गरियो ।

यसै गरि खाँचीको बारेमा पनि भविष्यवाणी गरी लक्ष्मीपतिले सो पात्रोमा टिपोट गरिराखेका छन् । सो यस प्रकारको छ—

"१० जादा सावनसम्म पर्व्या षाँची आफै छोडी भाग्न्याछ.
षाँचीयुद्ध प्रवृत्त आषाढ दिन ७ देषि हुँन्याछ."

तर वर्षात शुरू भएकोले लक्ष्मीपति पाँडेले अडकल गरेको भन्दा केहीपछि मात्र खाँचीका राजा भागे तथा खाँची विजय गरियो ।

सो पात्रोमा यो लडाइँमा कति मानिस मर्नेछन्; यो किल्लामा कति मान्छे होलान्; लडाइँमा हार होला कि जित होला; शत्रु राजा भाग्लान् कि भागोइनन्; ज्येठी तरवार कसले हान्नुपर्ला इत्यादि प्रश्नमा शास्त्रवचनको उद्धरणसहित विचार गरिएको छ । त्यहाँ परेका केही प्रश्नका

---

* यस विषयका लक्ष्मीपतिका मूल वाक्य पूर्णिमा २ अङ्कका ६१–६८ पृष्ठमा प्रकाशित भइसकेका छन्।

शीर्षक यस प्रकारका छन्—

"अथास्मिन् युद्धे कियन्मनुष्या मरिष्यन्तीति ज्ञानार्थमाह
दू (दु)र्गे कति मनुष्या (:) संतीति प्रश्ने
जयपराजये
अथ पलायनांकमाह
ज्येठी थूंड्याँ"

यसरी पश्चिम लडाइँको साइत हेर्ने काममा लक्ष्मीपतिले आफूले जानेसम्म बुद्धि खर्च गरेका थिए भन्ने कुरा यस पात्रोले स्पष्ट रूपमा देखाएको छ।

लक्ष्मीपति पाँडेले उपर्युक्त युद्धकार्यसम्बन्धी साइत हेर्ने काम मात्र गरेका थिएनन्। खरीदार (परराष्ट्रविभागका तालुकवाला)का रूपमा लब्धप्रशमनसंबन्धी काम पनि उनले गरेका थिए। यस युद्धमा तैनाथ भएका ठूलठूला भारादारहरू उनको कार्यदेखि सन्तुष्ट भएका हुँदा उनीउपर भर परेका थिए भन्ने कुरा तलका पत्रबाट थाहा पाइन्छन्+—

स्वस्तिश्रीकाजीसर्दारकस्य लिषा ‡ पत्रं

आगे काली पश्चिम भर्मुलुकमा पिछहि † उघाउन्या ❁ तहसील्दार × प्रति रहता बहता चुक्तीको पिछही तहसीलको वहि ⤞ बसोवास लक्ष्मीपति पाँडेका मानिसलाइ बुझाव. इन्का हातबाट फार्षती ⊙ लेउ. फार्षतीको दस्तुर भरी देउ. इन्का हातको फार्षती नलीयाको झुठा सर्वथा ३*, इति संवत् १८४३ कार्तिक वदि २ रो. २ A शुभंम्

स्वस्तिश्रीकाजिसर्दारकस्य लिषापत्रम्

आगे हाम्रा लस्करका सिपाही ढलयत् B तिळंगा C तर्तहसीलदारप्रति पाषापानी भन्याका रोहानी गाउमा तिमीहरु कोहि हातपात लूटपीट धामधूम् पिछही सलामी तहसीलको टंटा नलगाव. एस् गावको पिछही सलामी षर्दारका मार्फत् जो लिनु लिउँला. तेस् गावका प्रजाले

---

+ यी दुइ पत्र ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग)का ४७–४९ पृष्ठमा व्याख्यासहित छापिएका छन्।

‡ लिषा = लिखित । † पिछहि = शरण (पीछा) पर्न आउँदा दिने दस्तुर । ❁ उघाउन्या = कर उठाउने । × तहसील्दार = कर असूल गर्ने अधिकारी । ⤞ वहि = हिसाबकिताबको खाता । ⊙ फार्षती = चुकतीपत्र । * सर्वथा ३ = सर्वथा सर्वथा सर्वथा ।

A यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४३ कार्तिक कृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| आश्विन २७ | सोम | द्वितीया | २९।३७ |

(पात्रोबाट)

B ढलयत् = ढाल बाँधेका सिपाही । C तिळंगा = बन्दूक लिने सिपाही ।

षरिदारका टहलमा रुजु D रहू. संवत् १८४३ कार्तिक वदि ३ रोज ३ E शुभम्

यसरी राम्ररी काम गरेको हुनाले पश्चिम विजय गर्न गएका माथिल्ला भारादारहरू लक्ष्मी-पतिदेखि प्रसन्न भएका थिए। यस कारण यस लडाइँताका नै उनले जग्गा, पैसा, नोकर चाकरहरू पाएका थिए। यी कुरा तलका पत्रबाट बुझिन्छन्—

स्वस्तिश्रीकाजीसर्दारकस्य लिषापत्रम्

आगे लक्ष्मीपति पाँडे षरीदारप्रति तिमीलाइ दियाका गावको पिछही लिन्या. धुरही F अमाली-दारको G हो. तिमी उघाउ लेउ. इति संवत् १८४३ आश्विन शुदि ९ रोज ४ H शुभम्

स्वस्तिश्रीकाजीसर्दारकस्य पत्रम्

आगे षरीदारका बाभन्ले ल्यायाकी वहता रहता कमारी १ षरीदारकन दिन्या. तस्मा हाम्रा लस्करका सिपाही तिलंगा कोही मोजाहिम्† न हौ. इति संवत् १८४३ कार्तिक वदि ४ रो. ४ ❀ शुभम्

स्वस्तिश्रीकाजी दामोदर पाँडेकस्य लिषापत्रम्

आगे षरिदार लक्ष्मीपति पाँडेके विम्मा विह्याल्याकांछाका कमारो १ कमारी १ रहना रह्याका छं. ति दुइ जिउ तिमीलाइ दिन्याँ. लेउ. तस्मा हाम्रा लस्करभरका कोही मोजाहिम्

---

D रुजु = हाजिर। E यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४३ कार्तिक कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| आश्विन | २८ | मङ्गल | तृतीया | २३।३५ |

(पात्रोबाट)

F धुरही = धुरी कर। G अमालीदार = बडाहाकिम।

H यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४३ आश्विन शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आश्विन | १९ | आदित्य | नवमी | ५७। | ९ |

(पात्रोबाट)

पत्रमा रोज ४ लेखिएको छ। तर पात्रो हेर्दा नवमीको दिन आदित्यवार पर्छ, बुधवार पर्दैन। यस कारण यहाँ रोज १ लेख्नुपर्नेमा भुलले ४ हुन गएको देखिन्छ।

†मोजाहिम् = बाधा गर्ने।

❀यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४३ कार्तिक कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आश्विन | २९ | बुध | चतुर्थी | १७। | ३६ |

(पात्रोबाट)

न हौ. इति संवत् १८४३ कार्तिक वदि १२ रोज ४+ मुकाम वेणी △ शुभम्

स्वस्तिश्रीमज्जीव साह श्रीजगजीत् पांडे श्रीदामोदर पाँडे श्रीशिवनारायण षत्री श्रीपारथ भडारि श्री अंबरसिंह राना श्रीप्रबल रानाकस्य लिषापत्रम्

आगे षरिदार लक्ष्मीपति पाँडेके रुद्र वानिञाको विर्ता सिवाधो मुरि १६०[4] बुद्धिप्रकास कपर्दारको षायल[5] डाडाषेत मुरि १२०[6] सहरको कासिवरकलियाको षायल मुरि ८०[7] जितुवहिक्को षायल परिपँध्याराको गैह्रि विडि मुरि ६०[8] श्यामभक्त षजंचिको षायळ् टाँढविसाउनाको मुरि ६० सम जमा षेत ४ मुरि ८०[9] लग्पात्समेत काठमाडौमा घर षेतका षेत नपुग्याको साटो ञाहा दिञाँ. घर षेत जानी भोग्य गर. इति संवत् १८४३ कार्तिक वदि १४ रोज ६[10] मु. ढोराळ्ठाना शुभं

स्वस्तिश्रीकाजीसर्दारकस्य लिषापत्रम्

आगे जोगापाध्याप्रति तिमिथैका[11] जितुवहिक्का रुपया सय १ षरिदारको माल पऱ्यावापत् लेषिदिञाँ. पत्र देषत[12] ताकीत् भरि देउ. विषर्चो छन्. विळंव नगर. इति संवत् १८४३ कार्तिक (व)दि १४ रोज ६ मुकाम् ढोराळ्ठाना शुभम्

स्वतिश्रीकाजीसर्दारकस्य लिषापत्रं

आगे जगत्राम चोषालप्रति आली[13] तञो. वाली षरिदारको. एस्तै ञहको मर्जी सर्कारबाट आयाको छ. वाली षानषा[14] षरिदारका हात सौपिदेउ. नसौप्या अप्सरीया[15] हौला. इति संवत् १८४३ माघ वदि ६ रोज ३[16] शुभम्भूयात्

---

+यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८४३ कार्तिक कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| कार्तिक | ५ | बुध | द्वादशी | ५३ । | ४४ |

(पात्रोबाट)

△वेणी = बाग्लुङबाट अलि उत्तरतिर वेनी पर्छ। 4 मुरि १६० = ४० रोपनी ।5 षायल = आफूले चर्चेको जग्गा। 6 मुरि १२० = ३० रोपनी। 7 मुरि ८० = २० रोपनी। 8 मुरी ६० = १५ रोपनी। 9 षेत ४ मुरी ८० = १२० रोपनी।

10 यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८४३ कार्तिक कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| कार्तिक | ७ | शुक्र | चतुर्दशी | ५९ । | ९ |

(पात्रोबाट)

11 तिमिथैका = तिमीकहाँ रहेको। 12 देषत = देखनेबित्तिकै। 13 आली = जग्गा। 14 षानषा = पक्का। 15 अप्सरीया = विद्रोही।

16 यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि.सं. १८४३ माघ कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| पौष | २९ | मङ्गल | षष्ठी | ४६। | ३ |

(पात्रोबाट)

यसरी पश्चिमतिर बढ्ने धेरै अघिदेखिको उद्योग बहादुर शाहको हातमा अधिकार आएपछि वि. सं. १८४३ मा निकै पूरा हुन आयो। यस कारण यो साल यसताकाको इतिहासमा विशेष महत्त्वको हुन आएको छ।

लक्ष्मीपति पाँडेले आफूले पढेको विद्या कार्यक्षेत्रमा प्रयोग गरी हेर्ने ठूलो मौका यस साल पाए। लडाइँको मैदानमा गई अनेक बन्दोबस्तसम्बन्धी अनुभव हासिल गर्ने मौका पनि यस साल उनले पाए। आफ्नो योग्यताद्वारा माथिल्ला भारादारहरूमा प्रभाव पार्न सकेका हुनाले उनको प्रतिष्ठा बढ्नाका साथै अर्थलाभ पनि यस साल उनलाई भएकै थियो।

यसरी लक्ष्मीपति पाँडेको जीवनमा पनि यो साल अनेक दृष्टिले महत्त्वपूर्ण छ।

(क्रमशः)

—०—

# नेपाल-अंग्रेजयुद्धको दोस्रो चरण

## उजिरसिंह थापाले भीमसेन थापा र रणध्वज थापालाई पालपाबाट वि. सं. १८७२ फागुन १४ गते लेखेको पत्र र त्यस पत्रको ऐतिहासिक व्याख्या

—महेशराज पन्त

पूर्णिमाको छैटौं अङ्कमा एक तथा सातौं अङ्कमा एक गरी नेपाल–अंग्रेजयुद्धको दोस्रो चरण-सम्बन्धी दुइ पत्र मैले प्रकाश गरेको थिएँ। अब यस आठौं अङ्कमा नेपाल–अंग्रेजयुद्धको दोस्रो चरणसम्बन्धी अर्को एउटा पत्र प्रकाश गरिरहेछु। वीरपुस्तकालयको संग्रहमा रहेको यस पत्रको मूल रूप यस प्रकारको छ–

श्री दुर्गा सहायः

स्वस्ति श्रीसर्वोपमायोग्येत्यादिसकलगुणगरिष्ट राजभारोद्धारणसाँमर्थ श्रीश्रीश्रीश्रीश्रीश्रीजर्णेल बाबाज्यूका[1] चरणतल तथा श्रीश्रीश्रीकाजि बाबा रणध्वज थापाकेषु[2] इत श्रीउजीरसींह थापाकस्य[3] कोटि साष्टांग दंडवत् सेवा ३ पूर्बकपत्रमिदं.

आशिर्वादले जांहा कुशल छ. ताँहाँ चरण कुशलमंगल भया हाम्रो उद्धार प्रतिपाल होला. आगे जाँहाँको हकिगत्[4] भलो छ.

---

१. जर्णेल बाबाज्यूका = ज. भीमसेन थापाका। २. पूर्णिमा २ अङ्कको ७० पृष्ठमा रणध्वज थापाको परिचय हेर्नुहोस्। ३. पूर्णिमा ६ अङ्कका ६८–६९ पृष्ठमा उजिरसिंह थापाको परिचय हेर्नुहोस्।

४. हकिगत् = हालखबर।

फाल्गुणबदि ६ रोज २[1] का दिन लेषनुभयाको कृपापत्र एहि बदी १० रोज ५[2] का रात्रीमा आयो. अर्थ शीर चऱ्हाञाँ.

उप्रान्त हामीहेरु हेटौंडा[3] आई रापदिका[4] तिरमा बस्याको कुईरचालाई[5] हान्न[6] पठाउँदा बिछाषोरिको चुरचा[7] नाघी ओढ[8] आयो भन्न्या षबर आउँदा चुरचा नाघी कुईरचाको फौज आयापछि लस्कर[9] षजाना[10] उकासी पाहाडको बलियो गरी बस्न्या हो भन्न्या सल्लाह ठहर्दा लस्कर षजाना सबै उकासि मकवानपूरगढीमा[11] आञौ. १ जना तिळंगा[12] हाम्रो घायळ भयो. उस्का[13] १५।२० जना षेत् रह्या[14]. केहि घायळ् गया[15]. ३ पट्टिले ठिगन्[16] निस्कन्या बाटो रोकी बस भनी अऱ्हाई पठाञौं. नयाँ फयळ[17] चिसापानीगढिमा[18] पठाञौं. २ पट्टि तिष्टुं पाल्हुंतिर[19] पठायौं. कप्तान् सर्बजित् थापा[20] भगवन्तहरुलाई पनी लस्कर षजाना उकासि परेवाकोट कान्द्राङ[21] उपद्राङ[22] कविलासपूरका डाँडा बलियो गरी बस भनी लेषी पठाञौं भनी चौतरीया[23]

---

१. वि.सं. १८७२ फाल्गुनकृष्णपञ्चमी ९ पला छ । पञ्चमीको दिन फागुन ९ गते आइतवार पर्छ । षष्ठी टुटेको छ । सप्तमी ५२।९ छ। सप्तमीको दिन फागुन १० गते सोमवार पर्छ । यहाँ सोझै गनी पञ्चमीपछि षष्ठी लेखी षष्ठीको दिन सोमवार लेखिएको देखिन्छ । यस कारण भीमसेन थापाले लेखेको पत्र फागुन १० गतेको देखिन्छ। २. एहि बदी १० रोज ५ = फागुन १३ गते बिहिवार।

३. काठमाडौंबाट १२ कोस जति दक्षिणपश्चिममा हेटौंडा छ। ४. मकवानपुरबाट ३ कोस जति पश्चिमतिर रापती खोला छ । काठमाडौंबाट ६½ कोस जति बरसम्म यो खोला आइपुगेको छ। ५. कुईरचालाई = अंग्रेजलाई । ६. हान्न = हमला गर्न। ७. बिछाषोरिको चुरचा = भिछाखोरीमा पर्ने चुरे पहाड । काठमाडौंबाट १५ ½ कोस जति दक्षिणपश्चिमतिर भिछाखोरी छ । आजभोलि भिछाखोरीलाई अमलेखगञ्ज भनिन्छ । ८. ओढ = वर।९. लस्कर = फौज ।१०. षजाना = हातहतियार । ११. काठमाडौंबाट ११ कोस जति दक्षिणतिर मकवानपुरगढी छ । १२. तिळंगा = सिपाही। १३. उस्का = अंग्रेजका । १४. षेत् रह्या = मरे। १५. घायळ् गया = घाइते भए। १६.काठमाडौंबाट ८ कोस जति दक्षिणमा ठिङ्गन छ ।१७. फयळ = फौज । १८.काठमाडौंबाट ६½ कोस जति दक्षिणपश्चिममा चिसापानीगढी छ। १९. काठमाडौंबाट ५ कोस जति पश्चिमदक्षिणमा तिस्टुङ छ। तिस्टुङनजीकै पालुङ छ । २०. सर्वजित् थापाको परिचय पूर्णिमा ६ अङ्कको ७०–७१ पृष्ठमा हेर्नुहोस् । २१. चिसापानीगढीदेखि पश्चिमपट्टि कान्द्राङगढी छ । २२. कान्द्राङगढीदेखि पश्चिमपट्टि उपरदाङगढी छ । २३. चौतरीया = प्राण शाह ।

वि. सं· १८५५ मा गीर्वाणयुद्धलाई राजगद्दीमा राख्दा भारादारहरूले पछि विरोध नगरून् भनी रणबहादुर शाहले उनीहरूलाई ताम्रपत्र गराएका थिए । ताम्रपत्र गर्दा भारादारहरूको तीनपुस्ते लेखिएको थियो । "श्री ५ रणबहादुर शाह" को ११८–१२३ पृष्ठमा सो तीन पुस्ते छापिएको छ ।

त्यहाँ प्राण शाह र शमशेर शाहको तीन पुस्ते यस्तो छ–

"विर्वाहु शाहीका नाति जीव शाहका छोरा प्राण शाह
ऐंका नाति ऐंका छोरा शमसेर शाह"

(१२० पृष्ठ)

त्यहाँ हस्तदल शाह, रुद्रवीर शाह र बम शाहको तीनपुस्ते यसरी दिइएको छ–

"श्रीचन्द्रूप शाहका नाति श्रीविर्वाहु शाहको छोरा हस्तदल शाह"
ऐंका नाति ऐंका छोरा रुद्रवीर शाह
ऐंका नाति ऐंका छोरा चौतारिया बम् शाह

(१२१ पृष्ठ)


यताबाट जीव शाह, हस्तदल शाह, रुद्रवीर शाह र बम शाह दाजुभाइ, यिनीहरूका बाबु वीरबाहु शाह, बाजे चन्द्ररूप शाह देखिन्छन् ।

चन्द्ररूप शाहको परिचय गोरखावंशावलीबाट पाउन सकिन्छ । जस्तै—
......श्री ५ महाराज रुद्र साह परमधाम हुनुभयो. वाहाँको काजक्रिया भैसक्यापछि...... श्री ५ महाराज पृथ्वीपति साह गादिमा राज गर्नुभयो.........श्रीचन्द्ररूप साह...साहेब पैदा हुनुभयो.


(दोस्रो संस्करण ५८-५९पृष्ठ)

यताबाट चन्द्ररूप शाह, गोरखाली राजा पृथ्वीपति शाहका छोरा देखिन्छन् ।

यी प्रमाणअनुसार यिनीहरूको वंशक्रम यस प्रकारको देखिन्छ—




तर पर्सिवल ल्यान्डनको "नेपाल"मा र अम्बिकाप्रसाद उपाध्यायको "नेपालको इतिहास"मा भने यस्तो वंशक्रम छापिएको छ—




तीनपुस्तेबाट दाजुभाइ देखिएका जीव शाह, हस्तदल शाह, रुद्रवीर शाह, बम शाहमध्ये यताबाट जीव शाहचाहिं विष्णुरूप शाहका छोरा, हस्तदल शाह, रुद्रवीर शाह, बम शाहचाहिं विष्णुरूप शाहका भाइ वीरभ शाहका छोरा देखिए ।

कर्णेल् + काजीहरुको ❀ चिठी आयो र अब पाहाड बलियो गर्न्या हो भन्नार्थले कंपुका २ पट्टि तिष्टु पाल्हुंतिर पठाऔं. चौतरीया पुष्कर साह ▣ काजी जंगवीर पाँडेप्रभृति भारादार सुबेदार

---

तीनपुस्तेमा जीव शाह, हस्तदल शाह, रुद्रवीर शाह, बम शाह यी ४ दाजुभाइका बाबु लेखिएका वीरबाहु शाहको चाहिं पर्सिवल ल्यान्डनको वंशक्रममा नाउँ देखिएन ।

यसरी २थरी कुरा देखिएकाले तीनपुस्ते तात्कालिक भएकोले त्यसलाई प्रामाणिक संझी पूर्णिमा ७ अङ्कको ७७ पृष्ठमा प्राण शाहको वंशक्रम मैले यसरी प्रकाश गरें—

पृथ्वीपति शाह
|
चन्द्ररूप शाह
|
वीरबाहु शाह
|
जीव शाह
|
प्राण शाह

"जीव शाहका बाबु त विष्णुरूप शाह हुन्, वीरबाहु शाह होइनन्, बीरबाहु शाह त कान्छा बाबु हुन् । चन्द्ररूप शाहका दुइ छोरामध्ये जेठाको नाउँ विष्णुरूप शाह र कान्छाको नाउँ वीरबाहु शाह हो । पर्सिवल ल्यान्डनको कितापमा गलतीले वीरबाहु शाहको नाउँ वीरभ शाह पर्न गएको हो। अरू वंशक्रम ल्यान्डनकै ठीक छ । सो वंशावली मेरा बुबाले बनाइबक्सेको हो " भनी चौ. पूर्णचन्द्र शाहले सो छापिइसकेपछि भन्नुभयो ।

यस विषयमा अहिले बढ्ता बोल्न हामी असमर्थ छौं ।

प्राण शाहको अरू परिचय पूर्णिमा ७ अङ्कको ७७ पृष्ठमा हेर्नुहोस् ।

+ कर्णेल् = रणवीरसिंह थापा । रणवीरसिंह थापाको परिचय पूर्णिमा ७ अङ्कको ७८ पृष्ठमा हेर्नुहोस् ।

❀ काजी = दलभञ्जन पाँडे ।

लर्ड हेस्टिङ्स कम्पनीसरकारका गभर्नर जर्नेल भई भारत आएपछि बुटौल र स्युराजको सिमानासम्बन्धी झगडा टुङ्गो लाउन जाने नेपाली प्रतिनिधिमा यी दलभञ्जन पाँडे पनि थिए । ("अमरसिंह थापा" को ५७ पृष्ठ हेर्नुहोस् ।)

पूर्णिमा ७ अङ्कको ७८–७९ पृष्ठमा दलभञ्जन पाँडेको अरू परिचय हेर्नुहोस् ।

▣ पुष्कर शाह, प्राण शाहका भाइ हुन् । (अम्बिकाप्रसाद उपाध्यायको 'नेपालको इतिहास' २ संस्करणको श्री ५ महाराजाधिराजहरूको वंशावली हेर्नुहोस् । ) यिनी वि. सं. १८४१ मा जन्मेका हुन् । वि. सं. १८८८ मा यिनी डोटीका शासक थिए । ("ऐतिहासिक पत्रसंग्रह" दोस्रो भागको १०६–१०९ पृष्ठ हेर्नुहोस् ।)

ढाक्रचाहरु[1] चिसापानीगढी गयाका छन्. काजी किर्त्तिध्वज पाँडे कपर्दार[2] गरुडध्वज पाँडे[3] प्रभृति केही ढाक्रचा ठिंगनतिर गया.

एसै बिचमा चन्द्रसेषर पाध्या[4] आईपुग्या. षबर सोद्धा भारी फौज् लि अष्तर्लोनी आयाको छ. भरिसक्य गर्न्याछ. गजराज मिश्रज्यूलाई[5]

---

रङ्गनाथ पौडेलले प्रधानमन्त्रित्वबाट राजीनामा गरेपछि यी पुष्कर शाह प्रधानमन्त्री बने। यिनी त्यस बेला चीनमा सौगात पुरचाई भरखर फर्केका थिए। यिनको मन्त्रिपरिषद्मा रणजङ्ग पाँडे पनि लिइएका थिए। ( ओल्डफील्डको "स्केचेस् फ्रम् निपाल" (नेपालको वर्णन) पहिलो भागको ३१३ पृष्ठ हेर्नुहोस्। )

वि. सं. १८९५ को पूसतिर त्यस मन्त्रिपरिषद्को अध्यक्षता रणजङ्ग पाँडेको हातमा गयो। (ऐको ३१५ पृष्ठ हेर्नुहोस् )।

वि. सं. १८९७ आषाढमा सरकारदेखि असन्तुष्ट फौजी जवानले यी पुष्कर शाहको घर बिगारिदिएका थिए। ( ऐको ३१७–३१८ पृष्ठ हेर्नुहोस्। )

वि. सं. १८९७ फागुन १ गते पुष्कर शाहको देहान्त भएको कुरा कान्तिपुर मछिन्द्रबहालको शान्तिसफुमा टिपिएको छ। जस्तै—

सं. ९६१ माघकृष्णपंचमि बुधवार थ्व कुन्हुया रात्रिस पोषत शाहि चौत्रा सोर्ग्गारोहन जुओगु दिन जुर॥

[ ने. सं. ९६१ ( वि. सं. १८९७ ) माघकृष्णपञ्चमी ( पूर्णान्तिमानले फाल्गुनकृष्णपञ्चमी= फागुन १ गते) बुधवारको राति पोषत शाहि (पुष्कर शाह) चौतरियाको स्वर्गवास भयो। ]

प्रा. श्रीतोत्रराज पाँडे र श्रीगुरु पं. नयराज पन्तको "नेपालको संक्षिप्त इतिहास" मा पुष्कर शाहको मृत्यु वि. सं. १८९८ मा भयो भनी लेखिएको छ। जस्तै—"९८ साल…पुष्करशाहको देहान्त भएको" (१८९ पृष्ठ )तर माथिको प्रमाणबाट वि. सं. १८९७ मै पुष्कर शाहको मृत्यु भएको देखिएकोले १ वर्ष फरक परेको देखिन्छ।

1 ढाक्रचाहरू=हाल जागीरमा बहाल नभएकाहरू।

2 राजाका लुगा गहना र भान्साको देखरेख गर्ने काम कपरदारको हुन्थ्यो। (पूर्णिमा २ अङ्कको ६८ पृष्ठ हेर्नुहोस्। )

3 यी गरुडध्वज पाँडे, भोटु पाँडेका छोरा हुन्। ("संस्कृत–सन्देश" २ वर्ष ४।५।६ अङ्कका २९–३० पृष्ठमा छापिएकोविष्णुमतीको भोटु पाँडेको अभिलेख हेर्नुहोस्।)

भोटु पाँडे, दलभञ्जन पाँडेका कान्छा बाबु हुन्।

4 चन्द्रशेखर उपाध्यायको परिचय पूर्णिमा ५ अङ्कको ५८ पृष्ठमा हेर्नुहोस्।

5 श्री ५ महाराजाधिराजको कुलपरम्परागत मिश्र राजगुरुवंशका यी गजराज हुन्। वि. सं. १८४८ फागुन २२ गतेको नेपाल–अंग्रेजवाणिज्यसन्धि गराउनामा यिनको ठूलो हात थियो। ("याङ्लो नेपलीज् रिलेशन्स् (अंग्रेजनेपालसम्बन्ध)" को १७० पृष्ठ हेर्नुहोस्।)

श्री ५ रणबहादुर शाहले गीर्वाणयुद्धलाई राजा बनाउन भारादारहरूलाई सही गराउँदा यी गजराजले सहिछाप नगरी रणबहादुर शाहको यस कामको विरोध गरेका थिए। ("इतिहास–प्रकाश" १ अङ्कको २१ पृष्ठ हेर्नुहोस्। )

बनारस 1 जाउ भनी बिदा गरचो. मलाई पनी एतातिर बिदा दियो भन्या कुरा गरचा र जाँहाँबाट काजी बषतबारसिं थापा2 र चन्द्रशेषर पाध्यालाई गजराज मिश्रज्यूलाई लिकन जर्णेल अषतर्लोनिसित गैं बातचित् गर्नु भनी पठाउ भन्या हुकुम् हुंदा फाल्गुणका दिन १० जांदा सोमवारको सायत् गरी मङ्गलवार हिंड्छन्. वाँहाँ पुग्यापछिको षबर जो होला सो लेषौंला. तेस्तरफ बढि आयो भन्या गौं पारी3 काटि हटाउँन्या काम गर्न तँ जान्यँछस् भनी लेषनुभयाको बिस्तार बुझ्याँ.

नेपालराज्यलाई दक्षिणतरफ श्रीइश्वरले बनाइदियाको आड परीषाल माहाँभार(त)4को लेष् चुरचाको डाँडो चुरचामनीको ठूलो जंगल ३ गीर्दा5 हो.

ठुला जंगलमा दाहिना बाउंबाट डेउढा मारी चुरचाका आडमा थाम्न्या काम् गर्नले नपुगी बिछाबोरीको चुरचा नाघी कुइरचाको फौज् आयापछी हान्न गयाका फौजले हेटौंडामा बसि केही पुगन्या थियेन. पाहाड बलियो गर्नानिमित्त मकवानपूरगढीमा आफु बस्न्या र चिसापानीगढी ठिगन् जान्या रस्ता6 रोकी पट्टि राषन्या र बस्न्या काम् बढियै गरचाछन्.

ताँहाँबाट पनी चिसापानी ठिगन् तिष्टुं पाल्हुंका संभारलाई भारादार ढाकरचाहरु सबैलाइ पठाउनुभयाको बढिया भयेछ.

अबउप्रान्तको हाम्रो जोर चिसापानीलगायत् पूर्व पश्चिम माहाँभार(त)को डाँडो रह्यो. तेसमा मजबुत गरी थाम्न्या काम भयो भन्या बैसाषदेषी पुढोको7 औलो पनी हामीलाई बढिया उसलाई घटिया हुन्याछ.

ताँहाँदेषी अघी पाहाडमा पनी कतै छिर्न पायो भन्या थाम्न समाळन् उकालो पर्न्याछ.8

---

अब्दुलकादिर खाँको दल पनि गजराज मिश्रको प्रयत्नले नेपाल आउन समर्थ भएको थियो । ("अंग्रेज–नेपाल सम्बन्ध" को १७० पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १८५८ कार्तिक १२ गतेको नेपाल–अंग्रेजसन्धि गराउनामा पनि यो गजराजको ठूलो हात थियो । ("अंग्रेज नेपाल सम्बन्ध" को १७१ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १८६३ वैशाख १४ गते रणबहादुर मारिएपछि यिनी काशी आई बसेका थिए ।

अंग्रेजसँग युद्ध हुनुभन्दा अगाडि युद्ध थाम्नाको लागि चेष्टा गर्न यिनीसँग भीमसेन थापाले अनुरोध गरेका थिए । तर यिनले भीमसेन थापाको अनुरोधलाई स्वीकार गरेनन् । लडाई चलेपछि भने नेपालसरकार र कम्पनीसरकारको बीच सन्धि गराउन यिनले चेष्टा गरेथे । नेपालबाट धोलावट आएकोले पछि यिनी नेपाल फर्के । ("अमरसिंह थापा" को १६२–१६३ पृष्ठ हेर्नुहोस् ।)

वि. सं. १८७२ जेठ ४ गते युद्ध थामिएपछि सन्धि गर्न यिनै गजराज मिश्र र चन्द्रशेखर उपाध्याय गएका थिए । (पूर्णिमा ६ अङ्को ६७ पृष्ठ हेर्नुहोस् ।)

१. काठमाडौंबाट ९३ कोस जति दक्षिणपश्चिममा बनारस छ । २. पूर्णिमा ७ अङ्को ७५ पृष्ठमा बखतबारसिंह थापाको परिचय हेर्नुहोला । ३. गौं पारी = पहुँच पुग्ने विचार गरी । ४. मूल पत्रमा टुटेको अक्षरलाई ( ) भित्र राखिएको छ । ५. गीर्दा = वरिपरिको घेरा ।
६. रस्ता = बाटो ।
७. बैसाषदेषी पुढोको = वैशाखभन्दा पछिको ।
८. उकालो पर्न्याछ = धौधौ पर्नेछ ।

सोमाफिक् सर्वत्रका भारा पाँचलाई[१] ताकिति र बळ षजानाको यादगिरि[२] गर्नहुँन्याछ.

बिछाषोरीका चुरचामा तेस्तो पर्न गयापछा सु`मेश्वर[३] र अकबरका चुरचामा रहन्या फौजलाई तेस्तरफबाट पनी ब्रह्मचौराका रस्ताबाट पनी छेका पर्न्या[४] उठ्ठा लाग्न्या[५] काम हुँन्या थियो.

त्यो लस्कर षजाना उकासि डाँडा चढि अड्डा बाँधी बस्नु भनी अह्राउँन्या काम बढिया भयेछ.

भारि लस्कर ली आयाको छ. भरिसक्य गर्न्या छ भन्न्या षबर चन्द्रशेषर पाध्याले कहँदा गजराज मिश्रज्यूलीई [लाई] ली अषतर्लोनीछेउछे बात्चित् गर्नु भन्या हुकुम् हुँदा काजि बषतबारसिं थापा र चन्द्रशेषर पाध्या सोमवारको[६] सायत् गरी मंगलवार[७] हिडछन् भनी लेषनु-भयाका अर्थ काजको जोर् परी आयाका बेलामा साँम् दान् दंड भेद गरी थाम्न्या काम् गर्नु बढियँ हो.

तर ठुलो जङ्गल र चुरचा नछिचोल्दैमा गजराज मिश्रज्यू र चन्द्रशेषर पाध्यालाई नबस् भन्न्या जवाप् गरी बिदा दिन्या अषतर्लोनिले पाठका कुरा[८] गर्ला भनी चित्तले देषतैन. कदाचित् दैबचरीत्रले[९] तेसबीचमा दक्षिणतरफ[१०] किस्त लाग्यो[११] भन्या उस् किस्तले र तरचानीका[१२] औलाले अगुताईकन[१३] ललोपतो गरोस् तपनी शुद्ध घा[१४] हुँनु कठीनै छ. कुराले केहि दिन सावधान देषोया पनी षबर्दारि राषनै पर्न्याछ. तसर्थ पाहाडका डाँडाको अड्डा बाँधी गौं परचा हान्न्या नपरचा थाम्न्या तेहि काम् श्रेष्ट देषींछ. मनुष्यले गरी पुग्न्या काम् कुरा गर्नै हुँन्याछ.

येस्तरफका अर्थ जो भयाको षबर हिजो अस्ति चन्हाई पठायाका चिठ्ठी पुगी जाहेर भयो हो. जानतभर्को[१५] चाँहीन्या तद्वीर[१६] गरीराष्याको छ.

बढिकन आयो भन्या पाहाड जङ्गलको आड गरी काटी हटाउन्या काम् गर्न्यैछौं. गरचा पनी ताँहाको संभा(र) रह्या सर्वत्रको संभार रहन्या छ. ताँहा[17] बितौल[18] परचो भन्या अन्तका संभारले क्या पुग्छ.

जो भयाको षबर र बषत्माफिकको अति सिक्षा कृपा हुँदै रह्या बढिया होला. किमधिकं विज्ञचरणेषु.

इति सम्वत् १८७२ साल फाल्गुणकृष्ण ११ रोज ६ * मुकाम नुवाकोटगढी + शुभम्.

---

१. भारा पाँचलाई = भारादारलाई । २. यादगिरि = हेरविचार ।

३. काठमाडौंबाट दक्षिणपश्चिममा चितौन छ । चितौनको दक्षिणपट्टि सोमेश्वर पर्वतश्रेणी छ । ४. छेका पर्न्या = छेकिने । ५. उठ्ठा लाग्न्या = बसिरहेको ठाउँ छोडी जानुपर्ने ।

६. सोमवारको = फागुन १० गतेको । ७. मंगलवार = फागुन ११ गते ।

८. पाठका कुरा = सन्धि गर्ने कुरा । ९. दैबचरीत्रले = दैवको खेलले । १०. दक्षिणतरफ = भारततिर । ११. किस्त लाग्यो = गडबड भयो । १२. तरचानीका = तराईको। १३. अगुताईकन = आत्तिईकन । १४. घा = सन्धि ।

१५. जानतभर्को = जानेसम्मको । १६. तद्वीर = बन्दोबस्त ।

१७. ताँहाँ = राजधानीमा । १८. बितौल = बित्यास ।

* फाल्गुणकृष्ण ११ रोज ६ = फागुन १४ गते शुक्रवार । + काठमाडौंबाट ५१ कोस पश्चिममा नुवाकोटगढी छ । नुवाकोटगढी पालपामा छ ।

पालपामा खटिएका उजिरसिंह थापाले पालपाको नुवाकोटगढीबाट वि. सं. १८७२ फागुन १४ गते भीमसेन थापा र रणध्वज थापालाई लेखेको यस पत्रबाट नेपाल–अंग्रेजयुद्धको दोस्रो चरणसम्बन्धी केही कुरा बुझिन्छन्।

" "अंग्रेजहरू भिछाखोरीबाट बढ्दै बढ्दै रापतीको किनारामा आइपुगेकाले हामीहरू पहाडमा बलियो गरी बस्ने विचारले हेटौंडा छोडी हेटौंडाभन्दा ३ कोस जति पूर्वतिरको मकवानपुरगढीमा हातहतियार र फौजसमेत लिई आयौं । यसै वेला अंग्रेजको र हाम्रो भिडन्त हुँदा अंग्रेजतर्फका १५।२० जना मानिस मारिए तथा केही मानिस घाइते भए। हामीतर्फको १ जना सिपाही घाइते भयो। यसपछि हामीले अंग्रेजी सैन्यलाई छिर्न नदिन ठाउँठाउँमा फौज खटायौं" भनी मकवानपुरगढीबाट प्राण शाह, रणवीरसिंह थापा र दलभञ्जन पाँडेले हामीकहाँ पत्र लेखे।

यस पछि हामीहरूले पनि ठाउँ ठाउँमा सैन्य खटायौं।

यसै वेलामा अंग्रेजसँग सन्धि गर्न गएका चन्द्रशेखर उपाध्याय फर्की आए। " सन्धि हुन कठिन छ। अक्टरलोनी धेरै सैन्य साथ लिई आएको छ। उसले गुरुज्यू गजराज मिश्रलाई पनि मलाई पनि बिदा दियो " भनी चन्द्रशेखरले खबर ल्याए।

फेरि श्री ५ महाराजाधिराजबाट बखतबारसिंह थापा र चन्द्रशेखर उपाध्यायलाई गुरुज्यू गजराज मिश्रलाई साथ लिईकन सन्धिको कुरा मिलाउन जानू भनी खटाइबक्स्यो। उनीहरू यही ११ गते हिंड्छन्। " इत्यादि भनी भीमसेन थापाले फागुन १० गते लेखेको पत्र फागुन १३ गते उजिरसिंह थापाको हात परयो।

यी विषयमा उजिरसिंह आफ्नो विचार यसरी पोख्छन्—

" अंग्रेजी फौज भिछाखोरीबाट बढ्दै बढ्दै चुरे नाघी आइसकेकोले हाम्रो फौज हेटौंडामा बस्नाले केही फाइदा हुने थिएन। यस कारण हेटौंडा छोडी मकवानपुरगढी आई बसेको तथा अंग्रेजी फौजलाई बढेर आउन नदिन ठाउँठाउँमा फौज राखेको बढिया भएछ। यहाँहरूले पनि ठाउँठाउँमा फौज खटाई पठाउनुभएको बढिया भएछ।

चुरे नाघी शत्रु आइसकेकोले अब महाभारतको डाँडो नाघी आउन नसक्ने पार्नाका लागि हामीले बढी बन्दोबस्त गर्नुपर्छ। वैशाख लागेपछि अंग्रेजी फौजलाई तराईको औलोले पिर्ने हुँदा उसलाई नोक्सान हामीलाई फाइदा हुनेछ। हामीले बन्दोबस्त गर्न नसकी अंग्रेजी सैन्य छिरयो भने हामीलाई मुश्किल पर्नेछ।

सन्धि गर्न गएका गजराज मिश्र र चन्द्रशेखर उपाध्यायलाई फर्काइदिएपछि गजराज मिश्रलाई लिईकन फेरि बखतबारसिंह थापालाई र चन्द्रशेखर उपाध्यायलाई जानू भन्ने हुकुम भएको बढिया भएछ।

तर ठूलो जङ्गल र चुरे ननाघ्दै नै सन्धि नगरीकन गुरुज्यू र चन्द्रशेखरलाई फर्काउने अक्टरलोनीले अहिले आएर सन्धि गर्ला जस्तो मलाई लाग्दैन।

भारततिर गडबडी उठ्यो भने तथा तराईको औलोले टिक्न नसकी अंग्रेजले लोलोपोतो गरे तापनि राम्रो सन्धि हुन गाह्रै छ।

डाँडामा बसी आफ्नो पहुँच पुग्ने भए अंग्रेजी सैन्यमाथि बढेर हमला गर्ने पहुँच नपुग्ने भए आफ्नो रक्षा मात्र हामीले गर्नुपर्छ। "

अनि पालपातिरको कुरा उनी यसरी लेख्छन्—

"यता पालपातिर शत्रु बढी आएको खण्डमा हामी त्यसलाई काटी धपाउनेछौं। त्यतातिर (राजधानीतिर) रक्षा भएको खण्डमा सर्वत्र रक्षा हुन्छ। त्यतातिर नै रक्षा गर्न सकिएन भने अन्यत्र रक्षा गर्नाले केही हुँदैन।"

वि. सं. १८७२ फागुन १३ गते प्राण शाह, बखतबारसिंह थापा, रणवीरसिंह थापा र दलभञ्जन पाँडेले मकवानपुरगढीबाट श्री ५ महाराजाधिराजको हजुरमा लेखेको पत्र पूर्णिमाको ७ अङ्कमा प्रकाश गरिएको छ।

त्यस पत्रमा श्री ५ महाराजाधिराजबाट उनीहरूको नाउँमा फागुन १२ गते लेखिएको पत्रको चर्चा परेको छ।

"काजी बखतबारसिंह थापा ताँहाँ पुग्यापछि कस्तो पाठ हुंछ. सो बिन्ति गरी पठाउनु" भनी त्यस पत्रमा लेखिएबाट बखतबारसिंह थापा त्यो पत्र लेखिएको वेलामा काठमाडौंबाट मकवानपुरतिर हिंडिसकेका देखिन्छन्।

यस पत्रमा चाहिं बखतबारसिंह थापा र चन्द्रशेखर उपाध्याय ११ गते सन्धि गर्न जान्छन् भन्ने कुरा परेको छ। तर माथि उल्लेख गरिएको पत्रबाट १३ गते उनी मकवानपुरगढीमा बसेका देखिन्छन्।

प्राण शाहहरूले पठाएको पत्र फागुन १२ गतेको पत्रको जवाफमा फागुन १३ गते लेखिएको हो। अहिले प्रकाश हुन लागेको पत्रचाहिं फागुन १० गतेको पत्रको जवाफमा फागुन १४ गते लेखिएको हो।

काठमाडौंबाट मकवानपुरगढी ११ कोस पर भएकोले यताबाट पठाएको पत्र भोलिपल्ट नै त्यहाँ पुगिहाल्यो। नुवाकोटगढीचाहिं ५१ कोस पर भएकोले काठमाडौंबाट पठाएको पत्र चारौं दिनमा मात्र त्यहाँ पुग्यो।

यस कारण १० गतेको पत्रको जवाफमा लेखिएको हुनाले १४ गते जवाफ लेखिए तापनि १० गतेकै कुरा पर्‍यो। प्राण शाहहरूले पठाएको पत्रचाहिं १२ गतेको पत्रको जवाफमा १३ गते लेखिएकोले १२ गतेको कुरा पर्‍यो।

यस कारण मितिको हिसाबले प्राण शाहहरूले पठाएको पत्रभन्दा यो पत्र पछिको भए तापनि १० गतेको पत्रको जवाफमा लेखिएको हुनाले कुराको हिसाबले पुरानो भयो।

यस कारण पछि अर्कै बन्दोबस्त भई बखतबारसिंह सन्धि गर्न नखटिई मकवानपुरगढीमा खटिएका जस्तो देखिन्छ।

—०—

# पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति

—नयराज पन्त

२५ रुपैयाँमा ५ कुरुवा तेल बजारमा पाइन्छ भने १ मुरी तेलको कति पर्ला भन्दा—

| वस्तु | | मोल |
|---|---|---|
| १ कुरुवा तेलको | | ५। रुपैयाँ |
| २ ,, | ,, | १०। ,, |
| ३ ,, | ,, | १५। ,, |
| ४ ,, | ,, | २०। ,, |
| ५ ,, | ,, | २५। ,, |
| ... | ... | ... ... |

—हुन्छ

१ कुरुवाभन्दा २ कुरुवा दुइगुना छ। १ कुरुवाको मोल ५ रुपैयाँभन्दा २ कुरुवाको मोल १० रुपैयाँ दुइगुना छ।

१ कुरुवाभन्दा ३ कुरुवा तीनगुना छ। १ कुरुवाको मोल ५ रुपैयाँभन्दा ३ कुरुवाको मोल १५ रुपैयाँ तीनगुना छ।

यसै गरी १ कुरुवाभन्दा ४ कुरुवा चारगुना छ। मोलमा पनि ५ भन्दा २० चौगुना छ। यस्तै अन्त पनि छ।

अर्थात् वस्तुको पहिलो प्रमाणभन्दा पहिलो मोल जति गुना हुन्छ, वस्तुको दोस्रो प्रमाणभन्दा दोस्रो मोल पनि त्यति गुना नै हुन्छ। यो गुना सधैं स्थिर रहन्छ। यहाँ वस्तुभन्दा मोल पाँचगुना छ। यस्तो ठाउँमा त्रैराशिक लाग्छ।

१ मुरी भनेको ८० कुरुवा हो। यस कारण—

| प्रमाण | प्रमाणफल | इच्छा |
|---|---|---|
| ५ कुरुवा | २५ रुपैयाँ | ८० कुरुवा |

$$\text{इच्छाफल} = \frac{२५ \times ८०}{५} = ४०० \text{ रुपैयाँ}$$

यस कारण १ मुरी तेलको ४०० रुपैयाँ पर्छ।

यो कुरो लाटो हिसाबबाट पनि आउँछ। जस्तै—

१ कुरुवाको ५ रुपैयाँ भएपछि ४ कुरुवा (१ पाथी) को २० रुपैयाँ पर्ने भयो। १ पाथीको २० रुपैयाँ परेपछि २० पाथी (१ मुरी) को ४०० रुपैयाँ पर्ने भयो।

तर—

| | |
|---|---|
| १ को वर्ग १ | २ को वर्ग ४ |
| ३ को वर्ग ९ | ४ को वर्ग १६ |
| ५ को वर्ग २५ | ६ को वर्ग ३६ |
| ७ को वर्ग ४९ | ८ को वर्ग ६४ |
| ९ को वर्ग ८१ | १० को वर्ग १०० |

—हुन्छ ।

यहाँ पहिलो राशिभन्दा पहिलो वर्ग एकगुना छ । दोस्रो राशिभन्दा दोस्रो वर्ग दुइगुना छ। तेस्रो राशिभन्दा तेस्रो वर्ग तीनगुना छ । अर्थात् गुना स्थिर छैन । यस कारण वर्गमा त्रैराशिक लाग्न सक्तैन । गुना स्थिर नभए पनि त्रैराशिक लाग्छ भनी बलात्कारपूर्वक त्रैराशिक गर्ने हो भने—

| प्रमाण | प्रमाणफल | इच्छा |
|---|---|---|
| ५ | २५ | १० |

$$\text{इच्छाफल} = \frac{२५ \times १०}{५} = ५०$$

अर्थात् ५ को वर्ग २५ हुन्छ भने १० को वर्ग कति होला भनी त्रैराशिक गर्दा ५० आउँछ। सो सर्वथा अशुद्ध हो, किनभने १० को वर्ग त १०० हुन्छ ।

वर्गको उल्टो वर्गमूल हो । २५ को वर्गमूल ५ हुन्छ । १०० को वर्गमूल १० हुन्छ । २५ को वर्गमूल ५ हुन्छ भने १०० को वर्गमूल कति होला भनी त्रैराशिक गर्दा २० आउँछ । सो सर्वथा अशुद्ध हो ।

यस कारण वर्ग र वर्गमूलमा त्रैराशिक लाग्दैन भन्ने स्पष्ट हुन्छ ।

यसै गरी—

| | |
|---|---|
| १ को घन १ | २ को घन ८ |
| ३ को घन २७ | ४ को घन ६४ |
| ५ को घन १२५ | ६ को घन २१६ |
| ७ को घन ३४३ | ८ को घन ५१२ |
| ९ को घन ७२९ | १० को घन १००० |

—हुन्छ ।

घनमा पनि त्रैराशिक लाग्दैन । २ को घन ८ हुन्छ भने ४ को घन कति होला भनी त्रैराशिक गर्ने हो भने १६ आउँछ । सो सर्वथा अशुद्ध हो, किनभने ४ को घन ६४ हुन्छ ।

घनको उल्टो घनमूल हो । घनमूलमा पनि त्रैराशिक लाग्दैन । ८ को घनमूल २ हुन्छ भने ६४ को घनमूल कति होला भनी त्रैराशिक गर्ने हो भने १६ आउँछ । सो सर्वथा अशुद्ध हो, किनभने ६४ को घनमूल ४ हुन्छ ।

यस कारण वर्ग, वर्गमूल, घन, घनमूलमा त्रैराशिक लाग्दैन भन्ने गणितज्ञहरूले सिद्धान्त बसाएका छन्। यस विषयमा भास्कराचार्यले बोलेको कुरा यो हो—

वर्गं वर्गपदं घनं घनपदं संत्यज्य यद् गण्यते
तत् त्रैराशिकमेव भेदबहुलं नान्यत् ततो विद्यते।
एतद् यद् बहुधास्मदादिजडधीधीवृद्धिबुद्धचा बुधै-
र्विद्वच्चक्रचकोरचारुमतिभिः पाटीति तन्निर्मितम् ।।४।।

( सिद्धान्तशिरोमणि प्रश्नाध्याय )

[ वर्ग, वर्गमूल, घन, घनमूललाई छोडेर जुन गणना गरिन्छ, त्यसभित्र त्रैराशिक नै नाना भेद लिएर आएको हुन्छ। त्रैराशिकबाहेक केही गणित छैन। हामी जस्ता मन्दबुद्धिको पनि बुद्धि बढोस् भनी असल बुद्धि भएका विद्वान्हरूले धेरै किसिमबाट त्रैराशिकको भेद पारी व्यक्तगणित बनाइदिएका हुन्। ]

यति कुराबाट त्रैराशिकबाट घनमूल ल्याउन सकिंदैन भन्ने कुरा स्पष्ट हुन्छ।

नेपालमा सबभन्दा पहिले गणितको पुस्तक छपाउने पण्डित गोपाल पाँडेले आफ्नो व्यक्तचन्द्रिकामा त्रैराशिकबाट घनमूल ल्याउने रीति लेखेका छन्। व्यक्तचन्द्रिकाको पहिलो संस्करणमा त्रैराशिकबाट घनमूल ल्याउने रीति छैन। तर दोस्रो, तेस्रो, चौथो संस्करणमा भने त्यो रीति प्रौढतापूर्वक लेखिएको छ।

यसरी नेपालका आफ्नो वेलाका श्रेष्ठतम गणितज्ञले त्रैराशिकबाट घनमूल ल्याउने रीति वारंवार प्रकाश गरिरहे। उनका छोरा चेला नातीहरू पनि गणितविषयका पुस्तक बनाउने भई निस्के +।

तर यसो भए तापनि गोपाल पाँडेको त्रैराशिकबाट घनमूल ल्याउने रीतलाई कसैले सकारेको देखिएन। सो रीति अशुद्ध हो भनी कसैले प्रतिवाद गरेको पनि सुनिएन।

व्यक्तचन्द्रिकालाई मैले सानै उमेरमा पढेको हुँ। त्यसमा रहेको त्रैराशिकबाट घनमूल ल्याउने रीतिलाई पनि देखेको हुँ। सो घनमूल ल्याउने रीति मैले केही पनि बुझिनँ। यस विषयमा मैले आफ्ना गुरुजन तथा इष्टमित्रहरूसँग पनि सोधपूछ गरें। तर कतैबाट पनि सो कुरो मैले बुझ्न पाइनँ।

---

+ गोरखाबीजगणित (१–४) भाग, विचित्र गणितको दोसरा भाग§ बनाउने पण्डित गुरुदत्त पाँडे, गोपाल पाँडेका माहिला छोरा हुन्। गणितसागर बनाउने अध्यापक गङ्गाप्रसाद श्रेष्ठ, गोपाल पाँडेका चेला हुन्। सरल बीजगणित बनाउने मास्टर मेरुनाथ पाँडे र पण्डित कविराज पाँडेमध्ये पहिला गोपाल पाँडेका चेला र दोस्रा गोपाल पाँडेका चेला तथा नाती हुन्। गोपाल पाँडेका जेठा छोरा पं. उदयदेवले नेपाली भाषामा विज्ञानविषयको पुस्तक बनाएका थिए। तर सो प्रकाशित भएको छैन।

§ विचित्रगणितको पहिलो भाग मैले देख्न सकेको छैन।

मैले पाँच छ वर्षको उमेरमा गोपाल पाँडेलाई देखेको थिएँ । त्यस बेला म रानीपोखरी संस्कृत-पाठशालामा मातामहसँग जान्थें । त्यहाँ प्रधान पण्डित श्रीगुरु सोमनाथ सिग्द्याल (हाल पण्डितराज) को कोठामा सवा दश साढे दशसम्म पण्डितमण्डलीको समागम हुन्थ्यो । त्यहाँ मातामह सँगसँगै म रहेको हुन्थें । सफा लुगा लाएका, मोजा लाएका, ढाकाको टोपी लाएका, पछ्यौरा ओढेका एक पण्डितलाई त्यहाँ मैले देखें । गोपाल पांडे भनेका तिनै हुन् भनी मातामहले मलाई एकान्तमा परिचय गराइदिनुभएको थियो । एक दिन मातामहले गोपाल पाँडे आए भनी हस्याङफस्याङ गर्दै आफ्नो कोठामा अत्यन्त आदरपूर्वक चकलामा राखी सानो किश्तीमा अंङ्गुल (फलविशेष) हाली चढाउनुभएको थियो । मातामहले यसरी कसैलाई पनि संमान गरेको मैले देखिनँ । त्यो दृश्य मैले सँझिरहेको छु । गोपाल पाँडेका लुगा संझे तापनि अनुहार म संझन सक्तिनँ । व्यक्त-चन्द्रिका छापिन छोडेको पनि ५१ वर्ष भइसक्यो । गोपाल पाँडेको स्वर्गवास भएको पनि ४५ वर्ष पुगिसक्यो । यसरी ती श्रेष्ठतम गणितज्ञ विस्मृतितिर जान लागिरहेछन् ।

पञ्चाङ्ग–संशोधनको काम ममा आइपरेको छ+ । यो काम वि. सं. २०१३ देखि २०१८ सम्म मबाट छुटेको थियो । त्यसपछि पण्डितवर पद्मप्रसाद भट्टराईज्यूको अनुरोधमा पञ्चाङ्ग–संशोधकहरूको सहायताले मैले अहिले यो काम गर्दै आएको छु ।

वि. सं. २०२२ मार्ग ८ गते नेपालमा सूर्यको वलयग्रहण लाग्ने थियो । रामजी, देवीप्रसाद, शङ्करमानहरूले केही महीना परिश्रम गरी सो ग्रहणको गणना कार्तिकको आधाआधीतिर गरिसिद्ध्याए । तीन जनाले भिन्नाभिन्नै गणना गरेका थिए र आफ्नो गणित आफुसमा भिडाई संशोधन गरेका थिए । उनीहरूले गरेको गणना पञ्चाङ्गविवेचक समितिले प्रकाश पनि गरेको थियो । उनीहरूले एउटा ग्रन्थको भरमा मात्रै सो गणना गरेका थिए । सकेसम्म धेरै ग्रन्थबाट भिन्न भिन्न गणना गराई सबैको तुलना गरी निधो गर्ने मेरो विचार थियो । तर त्यसो हुन सकेन । एउटै ग्रन्थबाट गणना गर्दा पनि ग्रन्थले बताएअनुसार शरमा दिनुपर्ने संस्कार दिन सकिएको थिएन, किनभने गणित धेरै थियो, अभ्यास कम थियो, समय थोरै थियो । जे भए तापनि हुनुज्यालसम्म गरी ग्रहणका परिलेखहरू प्रकाश गरिएका थिए । सो गणना कत्तिको मिल्छ भन्ने मलाई कुरिकुरी लागेको थियो । सो दिन सौभाग्यले बिहानै राम्रो घाम लाग्यो । म घरको कौसीमा बसी काँचमा मट्टितेलको ध्वाँसो लाई सो ग्रहण हेर्न लागें । मेरो साथमा रामजी र महेशराज पनि थिए । वलयग्रहण यस्तो हुन्छ भन्ने कुराको अनुभव मलाई थिएन । वलयग्रहण मैले देखें । मेरो मनले कल्पना गरेको रूपभन्दा धेरै फरक रूप त आएन, तर गणितमा अलिकता कसर रहेको मलाई अनुभव भयो ।

दैवज्ञशिरोमणि लक्ष्मीपति र उनका छोरा लीलानाथले गणना गरेका र आफ्नो गणना मिलेनमिलेको टिपेका केही वर्षका कागत मेरो कोठामा छन् । यस वलयग्रहणको आफआफ्नो अनुभव लेख्न भनी संशोधनमण्डलका सदस्य र संस्कृतमहाविद्यालयका शास्त्रिकक्षाका विद्यार्थीहरूलाई मैले प्रेरणा दिएँ । सबैले आफआफ्नो अनुभव लेखिदिए । यसमा वैद्य दिव्यवज्रको अनुभव पनि आएको थियो । स्वयम्भूको डाँडामा बसी दूरबीनको हेराइबाट भएको सो अनुभव थियो । सबैको अनुभवमा अलि अलि अन्तर थियो । ग्रहणको गणना गर्नेहरूले पनि आफ्नो गणितमा अलिकता

---

+ इतिहास–संशोधनको प्रमाणप्रमेयको उपोद्घातका ११—१४ पृष्ठ हेर्नुहोस् ।

अशुद्धि भएको अनुभव गरे। सो गणनालाई फेरि दोहोर्‍याई तेहर्‍याई अरू ग्रन्थसँग तुलना गर्ने सल्लाह मैले उनीहरूलाई दिएको छु। तर अहिलेसम्म त्यसो हुन सकेको छैन।

सो ग्रहणको दृश्य मेरो मनमा गहिरोसँग परेको छ। ग्रहण गणना गर्ने सूत्रहरू मेरो भित्री आँखाका सामुन्ने छन्। यसपछि ग्रहण गन्ने अरू अरू पुस्तक पनि मैले हेर्न थालें। बिहान म प्रायः तीन चार बजे करीबमा ब्यूँझन्छु। ब्यूँझेपछि कहिले कुनै विषयमा, कहिले कुनै विषयमा म विचार गर्न थाल्छु। ग्रहणपछि केही दिनसम्म मैले सो ग्रहणकै विषयमा विचार गरिरहें।

ग्रहणमा चन्द्रमा र सूर्यको गतिको विषयमा विचार राख्नुपर्छ। ग्रहको गति प्रतिक्षण विलक्षण भईरहन्छ। सूर्यको गतिमा कम विलक्षणता हुन्छ। यस कारण एक दिनका लागि सूर्यको गतिमा विलक्षणता हुँदैन भनी माने तापनि बाधा पर्दैन। सूर्यको गतिभन्दा चन्द्रमाको गति प्रायः १३ गुना छ। चन्द्रमाको गति धेरै भएको हुनाले त्यसमा रहेको अलिकता विलक्षणता पनि धेरै जस्तो हुन्छ। त्यस कारण चन्द्रमाको गतिमा एक दिनमै पनि विलक्षणता पर्न गएको अनुभव हुन्छ। त्यस कारण चन्द्रमाको तात्कालिक गति ल्याई काम गर्नुपर्छ भनी भास्कराचार्यले बोलेका छन्—

समीपतिथ्यन्तसमीपचालनं विधोस्तु तत्कालजयैव युज्यते।
सुदूरसञ्चालनमाद्यया यतः प्रतिक्षणं सा न समा महत्त्वतः ॥३८॥

( सिद्धान्तशिरोमणि स्पष्टाधिकार )

[ तिथ्यन्त नजीकमा छ भने र नजीकमा चालन दिनुपरेको छ भने चन्द्रमाको तात्कालिक गति बनाएरै चालन दिनुपर्छ। टाढा टाढा चालन दिनु छ भने अघि ल्याएको (२ दिनका स्पष्ट चन्द्रको अन्तररूप) स्थूल गतिले चालन दिनुपर्छ, किनभने चन्द्रमाको गति धेरै छ तथा प्रतिक्षण विलक्षण भइरहन्छ। ]

यस कारण एक एक घडी फरक पारी अझ सके आधा आधा घडी फरक पारी स्पष्टचन्द्र ल्याई त्यताबाट शर, नति, लम्बनहरू ल्याई गणित गर्न सके गणितमा विशेष शुद्धता आउन सक्छ। तर त्यसो गर्नु सजिलो छैन, किनभने एक समयका स्पष्ट चन्द्र ल्याउनालागि त गणकहरूलाई अत्यन्त परिश्रम पर्छ भने त्यसरी प्रत्येक घडीका चन्द्रमा ल्याई गणित गर्नु २।४ वटा गणकहरूको हातको काम हुँदैन। यस कारण तिथ्यन्त कालका स्पष्ट चन्द्र र शरमा त्रैराशिकद्वारा गति संस्कार गरी (चालन दिई) ग्रहण गन्ने चलन छ। यताबाट उपपत्तिबाट बस्न नसक्ने त्रैराशिक पनि व्यवहारमा प्रयोग नगरी सुख छैन भन्ने देखिन आउँछ। यो विचार बारंबार मेरो मनमा खेल्न लाग्यो।

चापको अनुपातबाट ज्या आउन सक्दैन। तर सानो चाप भएमा चापको अनुपातबाट ज्या ल्याउँछन्❀। यो पनि त्रैराशिक लाग्न नसक्ने ठाउँमा झक मारी त्रैराशिक गर्नुपरेको उदाहरण हो।

इत्यादि विचार गर्दा गर्दै केही दिनपछि मेरो मनमा ६२५ को वर्गमूल ल्याउँदा ६ बाट २ को वर्ग ४ घट्छ। बाँकी २ रहन्छ। दुइ अङ्क ओह्राल्दा २२५ हुन्छ। यहाँ मूलको बायाँतिरको अङ्क २ आएकोले ६२५ को मूल २० भन्दा धेरै ३० भन्दा थोरै हुने निश्चय छ। २० को वर्ग ४०० हुन्छ,

❀ पूर्णिमा ७ पूर्णाङ्कका ८३—८४ पृष्ठ हेर्नुहोस्।

३० को वर्ग ९०० हुन्छ। ४०० र ९०० को अन्तर ५०० हुन्छ। वर्गको अन्तर ५०० भएमा मूलमा अन्तर १० पर्न आउँछ। अर्थात् वर्गको अन्तर ५० भएमा मूलमा अन्तर १ पर्न आउँछ। यताबाट वर्गको अन्तर ५० भएमा मूलमा अन्तर १ पर्न आउँछ भने वर्गको अन्तर २२५ भएमा मूलमा अन्तर कति पर्ला भनी त्रैराशिक गर्दा ४ भन्दा धेरै ५ भन्दा थोरै अन्तर पर्न आउने देखियो। यस कारण मूलको दायाँतिरको अङ्क ४ वा ५ हुने देखिन आयो। ६२५ को मूल २५ हुन्छ। यताबाट त्रैराशिकद्वारा वर्गमूलको अडकल हुन सक्दो रहेछ भन्ने विचार मेरो मनमा फुऱ्यो। यताबाट म एकदम झल्याँस्स भएं। गोपाल पाँडेको त्रैराशिकद्वारा घनमूल ल्याउने रीतिको मलाई संझना भयो। मैले व्यक्तचन्द्रिका पल्टाई त्यहाँको घनमूलको रीति राम्रोसँग हेरें। जम्मै कुरा खुलस्त भयो। मलाई अत्यन्त आनन्द भयो। गोपाल पाँडेको गणितविषयक प्रतिभामा पनि मेरो श्रद्धा बढ्यो। धेरै वर्षसम्म नबुझी बल्लबल्ल बुझेको यो कुरोलाई प्रकाश गर्न पाए बढिया हुन्थ्यो भन्ने मेरो विचार भयो र गोपाल पाँडेले घनमूलको विषयमा बोलेका कुराको साथमा त्यसको व्याख्या हाली प्रकाश गर्नु मैले उचित सम्झें।

गोपाल पाँडेको गणितविषयक पाण्डित्य हामीहरूको लेखा आदरणीय छ। मेरा मातामह-सँग मैले सबभन्दा पहिले गणित पढेको हुँ। त्यसपछि पनि लीलावती, भास्करीय बीजगणित, ग्रहलाघव मैले मातामहसँग नै पढेको हुँ *। व्यक्तचन्द्रिका पनि मैले मातामहसँग नै पढेको हुँ।

मेरा मातामह गोपाल पाँडेमा राम्रो श्रद्धा राख्नुहुन्थ्यो। "अघि अघि नेपालमा शुद्धोको रीतिबाट हिसाब गर्थे ▣। गोपाल पाँडेले व्यक्तचन्द्रिका प्रकाश गरेपछि आजभोलिको रीति चलेको हो। मैले गोपाल पाँडेका पुस्तकबाट धेरै कुरा पढेको छु। "*तच्छास्त्रतो वृद्धधीः*△ (उनको ग्रन्थबाट मेरो बुद्धि बढेको हो) "यो कुरा मातामह बराबर भनिर-हनुहुन्थ्यो। "गोपाल पाँडेसँग पढ्न मैले इच्छा गरेथें। उनले पनि हुन्छ, पढाइदिन्छु भनेथे। तर

---

*हुनत ज्यौतिषमध्यमाका ग्रन्थ मैले रानीपोखरी–संस्कृतपाठशालामा श्रीगुरु पं. हेमनाथ भट्टसँग पढेको हुँ। तर रेखागणितबाहेक अरू ती ग्रन्थ घरमै मैले एकसरो पढिसकेको थिएँ।

▣ यस विषयमा म पछि लेख्नेछु।

△संपूर्ण श्लोक यस प्रकारको छ—

पूर्वे प्रौढतराः क्वचित् किमपि यच्चक्रुर्धनुर्ज्ये विना<br>
ते तेनैव महातिगर्वकुभृदुच्छृङ्गेऽधिरोहन्ति हि।<br>
सिद्धान्तोक्तमिहाखिलं लघु कृतं हित्वा धनुर्ज्ये मया<br>
तद्गर्वो मयि मास्तु किं न यदहं तच्छास्त्रतो वृद्धधीः ॥४॥

( ग्रहलाघव उपसंहाराधिकार )

[ उहिलेका केही ठूला विद्वान्हरूले कहीं कहीं ज्या र चापको गणित छोडी केही काम गरेथे। तिनीहरू त्यतिबाट नै गर्वले फुलेथे। मैले सिद्धान्तमा बताएका जम्मै कुरालाई ज्या चापको गणित नगरी यहाँ छोट्ट्याएर राखिदिएको छु। यस विषयको गर्व म लिन्न, किनभने उनीहरूकै ग्रन्थबाट मेरो बुद्धि बढेको हो। ]

आज आज, भोलि भोलि भन्दा भन्दै त्यसै बित्यो" भन्ने कुरा मातामह बराबर भन्नुहुन्थ्यो+। "व्यक्तचन्द्रिकामा रहेको अशुद्धि मैले देखाइदिएँ। यसमा मलाई दुःख लागेको छ" भन्ने कुरो पनि मातामह भन्नुहुन्थ्यो। "त्यसो भए हजुरले अशुद्धि किन देखाउनुभयो" भनी मैले भन्दा "के गर्नु, पढाउनुपर्‍यो, उनको उत्तर अशुद्ध थियो, उनलाई भन्दा मानेनन्, पछिबाट मैले त्यस्ता प्रश्न अरू अरू ग्रन्थबाट खोजेर लगी पण्डितहरूको सामुमा देखाइदिएँ। पछिल्लो संस्करणमा लामो कुरा लेखी उनले आफ्नो उत्तर सच्च्याए" भनी मातामह भन्नुहुन्थ्यो÷।

मेरा मामा मा. मेरुनाथ पाँडेसँग र मेरी आमाका फुपूका छोरा पं. कविराज पाँडेसँग पनि मैले हिसाब पढेको छु। उहाँहरूले गोपाल पाँडेसँग हिसाब पढ्नुभएको हो। यताबाट पनि गोपाल पाँडेप्रति मेरो आदर हुनु स्वाभाविक छ।

गोपाल पाँडेले लेखेका लोकानुस्मृति आदि पुस्तक बुद्धिवर्द्धक छन्। पञ्चाङ्गसंशोधन सबभन्दा पहिले छपाउने उनी नै हुन्। यी सबै कुराबाट हाम्रो देशमा बुद्धिको जागरण ल्याउने मानिसहरूमा गोपाल पाँडे पर्छन् भन्दा अत्युक्ति हुँदैन।

लौकिक परिस्थितिअनुसार मनुष्यको बुद्धि, आचरण बन्छ। जुन परिस्थितिमा गोपाल पाँडे जन्मे, बढे, पढे, सरकारिया जागीरमा रहे, ग्रन्थ लेखे तथा गए, सो परिस्थिति थोरबहुत फरक भई अहिले पनि हाम्रो देशमा छँदैछ। अहिले हामीलाई लेखपढ गर्न जति गाह्रो छ, त्यसभन्दा बढ्ता गाह्रो गोपाल पाँडेको समयमा हुँदो हो। किनभने त्यस वेला न यतिका छापाखानै थिए, न त यतिका विद्यार्थी नै थिए। तैपनि उनले साहस गरी ग्रन्थ लेखी प्रचार गरिछाडे। त्यस विषयमा उनीप्रति हामीले कृतज्ञ हुनु हाम्रो कर्तव्य हो।

त्रैराशिकबाट घनमूल ल्याउने जस्ता रीति लेखेर त हाम्रो बुद्धिको जालोलाई उनले हटाइदिएका छन्।

यी कारणबाट उनको जीवनचरित्र लेख्ने इच्छा मलाई भयो। उनको जीवनचरित्रमा साधारण मनुष्यको प्रवृत्तिभन्दा विलक्षणता हामी पाउँछौं। तर मेरो लेखा त्यति आदर्श त्या छैन। मेरा मातामहले र गोपाल पाँडेले पनि ९ वर्ष सँगसँगै रानीपोखरी संस्कृतपाठशालामा गणितको अध्यापनकार्य गर्नुभएथ्यो▣। मेरा मातामहभन्दा गोपाल पाँडे माथिल्ला कक्षाका

---

+ मेरा मातामहभन्दा गोपाल पाँडे १५।२० वर्ष जेठा थिए।

वि. सं. १९३४ मा संस्कृतपाठशाला खुलेपछि (त्यस वेला सो पाठशाला हाल विश्वज्योति सिनेमाहल रहेको ठाउँनिर थियो।) सो पाठशालामा मेरा मातामहले पं. डमरुवल्लभ पन्तसँग ९ सर्गसम्म माघ र सिद्धान्तकौमुदीको अलिकता भाग वि. सं. १९३७ सम्म पढ्नुभएको थियो। त्यस वेला गोपाल पाँडे सो पाठशालाका गणिताध्यापक थिए।

÷ यस विषयमा मातामहले लेखेर राख्नुभएका निकै कागत छन्। त्यस विषयमा पछि म लेख्नेछु।

▣ गोपाल पाँडे गणितविषयका र मेरा मातामह ज्योतिषविषयका भए तापनि दुवैतिर गणित थियो।

गणितज्ञ थिए । मेरा मातामहको विद्याले भन्दा चरित्रले मलाई बढ्ता प्रेरणा दिन्छ । गोपाल पाँडेको चरित्रले मलाई प्रेरणा दिँदैन । उनको खरो बानी र साहसी जीवनप्रति पनि मेरो मनमा आदर छ । तैपनि उनको सामान्य लौकिक जीवनलाई प्रकाश गरी उनको विद्याविषयमा विशेष विचार गर्ने मेरो इच्छा छ । मैले यसो गरिनँ भने अब २०।२५ वर्षपछि गोपाल पाँडेको जीवन-चरित्रको विषयमा अहिले मलाई थाहा भए जति कुरा थाहा हुन पनि मनुष्यहरूलाई गाह्रो पर्नेछ । यही संझेर उनको विषयमा सकेसम्म यथार्थ कुरा लेख्न म तम्सेको छु ।

यहाँ उपयोग गरिएका कुराहरू मेरा मातामह पं. भुवननाथ, मेरी आमा यज्ञप्रिया, मेरा मामा मा. मेरुनाथ, पं. कविराज(गोपाल पाँडेका जेठा छोराका जेठा छोरा), शिवराज (कविराजका भाइ)-हरूबाट सुनेबुझेका र पाएका प्रमाणका भरमा छन् । योभन्दा बाहेक अन्तबाट पाइएका प्रमाण-लाई तत्तत् ठाउँमा नाउँसाथ उपयोग गरेको छु ।

## गोपाल पाँडेको वंश तथा जन्म

गोर्खाका मणिरामका सुत बडा यात्री बलीराम् भया
तिन्का पुत्र हितै स्वदेशिजनको गर्न्या त गोपाल् भया + ।
प्राचीन् सब् कडि खोल् दिन्या अति असल् ग्रन्थै बनाईदिया
तिन्ले व्यक्तगणित् सहज् गरिदिया सज्जन्हरू खुस् भया ।।

( व्यक्तचन्द्रिका दोस्रो संस्करण तेस्रो खण्डको ४० पृष्ठ चौथो संस्करणको १८७ पृष्ठ)

यताबाट गोपाल पाँडेका बाबु बलिराम र बाजे मणिराम देखिन्छन् । कुलघर गोरखा देखिन्छ । यिनी वत्सभार्गव गोत्रका मीरपूत पाँडे हुन् ।

वि. सं. १९७७ माघशुक्लएकादशीमा गोपाल पाँडेको मृत्यु भएको हो । मृत्यु हुँदा उनको उमेर ७३ वर्ष जति% थियो ।

यताबाट वि. सं. १९०४ तिर उनको जन्म भएको देखिन्छ ।

## शिक्षा

धेरै ग्रन्थका रचयिता, प्रामाणिक संशोधक, धेरै विद्वान्हरूका गुरु बापूदेव शास्त्री आफ्नो विद्याले गर्दा भारतवर्षभर अझ बाहिर पनि प्रख्यात थिए तथा छन् । बापूदेव शास्त्री मेरा गुरु हुन्

---

+ व्यक्तचन्द्रिका तथा भूभ्रमणविचारमा उनले आफ्नो नाउँ गोपालदत्त पाँडे लेखेका छन् । लोकानुस्मृतिमा चाहिं गोपालराम पाँडे लेखेका छन् । यस कारण उनको चलतीको नाउँ गोपाल पाँडे नै हामीले यहाँ लिएका छौं । उनको भित्री नाम दयाराम पाँडे हो ।

% ७३ वर्ष वा ७६ वर्ष भन्ने अहिले अलि दोधार परेको छ ।

भनी गोपाल पाँडेले धेरै ठाउँमा लेखेका छन् △।

इष्टो त्र कर्णः प्रथमं प्रकल्प्यस्त्र्यस्त्रे तु कर्णोभयतः स्थिते ये।
कर्णं तयोः क्ष्मामितरौ च बाहू प्रकल्प्य लम्बावबधे च साध्ये।।२६।।

( लीलावती क्षेत्रव्यवहार )

[ चतुर्भुजमा पहिले एउटा कर्ण कल्पना गर्नू । त्यस कर्णको दुवैतिर एकएकवटा त्रिभुज बन्छन् । ती दुवै त्रिभुजको आधार सोही कर्ण हुन्छ । चतुर्भुजका भुजमध्ये दुइदुइटालाई ती त्रिभुजका भुज मानी दुवै त्रिभुजका लम्ब र आबाधा ल्याउनू ।

भास्करले इष्ट कर्ण कल्पना गर्ने विधि पनि दिएका छन् । भास्करले ब्रह्मगुप्त, श्रीधर, श्रीपति आदि गणितज्ञहरूका सूत्रमा दोष देखाउन लामो कुरा लेखेका छन् । भास्करको कुरो उपपत्तिसम्मत छ तापनि बालकहरूको लागि सो कुरो उपयुक्त छैन । मैले लीलावती पढेको ५।६ बर्षपछि मात्र भास्करले भनेको कुरा बुझेथें । यसमा गोपाल पाँडेले विद्यार्थीहरूलाई सजिलो हुने गरी कर्ण कल्पना गर्ने कुरालाई झिकी कर्ण थाहा पाएर मात्र गणना गर्न सकिन्छ भन्ने विधि दिएका छन् । सो कुराले गोपाल पांडेको गणितविषयको चातुर्य र पढाउने राम्रो योग्यता देखाउँछ । तर उनले माथिको सो श्लोकको '*प्रकल्प्यः*' को सट्टा '*विदित्वा*' पढी '*इष्टोऽत्र कर्णः प्रथमं विदित्वा*' ( व्यक्तचन्द्रिका दोस्रो संस्करण तेस्रो खण्डको १६ पृ., तेस्रो संस्करणको ९१ पृ., चौथो संस्करणको १४६ पृ. ) यस्तो पाठ दिएका छन्, सो पाठ गणितको दृष्टिबाट युक्तियुक्त भए पनि व्याकरणको दृष्टिबाट अशुद्ध छ । किनभने भास्करले 'प्रकल्प्यः' यो रूप कर्म अर्थमा ण्यत् प्रत्यय गरी बनाएका हुन्, त्यताबाट उक्त कर्म भएकोले 'कर्णः' यो रूप प्रथमान्त दिएका हुन् । गोपाल पाँडेले क्त्वा प्रत्ययान्त 'विदित्वा' रूप दिंदा कर्म अनुक्त भई द्वितीयान्त हुने हुनाले '*अत्रेष्टकर्णं प्रथमं विदित्वा*' भन्नुपर्थ्यो । त्यस कारण गोपाल पाँडेले आफ्ना गुरु बापूदेव शास्त्री सुहाउँदो व्याकरणविषयक ज्ञानलाई लिन सकेका रहेनछन् भन्ने देखिन्छ ।

गोपाल पाँडेले व्यक्तचन्द्रिकाको पहिलो, दोस्रो, चौथो यी तीन संस्करण नेपालीमा र तेस्रो

---

△ व्यक्तचन्द्रिकाको चौथो संस्करणका ८१,११५ पृष्ठ हेर्नुहोस् ।

बापूदेव शास्त्रीका धेरै ग्रन्थहरू अझ अप्रकाशित छन् । बापूदेव शास्त्रीको अप्रकाशित चापीय त्रिकोणमितिलाई श्रीगुरु पं. गणपतिदेव शास्त्री (बापूदेवका छोरा )कहाँ पाई मैले सारेर राखेको छु। बापूदेव शास्त्रीका चलनकलन शङ्कुच्छेदन आदि ग्रन्थ पनि छन् भनी पं. सुधाकरले गणकतरङ्गिणीमा लेखेका छन् ( २ संस्करण १२७ पृ.) । ती पुस्तक सार्ने इच्छा मैले गणपतिदेवसँग गरें । " मेरा पिताजीको देहान्त हुँदा म अत्यन्त सानो थिएं । पञ्चाङ्गहरू प्रकाश गर्नुपर्ने हुनाले मेरा पिताका चेला चन्द्रदेवहरूले हामीकहाँका पुस्तक लगी काम चलाएका थिए । दुर्भाग्यले पछि अकस्मात् चन्द्रदेवको मृत्यु भयो । ती पुस्तकमध्ये केही हिनामिना भए'' भन्ने जवाफ गणपतिदेवले दिनुभयो । बापूदेवले बनाएको उत्तरार्ध त्रिकोणमितिको हस्तलिखित १ प्रति गोपाल पाँडेकहाँबाट मेरा मामाले सारिलिनुभएको थियो । यस कारण उत्तरार्ध त्रिकोणमिति त हामीसँग छ भनी मैले भन्दा सो पुस्तक मलाई देउ, म सारेर फिर्ता दिन्छु भनी गणपतिदेवले मसँग भन्नुभयो र सोहीबमोजिम गर्नु पनि भयो । यताबाट पनि बापूदेवको केही विद्यासंपत्ति गोपाल पाँडेमा आएको स्पष्ट देखिन्छ ।

संस्करण हिन्दीमा प्रकाश गराएका छन् । लोकानुस्मृति र भूभ्रमणविचारचाहिं हिन्दीमा मात्र प्रकाश गराएका छन् । यताबाट हिन्दी भाषा गोपाल पाँडेलाई आउने देखिन्छ ।

हुनत बापूदेव शास्त्री महाराष्ट्र ब्राह्मण हुन्, उनको मातृभाषा मराठी हो। तर विभिन्न मातृभाषा भएका काशीका विद्वान्हरू संस्कृत वा हिन्दीमा पठनपाठन गर्ने हुनाले गुरुको प्रभाव उनमा परेको होला अथवा भारतको विद्वन्मण्डलमा आफ्नो यश फैलियोस् भनी उनले हिन्दीमा लेखेका होलान् ।

बापूदेव शास्त्रीको देहान्त भएको अहिले ७५ वर्ष भइसक्यो । उनको नाउँको पञ्चाङ्ग निस्कँदैछ । बापूदेवको देहान्त भएपछि उनका सुयोग्य चेलाहरूले गुरुको विद्यापरम्परालाई सानो रूपमा भए पनि कायमै राखेका थिए। यसबाट बापूदेवको शिष्यमण्डल पनि विद्यानुरागी थियो भन्ने स्पष्ट छ । सोही मण्डलको संसर्गबाट गोपाल पाँडे पनि गुरुभक्त र ग्रन्थकार भएका हुन् कि भन्ने अडकल हुन्छ । उनको शिक्षाको बारेमा यसभन्दा बढी हामीलाई थाहा छैन ।

लोकानुस्मृतिमा विभिन्न ग्रन्थहरूका उद्धरण दिएका हुनाले गणितबाहेकका विभिन्न ग्रन्थको पनि यिनले अध्ययन गरेको बुझिन्छ । कालिगडीविषयका कुरा पनि यिनका ग्रन्थमा पाइने हुनाले शिल्पशास्त्रको पनि यिनलाई अभ्यास भएको बुझिन्छ❀ । यी विषयमा पछि विचार गरिनेछ ।

## सरकारिया जागीर

श्री ३ रणोद्दीपसिंहको उदय नभएसम्म नेपालमा दुनियाँका छोराले पढ्न पाउने सरकारिया पाठशाला खुलेको थिएन । त्यस बेला विद्वानहरूले सरकारिया जागीर खान चाहेमा पठनपाठन-बाहेकको अरू अरू पेशा नै प्रायः लिनुपर्थ्यो ।

गोपाल पाँडेले पहिले पाण्ढकी = पानीबाट चल्ने ढिकी = टकसारमा जागीर खाए । कालिगडी र हिसाब पनि जानेका गोपाल पाँडेले पाण्ढकी अड्डा (हाल सिंहदरबार बनेको ठाउँ) मा केही वर्ष नोकरी गरे । वि. सं. १९३४ मा नेपालमा संस्कृतपाठशाला खुलेपछि गोपाल पाँडे त्यहाँ गणित शास्त्रका अध्यापक नियुक्त भए । सो पदमा उनी वि. सं. १९७६ सम्म रहे । यसरी केही वर्ष शिल्पकारिताको र ४२ वर्ष अध्यापकत्वको वृत्ति उनले लिएका थिए ।

राणा शासकहरूमध्ये वर्तमान शिक्षा राम्रो पाएकाहरूमा श्री ३ चन्द्र पहिला थिए । प्रवेशिका परीक्षामा उत्तीर्ण भएका हुनाले उनलाई केही गणित आउँथ्यो । उनले आफ्ना छोराछोरी तथा कान्छा महारानीको शिक्षाको लागि गोपाल पाँडेलाई आफ्नो दरबारमा शिक्षक नियुक्त गरेका थिए । अरू भारादारकहाँ पनि गोपाल पाँडेले शिक्षक भई काम गरेका थिए ।

---

❀ भारतमा हवाइजहाज आएपछि त्यसलाई हेर्न बिदा मागी उनी गएथे । यसबाट पनि शिल्पविद्याप्रति उनको अनुराग भएको बुझिन्छ ।

अन्तिम अवस्थामा उनको सरकारिया पाठशालाको मासिक वृत्ति ४५। रू÷ पुगेको थियो । ४। रू. लम्बरी थियो । त्यस वेलाका प्रधान पण्डित (हाल पण्डितराज) को वृत्ति तथा लम्बरी यति नै थियो।

# अरू कार्यहरू

श्री ३ रणोद्दीपसिंहको पालामा महाङ्कालदेखि उत्तरपट्टि रहेको खेतलाई पुरी टुंडिखेल बढाउने काम भयो। सो पुर्ने काम स्थपति (इन्जिनियर) भई गोपाल पाँडेले गरे ।

श्री ३ रणोद्दीपसिंहको पालामा वि. सं. १९४१ मा नेपालमा सर्वप्रथम पञ्चाङ्ग छापियो△। सो पञ्चाङ्ग नेपाली कागतमा नेपालमै छापिएको थियो। त्यसमा आश्विनशुक्लपूर्णिमाको चन्द्रग्रहणको विषयमा यस्तो लेखिएको थियो—

आश्विनशुक्ल १५ शनौ चन्द्रपर्व

| | | | |
|---|---|---|---|
| याम्यशराङ्गुलानि ३।५९ | रात्रीशेषघटी ९।९ | स्पर्शः | वर्णधूम्रः |
| चन्द्रबिम्बाङ्गुलानि ११।९ | रात्रीशेषघटी ६।२३ | संमीलनम् | वर्णकृष्णः |
| भूभाङ्गुलानि २८।२२ | रात्रीशेषघटी ४।३९ | मध्यः | वर्णपिङ्गलः |
| ग्रासाङ्गुलानि १५।४६ | रात्रीशेषघटी २।४७ | उन्मीलनम् | वर्णकृष्णः |
| खग्रासाङ्गुलानि ४।३७ | रात्रीशेषघटी ०।१ | मोक्षः | नेपाले तु ग्रस्तास्तम् |

[ आश्विनशुक्लपूर्णिमा शनिवार चन्द्रग्रहण

| | |
|---|---|
| दक्षिण शर अंगुल | ३।५९ |
| चन्द्रबिम्ब अंगुल | ११। ९ |
| भूभा (पृथ्वीको छाया) अंगुल | २८।२२ |
| ग्रास अंगुल | १५।४६ |
| खग्रास अंगुल | ४।३७ |

रात ९ घडी ९ पला बाँकी रहँदा स्पर्श वर्ण ध्वाँसे
रात ६ घडी २३ पला बाँकी रहँदा संमीलन वर्ण कालो
रात ४ घडी ३९ पला बाँकी रहँदा मध्य वर्ण कैलो
रात २ घडी ४७ पला बाँकी रहँदा उन्मीलन वर्ण कालो
रात १ पला बाँकी रहँदा मोक्ष
नेपालमा ग्रस्तास्त ]

---

÷ उस वेलाको भाउअनुसार यस विषयमा विचार गर्नुपर्छ। भाउ र वृत्तिको बारेमा केही विचार 'पूर्णिमा' ६ पूर्णाङ्कको ५५—६७ पृष्ठमा परेको छ। भाउविषयका अरू विचार पछि विस्तारपूर्वक हामी गर्नेछौं ।

△ इतिहास-संशोधनको प्रमाणप्रमेयको उपोद्घातका ११–१२ पृष्ठ हेर्नुहोस् ।

त्यसको संशोधन गोपाल पाँडेले नेपाली कागतमा यसरी छपाए—

श्रीसम्वत् १९४१ साल मिति आश्विन शुक्ल १५

शनिवारका दिन नेपाल काठमाडुमा चन्द्रपर्व ग्रस्तास्त छँन।

| स्पर्शकाल | | सन्मीलनकाल | | मध्यकाल | | उन्मीलनकाल | | मोक्षकाल | |
|---|---|---|---|---|---|---|---|---|---|
| घ. | प. | घ. | प. | घ. | प. | घ. | प. | घ. | प. |
| ५० | ३० | ५३ | २ | ५४ | ५६ | ५६ | ५० | ५९ | २२ |
| घं. | मि. | घं. | मि. | घं. | मि. | घं. | मि. | घं. | मि. |
| २ | २ | ३ | २ | ३ | ४८ | ४ | ३४ | ५ | ३४ |

सूर्योदयकाल— घं. मि.
५ ४९

गोपालदत्त पाडे

गोपाल पाँडेको संशोधन प्रामाणिक देखियो र उनले सरकारबाट धोसल्ला पाए। महीनाको ५। रू. जागीर बढ्यो। लम्बरी पनि बढ्यो। ×

# हामीलाई थाहा भएका ग्रन्थ

## १. व्यक्तचन्द्रिका

भास्कराचार्यले बनाएको लीलावतीको आधारमा☐ विभिन्न विषय थपी झिकी बनाइएको नेपाली भाषामा प्रकाशित गणितबिषयका पुस्तकमध्ये पहिलो यो हो। यसको पहिलो संस्करण वि.सं. १९४० तिर नेपाली भाषामा नेपाली कागतमा नेपालमै छापिएको हो। त्यसमा पहिलो खण्ड मात्र छ। यसको दोस्रो संस्करण वि. सं. १९५२ मा नेपाली भाषामा निर्णयसागरमा छापिएको हो। त्यसमा तीन खण्ड छन्। यसको तेस्रो संस्करण बि. सं १९६४ तिर हिन्दी भाषामा निर्णयसागरमा छापिएको हो। त्यसमा पनि तीन खण्ड छन्। यसको चौथो तथा पछिल्लो संस्करण वि. सं. १९७१ मा नेपाली भाषामा निर्णयसागरमा छापिएको हो*। त्यसमा पनि तीन खण्ड छन्।

---

× अर्को ग्रहणको पनि उनले संशोधन गरेका थिए। उनको सो संशोधन पनि प्रामाणिक ठहरिएको थियो। अघि जस्तै उनको यस कामको कदर भएको थियो भनी मातामह भन्नुहुन्थ्यो त्यो कुनचाहिं हो, अहिले मैले पत्ता लाउन सकिनं।

☐ बापूदेव शास्त्रीको लीलावतीको टिप्पणीबाट तथा उनै शास्त्रीको व्यक्तगणितबाट पनि यसमा सहायता लिइएको छ। अरू अरू ग्रन्थबाट, नेपालको चलनबाट तथा आफना अनुभव र कल्पनाबाट पनि यहाँ काम लिइएको छ।

*व्यक्तचंद्रिका

श्री ५ गोरखा सरकारका राजधानीका संस्कृत पाठशालामा
गणित शास्त्रका अध्यापक पण्डित गोपालदत्त पाडेले
स्वदेशीय विद्यार्थीहरुलाइ पहिले गणित पढदा सुगम हवस भनि बनाई
मुम्बइमा निर्णयसागर छापाखानामा छापियो विक्रमादित्यको सम्वत् १९७१

——भनी मुखपृष्ठमा लेखिएको छ।

प्रत्येक संस्करणमा नयाँ नयाँ कुराको समावेश हुँदै गएको छ । अन्तिम संस्करणमा जम्मा २२० पृष्ठ छन् ।

## २. लोकानुस्मृति

यसमा ऐहलौकिक तथा पारलौकिक विभिन्न मत मतान्तरको विवेचना गरिएको छ । यो ग्रन्थ हिन्दीमा लेखिएको छ । यसमा ४३ पृष्ठ छन् । यो वि. सं. १९५४ मा निर्णयसागरमा छापिएको हो+। यसमा—

"भूमिका

चालचलन दुरुस्त रखनेसे परमेश्वर भी सहायक होता है इसलिये अच्छा मझहब मानना चाहिये तथा अपने २ बुद्धिके अनुसार इज्जत कमानेके लिये अच्छा बन्दोबस्त हुवा मुळकभी चाहिये और सर्व प्रकारके काम करनेको जाननेके लिये बुद्धि बढानेका शास्त्रभी सीखना चाहिये । ये तीन उपाय उन्नति होनेका मुख्य कारण है इन वातोंका विचार किया हुवा एक ग्रन्थ हमको नहिं मिला तब कुच्छ लिखकर इस चालका कोइ ग्रन्थ मिलता है कि, पूछनेके लिये बनारस भेजा सो डमरू वल्लभ पोखरयालके हाथ लगगया फिर उसने अपना

---

+ सोपपत्तिक

लोकानुस्मृतिः

श्री ५ नेपाल सरकारके संस्कृत पाठशालाके

ज्योतिः शास्त्रके अध्यापक

पंडित गोपाल राम पाँडेने

वैदिक धर्ममें श्रद्धा करानेके लिये

वनायी

वह

मुंबईमे

जावजी दादाजीके 'निर्णयसागर' छापखानेमें छपा

सन १८९७

भनी मुखपृष्ठमा लेखिएको छ

यताबाट श्री ५ गोरखा सरकारको पर्याय श्री ५ नेपालसर्कार, गणित शास्त्रको पर्याय ज्योतिः शास्त्र, गोपालदत्त पाँडेको पर्याय गोपालराम पाँडे देखिन्छ ।

मन लगा लिखकर हमारे नामसे छपाया तब हमारी इज्जत माफिक लाचारीसे हमको लोका-नुस्मृति बनाना पडा तौभी हमने केवल उपक्रम किया है क्योंकि यह ग्रन्थ बडे २ बुद्धिमानोंने बनानेका है इस लिये हे महाशयलोगों इसमे बोली और अभिप्रायका चूक कृपाकर सुधार देना आपलोगोंको योग्य है.

प्रार्थयिता गोपाल राम शर्मा"

[ भूमिका

चालचलन असल राख्यो भने परमेश्वरले पनि सहायता गर्छन् । यस कारण असल धर्म मान्नुपर्छ । आफ्नो आफ्नो बुद्धिअनुसार इज्जत कमाउनाको लागि सुप्रबन्ध भएको राज्य पनि चाहिन्छ । सबै प्रकारको काम गर्न जान्नाको लागि बुद्धि बढाउने शास्त्र पनि पढ्नुपर्छ। यी तीन उपाय उन्नतिका मुख्य कारण हुन् । यी कुरामा विचार गरिएको एउटा पनि ग्रन्थ मैले पाउन सकिनँ र अलिकता लेखेर यस किसिमको कुनै ग्रन्थ पाइन्छ कि पाइँदैन भनी बुझ्न काशीमा मैले पठाएँ । मैले लेखेको त्यो कागत डमरुबल्लभ पोखरेलको हात परेछ र उनले आफ्नो मनमा लागेको कुरा लेखी मेरो नाउँबाट छपाए । तब मैले आफ्नो प्रतिष्ठा-अनुसार विवश भएर लोकानुस्मृति बनाउनुपर्‍यो । यो काम ठूलठूला विद्वान्हरूले गर्ने हो । मैले त यस कामको थालनी मात्र गरेको हुँ । यसमा रहेको भाषासंबन्धी र विचारसंबन्धी भूल-लाई कृपा गरी सज्जनहरूले सच्याइदिनुपर्छ ।

प्रार्थयिता—
गोपालराम शर्मा ]

## ३. भूभ्रमणविचार

पृथ्वी घुम्छ भन्ने विषयलाई यस पुस्तिकामा सिद्ध गरिएको छ । यसमा ६ पृष्ठ छन् । यो ग्रन्थ हिन्दीमा छ । बापुदेव शास्त्रीले "प्राचीनज्यौतिषाचार्याशयवर्णनम्" भन्ने सानो पुस्तिका संस्कृतमा लेखेका छन् । त्यसैमा थपघट गरी भूभ्रमणविचार लेखएको हो ।

## स्वभाव

ब्राह्मणकुलमा जन्मेका र संस्कृतपाठशालामा पण्डित भएका भए तापनि लम्बरी दक्षिणा-बाहेक दान लिने काम गोपाल पाँडेले गरेनन् । दरबारमा एकपल्ट चाँदीको तुलादान हुँदा सबै लम्बरी पण्डितलाई दिइएको भागशान्तिअनुसार आफूले पाएको चाँदी दरबारबाट बाहिर निस्की ढोकैमा उनले बाँडिदिएथे भन्ने कुरा प्रख्यात छ▭ । यिनी आफ्ना सन्तान-लाई पनि दान नलिनू भनी उपदेश दिन्थे ।

▭ यिनको यस्तो स्वभाव बुझी श्री ३ चन्द्रले आफ्नो जन्मोत्सवमा दुइ तीन पटक ५००, ५०० रुपियाँ बकस भनी यिनलाई दिएथे ।

सफासुग्घर भई बस्ने, सफा राम्रो लाउने, मीठो खाने, शहरबाहिर बगैंचा भएको घर बनाई बगैंचामा फलफूलहरू लाउने यिनको स्वभाव थियो △।

चुरोट तमाखुको अम्मल यिनलाई थिएन। नस हाल्ने सुर्ती खाने* यिनको बानी थियो। घडी भिर्ने, अखबार हेर्ने यिनको स्वभाव थियो।

आफ्नो विचारमा यिनी पक्का थिए। ▱

अरूको दबाव सहन नसक्ने हक्की स्वभाव यिनको थियो। मनमा लागेको कुरा प्वाक्क यिनी बोलिहाल्थे +।

पुर्ख्यौली सम्पत्ति नभएका यिनले आफ्नो आर्जनले नै आफ्नो जीवन बिताए। आफ्ना तीन छोराहरूलाई पनि शिक्षा दिए, विवाह गरिदिए। तीन छोरीहरूका पनि विवाह गरिदिए।

यिनले धनसञ्चय गर्ने नीति लिएका थिएनन्.। आफ्ना सन्तानलाई यिनले धन ऋण केही दिएनन्। छोराहरू समर्थ भए, कमाउन सक्ने भए, बाहिर गई घरजम गरी बसे। जेठा छोरा पण्डित, माहिला छोरा मुखिया, कान्छा छोरा सुब्बा थिए। स्वावलम्बमा अडेको उनको यो जीवनचर्या प्रशंसनीय नै छ।

जेठा छोराको विवाहमा दुलही अन्माउन अबेर भयो भनी यिनी रिसाएछन्। दुलही कान अलि कम सुन्दी रहिछन। बहिरी छोरी मेरो छोरालाई भिडाए भनी यिनी जाग्न थालेछन्। "ससुराको आँखा छैन,★ बुहारीको कान छैन" भनी कन्यापक्षकाले बोलेछन्। रिसले चूर भई गोपाल पाँडेले चांडै नै आफ्ना जेठा छोराको अर्को विवाह गराए। पहिली बुहारीले आफ्नो

---

△ नक्सालमा, भन्सारहिटीमा, सिफलेमा, कुमारीगालमा यिनी क्रमैसंग यस्तै घर बनाई बसेथे। अघिल्ला २ घर यिनले बेचेका थिए। पछि यिनकी विवाहिता गृहिणी सिफलेको घरमा र यिनी चाहिं कुमारीगालको घरमा बसेका थिए।

* यो कुरा पं. रामहरि अर्ज्यालबाट सुनेको हुँ।

▱ परीक्षामा घनमूलको प्रश्न दिंदा उनका माहिला छोरा नुरुदत्तले बाबुको रीतबाट घनमूल नगरी अर्कै रीतबाट उत्तर ल्याएछन्। परीक्षक खुद बाबु थिए। बाबुले त्यो प्रश्नको नम्बर दिएनछन्। बाले मलाई अन्याय गर्नुभयो भनी चीफसाहेबकहाँ छोराले उजूर गरे। उत्तर मिलेको भए जुन रीतिबाट ल्याए पनि नम्बर दिनैपर्छ भन्ने निकासा माथिबाट भएथ्यो।

+ एकपल्ट पण्डितमण्डलीमा बिभिन्न कुरा चलिरहेका थिए। प्रसङ्गवश अखबारमा चर्चा आएको काबुलतिरको कुरा पनि उठ्यो। उस वेलाका प्रधान पण्डित विष्णुहरि रिमालले काबुल भनेको पूर्व पर्छ कि पश्चिम पर्छ भनी सोधे। गोपाल पाँडे जङ्गिएर काबुल यता पर्छ भन्ने पनि तपाईंलाई थाहा छैन, यस्तो कुरा पनि तपाईंले सोध्नुहुन्छ भनी उत्तर दिए। विष्णुहरिले के गरूँ, यस्तो कुरा मैले पढिनँ, नजानेको कुरा सोध्नै पर्‍यो भन्ने जवाफ दिए। यो कुरा श्रीगुरु पण्डितवर सोमनाथ सिग्द्याल बराबर भनिरहनुहुन्छ।

★यिनको एउटा आँखामा फूलो परेको थियो। तर आँखा तीखा थिए। बुढेसकालमा पनि चश्मा लाउनुपरेको थिएन।

जीवनको पहिलो भाग माइतमा र पछिल्लो भाग राजगुरु हेमराजको घरमा (बहिनी वा दिदीको घरमा) बिताइन् ।

साठी वर्ष नाघिसकेपछि गोपाल पाँडेले युवति उपपत्नी ल्याए । यताबाट घरकी बुढियासँग बूढा बाजेको ठ्याकठुक हुन लाग्यो । बूढा बाजे सिफलेको घर तथा सो घरका मालताल बुढियालाई छोडी युवति उपपत्नीका साथ आफू बाहिर निस्की अर्को घर बनाई बसे ।

बुहारीलाई सौता हाल्नु क्रोधको फल हो । आफ्नी गृहिणीलाई सौता हाल्नु कामको फल हो । गोपाल पाँडेका यी दुइ कुराचाहिं राम्रा हुन् भन्न सकिंदैन ।

## गोपाल पाँडेले श्री ३ चन्द्रलाई रिझाउन जानेनन्

श्री ३ चन्द्रले आफ्नो दरबारमा आफ्ना कान्छा महारानीलाई पढाउन लाएकै समयमा एकपल्ट व्यक्तचन्द्रिका छपाउन र अर्कोपल्ट हवाइजहाज हेर्न भनी गोपाल पाँडे भारत गए । बम्बईमा गई उनले भूतपूर्व बडागुरुज्यू कुवलयराजसँग भेट गरे । चन्द्रशमशेरको दबावमा रहन नचाही जागीर तथा स्वदेश त्यागी कुवलयराज बम्बई गई बसेका थिए । उनीसँग श्री ३ चन्द्र अप्रसन्न हुनु स्वाभाविक थियो । शिक्षाविभागका भूतपूर्व अध्यक्ष आफ्ना मालिक कुवलयराजसँग + भेट गर्नु गोपाल पाँडेको दृष्टिमा खराप नभएता पनि श्री ३ चन्द्रको दृष्टिमा अपराध थियो । यस कारण यसपछि श्री ३ चन्द्रले गोपाल पाँडेलाई आफ्नो दरबारबाट बाहिर पारे । चन्द्रशमशेर विद्याको कुरा बुझ्थे तापनि कसैले आफ्नो इच्छाविरुद्ध काम गरेमा त्यसको फल उसलाई चखाउँथे////। गोपाल पाँडेको टाउको निहुराइदिनु चन्द्रशमशेरले आवश्यक ठाने ।

---

+ कुवलयराजका छोराहरूलाई उनको घरमा गोपाल पाँडेले पढाएका थिए ।

//// चन्द्रशमशेरको शासनमा दोष मात्र थियो, गुण थिएन भन्ने यसको तात्पर्य होइन । चन्द्रशमशेर अत्यन्त कडा र स्वेच्छाचारी शासक थिए तापनि उनको शासन सुव्यवस्थित थियो ।

अघि अघि अड्डामा जो हाकिम हुन्थ्यो, उसले आफ्ना छोरा, नाती, मामा, भानिज, जुवाइँ, ससुरा, भतिजा आदि नातादार तथा चाकडीदारहरूले अड्डा भर्थ्यो । पुराना अनुभवी कर्मचारीहरू खोसिन्थे । नयाँ अनुभवहीन अयोग्य मानिस पनि नाता तथा चाकडीको भरमा नियुक्त हुन्थे । यो साधारण रीति थियो । श्री ३ चन्द्रले निजामती शिक्षा तथा परीक्षाको प्रबन्ध गर्न स्रेस्तापाठशाला, पासजाँचअड्डा खडा गराए । जाँचमा पास भएकाले मात्र जागीर पाउने भए । हाकिमले आफ्ना मानिसलाई भर्ना गर्न नपाउने भए । सबै निजामती कर्मचारीहरूले जाँच दिनुपर्ने भयो । जाँचमा फेल भएकाहरू खोसिए । श्री ३ चन्द्रले यो नियम कडासँग लागू गराए । जाँचमा चोर्ने चोराउनेहरूलाई पनि कडा कडा सजाय गरी निजामती सेवालाई उनले केही व्यवस्थित गराए ।

अफीम खाने व्यसन नेपालमा हटाउन श्री ३ चन्द्रले ऐन बनाए । गुप्तचरहरूद्वारा अफीमचीहरू पत्ता लाई लाई तिनीहरूलाई सजाय गरी गरी सो व्यसनलाई श्री ३ चन्द्रले निर्मूल जस्तै पारे ।

'राणाराज्य' नामक ग्रन्थमा इत्यादि सबै कुरामा राम्रोसँग विचार गरिनेछ ।

व्यक्तचन्द्रिकाको अन्तिम संस्करणमा—

"पहिले कहिले २२, कहिले २४, कहिले २७ गंडा पैसाको एक रुपिया हुन्थ्यो । श्री ३ महाराज चन्द्रसम्सेरजङ्ग बहादूरराणा वाट हिसाब गर्न सजिलो हुने एक रुपियामा २५ गंडा पैसा गराइ वक्सियो." ( १पृ. )

" खेतका विषयमा

राजा जयस्थितिमल्लका २४ अंगुलको एक हात हुन्छ अरू ५।। हातको एक टागा हुन्छ.

अवल खेत — लमाइ टागा ४ = २३ हात, गज टागा ४ = २३ हात } क्षेत्रफल ५२९

दोयम खेत — लमाइ टागा ४॥ = २०७/८ हात, गज टागा ४ = २३ हात } क्षेत्रफल ५९५ १/८

सोयम खेत — लमाइ टागा ५ = ११५/४ हात, गज टागा ४ = २३ हात } क्षेत्रफल ६६१ १/४

चहारम खेत — लमाइ टागा ६ = ६९/२ हात, गज टागा ४ = २३ हात } क्षेत्रफल ७९३ १/२

चारै किसिमका खेतका क्षेत्रफलको जम्वा २५७८ ७/८ यसको आसन्नवर्गमूल ५०.७८ हात यसमा चानचुन छाडदा ५० हातको रोपनी अथवा २५ हात गज र २५ हात लम्बाइ भयाको जमीनको एक जवा हिसाव गर्न सजिलो हुनाले श्री ३ महाराज चन्द्रसम्शेरजङ्ग वहादूरराणा वाट एकहि किसिमको नाम राखि वक्सियो. "

(१—२ पृ.)

"जिन्सिमाल तौलदा यहाको वाकलो एक पैसालाइएक तोला भन्दछन् । पहिले १९ तोलाको एक पाउ हुन्थ्यो । हाल श्री ३ महाराज चन्द्रसम्सेरजङ्ग बहादूरराणा वाट २० तोलाको एक पाउ गराइ वक्सियो । इत्यादि काम गरि वक्सिदा र हिसावको कदर गरि वक्सिदा अरु राजा १९ श्री ३ महाराज चन्द्रसम्सेरजङ्ग वहादूरराणा २० होइबक्सिदो रहेछ. "

( ३ पृ. )

यस्तो लेखी श्री ३ चन्द्रलाई रिझाउने चेष्टा गोपाल पाँडेले गरेका छन् । यसभन्दा अघि गोपाल पाँडेले शासकको प्रशंसा आफ्नो ग्रन्थमा घुसाएको अहिलेसम्म मैले देखेको छैन । यो संस्करण प्रकाश हुँदा गोपाल पाँडे सत्तरी वर्षको लगभगका थिए । कमाउन सक्ने छोराहरू भिन्नै घरजम गरी बसिसकेका थिए । भिन्न बसेकी बुढियालाई महीनावारी भर्नु पर्थ्यो । त्याइता युवतिले पकाएको खान हुँदैनथ्यो । भात पकाई खाई कुमारीगालदेखि १ कोशभन्दा बढ्ता हिंडी १० बजे रानीपोखरी पाठशाला आइपुग्नुपर्थ्यो । बेलुका ४ बजे रानीपोखरीबाट निस्की कुमारीगाल पुग्नुपर्थ्यो । बुढेसकाल भएकोले अन्त अन्त पढाउन पनि गाह्रो हुंदै गएको थियो । यस कारण बुढेसकालमा विश्रान्ति-पूर्वक वृत्ति पाउने आशाले उनले यो प्रशंसा आफ्नो ग्रन्थमा पारेको देखिन्छ । परन्तु अप्रसन्न

भएका श्री ३ चन्द्रलाई यस कुराले रिझाउन सकेन । दुनियाँदारले राजाको तुलना गर्नु ठीक होइन भनी तुलना परेको भाग श्री ३ चन्द्रले खुर्कन लाए ।

वास्तव राजा ( ५ महाराजाधिराज ) अथवा प्रजाको हातमा शक्ति आए राणाहरूको एकलौटी शासन नरहनु अवश्यंभावी थियो । राणाराज्य अडाउनाका लागि बाहिरिया शक्तिको सहारा आवश्यक थियो । यस कारण भारतमा रहेको अंग्रेजी साम्राज्यको आधार राणा-राज्यलाई चाहिन्थ्यो । अंग्रेजी साम्राज्यमा तलमाथि परे हामी अड्दैनौं भन्ने कुरा श्री ३ चन्द्र जस्ता चतुरा राजनीतिज्ञले नबुझ्ने कुरा थिएन । यस कारण अंग्रेजी साम्राज्यलाई अलिकता पनि चोट लाग्ने कुरा श्री ३ चन्द्रलाई मन नपर्नु स्वाभाविक थियो । यो कुरा उनका चतुरा प्रशंसकहरूले पनि बुझेका थिए । यस कारण श्री ३ चन्द्रका चतुरा प्रशंसकहरू अंग्रेजी साम्राज्यको गुण गाएर मात्र चन्द्रशमशेरको गुणगान गर्दथे । जस्तै—

ईशानुग्रहलब्धविश्वविजयख्यात्यैडवर्डाभिध–
श्रीमत्सप्तमसार्वभौमपदवीसंमानसीमाजुषः ।
इन्द्रप्रस्थपुरोपकण्ठविलसत्साम्राज्यघोषोत्सवे
निःसीमादरपत्रसत्कृतिशतैरेष न्यमन्त्रि प्रभुः ।।४१।।

( पं सदाशिव आचार्य दीक्षितको वि. सं. १९५९ मा प्रकाशित आचार्यवंशावलीको ७१ पृष्ठ )

[ ईश्वरको निगाहले विश्वविजयी हुनुभएका सम्राट् सप्तम एडवर्डको दिल्लीमा हुने साम्राज्यघोषणाको उत्सवमा उहां प्रभु (श्री ३ चन्द्र )कहां ठूलो आदरसाथ निमन्त्रणा आयो ।]

जस्को नाम सुनेर राजनहरू बस्छन् अदब्मा परी ।
लेख्छन् अर्जि म पाँउ दर्शन भनी सामान्य जन्ले सरी ।।
जस्को यश् कलिमा विचित्र छ ठुलो इङ्ल्याण्ड लन्डन् शहर् ।
उस्ता श्रीएडवर्ड राजनृपको लागेर मन्मा रहर् ।।९।।
स्वस्ति श्रीमहराज चन्द्रसमशेर्जङ्का उपर् प्रीतिको ।
आयो पत्र हजूर आउनुभया एक्पल्ट वेस् मैत्रिको ।।
हुन्थ्यो बन्धन मजबुती पछितलक् भंन्या जसै यै वखत् ।
पाल्नूभो महाराज् पनी सुगमले छाडेर आफ्नू तखत् ।।१०।।

( कम्याण्डर कर्णेल डिल्लिसमशेर थापा क्षत्रीको वि. सं. १९६७ मा प्रकाशित यूरोप-यात्राको ३ पृष्ठ )

नेपाल्मा अघिदेखि आजतकमा राजा अनेकन् भया,
नासूदी सबमा प्रतापी हुनुभो श्रीचन्द्रसंसेर ता;
जुन् राज्का अकबाल बुद्धि बलले बद्शाह यूरोपका,
उन्नैश्ये अठसट्ठि साल पुषमा नेपाल आई गया.

जस्का राज्यमहाँ त सूर्य कहिल्यै अस्तै हुँदैनन् अहो,
उस्ता पंचम जार्जबाट प्रभुमा पैले चिठी भेज्नुभो;
"नेपाल् ठोडिमहाँ म आँउँछु सँगी मित्रत्वका प्रेमले,
मैत्री थीर् गरि केहि दिन् सँग रही खेली शिकार् हर्षले.
प्रेमी बल्सि निली हजुर्सङ विदा भै फिर्छु लण्डन्महाँ"
भन्ने बात थिया अनेक रसका गर्दा नजर् पत्रमा;
सर्कारबाट पर्नी स्वमित्रउपरै अत्यन्त प्रीती धरी,
ठोडी जङ्गलमा अनेक् वन भवन् रच्नूभयो स्वै घडी.

( पं. जगन्नाथ, बैजनाथ सेढाञीको वि. सं. १९७० मा प्रकाशित भूचन्द्रचन्द्रिकाको २८ पृष्ठ )

उन्नाइससय एकहत्तरमहाँ श्रीवैक्रमीवर्षको ।
श्रावणमा समराग्निले युरोपमा थाल्यो दहन् गर्न पो ।।
सोही अग्नि निभाउनाकन भनी बृटिस् अगाडी सरी
दीए मद्दत फ्रान्सलाइ निजले आफ्नै मुलुक् झैं गरी ।।१५।।
जुन् सेनाहरु इन्डियाबिच थियो धेरै समर्मा गयो ।
रक्ष्या भारतको गरी रहनको दर्कार पर्दो भयो ।।
एही कामनिमित्त तालिमि फउज् केही बृटिस्नाथले
माग्नूभो सरकार्सँगै अति ठूलो मित्रै भनी दीलले ।।१६।।
सोही औसरमा प्रभो हजुरले हित् जानि यस् राज्यको ।
शिक्षा अति कमान्हरू पनि दिई दर्कारमाफीकको ।।
छोरा फेरि भतीज आदि अफिसर् फाल्वर्हरूसाथको ।
आठ् हज्जार फउज् पठाउनुभयो पूरा सबैं साजको ।।१७।।

( ले. क. सम्सेरविक्रम राणा र क. प. योगविक्रम जङ्ग राणाको वि. सं. १९७५ मा प्रकाशित वजिरिस्थान्को यात्राको ३ पृष्ठ )

दाज्यै सबै बितिसक्यो उसको अभाग्य ।
अंग्रेजबाट दिनहूं खुलदो छ भाग्य ।।२८२।।
दाज्यै खडा छन अहा ! झलमल्ल चन्द्र ।
सानन्द पारि सब लोक अजाततन्द्र ।।३६७।।

( पं. लेखनाथ पौड्याल ( हाल कविशिरोमणि ) को वि. सं. १९७६ मा प्रकाशित सत्यकलिसम्वाद )

बृटिस् सर्कारको जस्ले पूर्ण साहाय्य गर्दछन् ।
किङ् जार्ज जस्ता जस्लाई जयार्थी भइ रोज्दछन् ।।३५१।।
द्वितीय पुत्र प्रभुका जो सदा गुणपूर्ण छन् ।।३५२।।
ती जवर् सर् ववर्स शेर् जनरल् विजयी रहून् ।।३५३।।

( पं. कुलचन्द्र गौतम ( पछि विद्वच्छिरोमणि )को वि. सं. १९७८ मा प्रकाशित अलङ्कारचन्द्रोदयको २५१–५२ पृष्ठ )

"यसपछि सन् १९१४ ( वि. सं. १९७१ ) मा अँग्रेज र जर्मन साम्राज्यको जो महा-युद्ध चलेको थियो त्यसमा पनी अँग्रेज सरकारलाई नेपाल सरकारबाट ठुलो सहायता मिलेको थियो । त्यस वेला हिन्दुस्तानका सारा अँग्रेजी सैन्यहरू फ्रान्समा युद्ध गर्नाका निम्ती पठाइएका थिए । हिन्दुस्तानको रक्षाका निम्ती प्रबल प्रबन्ध केही थिएन । यस्तो कमजोरी भएको अवसर पाई आपनु मुट्ठु जस्तो भएर रहेको हिन्दुस्तानका उपर प्रतिपक्षीहरूले हस्तक्षेप गर्लान् भन्ने डरले अँग्रेजहरू काँप्न थालेका थिए । आफ्ना मित्र अँग्रेज सरकारको यो दशा देखेर नेपाल सरकार चूप रहन सकेन । स्वयं दूरदर्शी महाराज चन्द्रसम्शेर त्यस मित्र राज्यको रक्षाका निम्ती कटि-बद्ध भए । उनको आज्ञानुसार पाँच वर्षको भित्रमा ५५००० भन्दा धेरै गोरखालीको दल गएर अंग्रेजी सैन्यमा भर्त्ति भयो । इनभन्दा बढ्ता अनेक गोरखालीहरूलाई पनी हिन्दुस्तानी पुलिसको दलमा भर्त्ति हुने प्रबन्ध इनले मिलाई दिए । यतीले पनि नपुगी फेरी महाराज चन्द्रसम्शेरले अँग्रेज सरकारको प्रति भरशक सहानुभूति प्रदर्शित गर्दै आफ्नु शस्त्रास्त्रले सुसज्जित दशहजार सैन्यलाई आफ्ना सुयोग्य छोरा जेनरल बबरसम्शेर र अरू एकसे एक बुद्धिमान् जेनरल पद्मसम्शेर, तेजसम्शेर आदि सेनापतिहरूको अध्यक्षतामा हिन्दुस्तानतर्फ पठाईदिए । त्यस फौजले चार वर्षतक काकूल छाउनी र देहरादून छाउनीमा आफ्नु कटक स्थापन गरी वीरतासाथ स्वकर्तव्यको पालन गऱ्यो । अँग्रेजी सैन्यले समेत हटाउन नशकेका दुर्दम्य पठान जातीहरू पनी यसै गोरखाली सैन्यको पुरुषार्थले गर्दा परास्त भये ।

( पं. अम्बिकाप्रसाद उपाध्यायको वि. सं. १९७९ मा प्रकाशित नेपालको इतिहास ।
पृष्ठचाहिं द्वितीय संस्करणका २२३–२४ )

तर गोपाल पाँडेका लेखमा अंग्रेजी साम्राज्यको प्रशंसाको सट्टा उसलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आघात पुऱ्याउने कुरा नै परेको पाइन्छ । जस्तै—

"नापि गर्न्या काम.

राजाले पृथिवी भरका राजा हरुको राज्यको नकशा र सधियार राजाहरुको गाउं २ को नकशा संग्रह गर्नु पर्छ भने आफना राज्यको त अवश्य चाहियेला । किन भने खोपिमा वसि राज्यको नकशा तिर ध्यान दिन्या त्तिकै यस ठाउंमा यस्तो बन्दोबस्त गरे आमदानी बढदछ अरु राज्य बलीयो हुन्छ भनी थाहा हुन्छ । यसै गर्नाले तीस चालीस अंश लम्बा चौडा भयाका हिन्दुस्तान जस्ता कइ एक राज्यको पैसा वाउन्न अक्षांश भयाका ठाउंमा वसि अंग्रेज सरकारले खीचदछ.

राज्यको नकशा दुइ प्रकारले खिचीन्छ रात्रिमा नक्षत्र र दिनमा सूर्यका आधारले अक्षांश र देशान्तर थाहा गर्दै हिडदै गयो नकशा पनि लेखदै गयो । यो ज्योतिष शास्त्र ढेरै पढे पछि हुन्छ.

अथवा गाउँ २ को नकशा जोरदै पर्गनाको फेरि पर्गना २ को जोरदै जिल्लाको फेरि मुलुकको तैयार हुन्छ । यो थोरै पडे पनि हुन सकतछ, यसनिमित्त यहि रीत यहाँ लेखिन्छ. "

( व्यक्तचन्द्रिका दोस्रो संस्करण तेस्रो खण्ड ३४–३५ पृष्ठ, चौथो संस्करण १७७–७८ पृष्ठ )

"कोइ कहतेहैं कि, इंग्रजी पंचांगसे हमारा सम्पूर्ण पंचांग उतारना चाहिये तब उन लोगोंनेभी

विचार करना चाहिये कि, जब इंग्रेजी पंचांग न मिलेगा तब किससे उतारेंगे, क्या राज्यलक्ष्मीभी आजतक किसीकि स्थिर हुइ हैं ?"

(लोकानुस्मृति १६ पृष्ठ)

[ अंग्रेजी पञ्चाङ्गबाट अनुवाद गरी हामीले आफ्नो पञ्चाङ्ग तयार गर्नुपर्छ भनी कोही मानिस भन्छन् । अंग्रेजी पञ्चाङ्ग नपाइने भएपछि हामीले केको अनुवाद गरी आफ्नो पञ्चाङ्ग तयार गर्ने भन्ने कुरा तिनीहरूले विचार गर्नुपर्ने हो । आजसम्म कसैको राज्यलक्ष्मी पनि स्थिर भएर रहेको छ र ? ]

" फिर कुछ दिन वाद स्वायत्त औ प्रजायत्त नामक मंत्री आये उसमें प्रजायत्त कहने लगा. (२८) विद्यावान्, द्रव्यवान्, जमीदार इन तीन तरहके मातवर इसमेंभी उत्तमोत्तम चुनकर इनका कौशल रखना इसमेसे जो कर्त्तव्य ठहरे वही करना इससे एकके मूर्खतासे राज्य नहिं जाता और सब मनुष्य अपने २ बुद्धिके अनुसारकि पदवीमें पहुंच सकते हैं और दुनियांको मुफ्त दुःखभी नहिं होने पाता.

स्वदेशोन्नतिके निमित्त इससे श्रेष्ठ बन्दोबस्त कोइ नहिं इस कारण यदि अकर्तव्य करकेभी होसके तो कर्तव्य हैं. इसमें पुरुषमात्रनें कुछ दिन कवायत करना और पारीसे पुलिसका काम करना तथा एक वर्षका अन्नसंचय करना पडता हैं.

फिर स्वायत्त कहने लगा.

(२९) राज्यके वन्दोवस्त करनेके लिये जितने काम हैं उनमेभी खण्ड २ कर प्रत्येक कामका यश और अपयश एकहिके उपर रखना उन मुख्य नोकरोंको आफुसमें मिलने नहिं देना । गुप्तकर एक लुच्चा और एक सच्चा इनका मुकदमा जमायकर भेजदेना तब कैसा न्याय होताहैं इसतरह प्रत्येक कामको गोइन्दा भेजकर विचार करतेहि रहना। उसमे जो एकवारभी बेइमानी करे उसको फिर नौकरी नहिं देना । इस प्रकार प्रजा और आइनके वीचमें बिचार करनेवाला एक जरूर चाहिये अथवा किसी चीजको कोहि उत्तमोत्तम वनाकर ले आवे या कोहनूर सा रत्न मिले तो धारण करनेवालाभी वैसाहि श्रेष्ठ चाहिये.

इन दोनोंका वचन सुनकर सर्वज्ञजी कहनेलगे.

(३०) प्रजायत्तमें बहुतसे गुण हैं गैर मुल्क उनके हाथ लगे तो गोजरके नाइ पकडकर जोंकके नाइ चूसतेहि रहतेहैं और स्वायत्तमें बहुतसे अपगुण है परन्तु उसके हाथ लगे तो सब प्रजाको बरोबर समझता हैं इस निमित्त उभयात बढिया होताहैं.

प्रजायत्तमें मूर्खोंकि सभा होगी तो सर्व नाश होता है । स्वायत्तमें एकके मूर्खतासे राज्यहि चला जाता है इस निमित्त उभयात श्रेष्ठ होता हैं अर्थात् मुल्कका बन्दोबस्त कौशलके ताबे तथा फौजका बन्दोबस्त राजाके ताबे होना चाहिये अथवा दूसरा प्रकारका बन्दोबस्त होना चाहिये.

( लोकानुस्मृति २६–२७ पृष्ठ )

[ अनि केही दिनपछि स्वायत्त ( एकतन्त्रवादी ) तथा प्रजायत्त (प्रजातन्त्रवादी) नाउँ भएका दुइटा मन्त्री आए । तिनमध्ये प्रजातन्त्रवादी भन्न लागे–

(२८) पढेका, पैसावाल बिर्तावाल यी ३ थरी विश्वासपात्र मनुष्यमध्ये असल असललाई छानेर

तिनको सभा बनाउनू । यसबाट जुन काम गर्नु योग्य ठहरिन्छ, उही काम गर्नू । यसो गर्दा एउटाको मूर्खताले राज्य जान पाउँदैन तथा सबै मानिसले आफ्नो आफ्नो बुद्धिअनुसारको पद पाउन सक्छन् । दुनियांलाई मुफ्तको दुःख पनि हुँदैन ।

स्वदेशोन्नति गर्नाका लागि यसभन्दा श्रेष्ठ कुनै बन्दोबस्त छैन । अकर्तव्य गरेर पनि हुन सकेसम्म यो काम गर्नैपर्छ । सबै पुरुषले केही दिन कवायत खेल्नुपर्छ, पालो पालोसँग पुलीसको काम गर्नुपर्छ, एक वर्षसम्म पुग्ने खानेकुरा जम्मा गरी राख्नुपर्छ ।

अनि एकतन्त्रवादी भन्न लागे—

(२९) राज्यको बन्दोबस्त गर्नाका लागि जति काम गर्नुपर्छ, तिनमा पनि विभाग विभाग छुट्टयाई प्रत्येक कामको जस अपजस एउटै मनुष्यको थाप्लोमा राख्नुपर्छ । मुख्य मुख्य सरकारी कर्मचारीहरूलाई आफुसमा मिल्न दिनु हुँदैन । गुप्त हिसाबले एउटा लुच्चा एउटा सच्चा यी दुइ मानिसको झगडा उठाई पठाइदिनू । यसरी अनि कस्तो निसाफ हुन्छ भनी प्रत्येक विभागमा जासूस पठाएर विचार गर्दै रहनू । जसले एकबाजि मात्र पनि बेईमानी गर्छ, त्यस्तालाई फेरि जागीर नदिनू । यस प्रकार दुनियाँ र ऐनको बीचमा विचार गर्ने एउटा अवश्य हुनैपर्छ । कुनै पदार्थलाई कसैले अत्यन्त उत्तम बनाएर ल्यायो वा कोहिनूर जस्तो रत्न पाइयो भने त्यो धारण गर्ने मानिस पनि उस्तै श्रेष्ठ हुनुपर्छ ।

यी दुवै थरीको कुरा सुनेर सर्वज्ञजी भन्न लागे—

(३०) प्रजातन्त्रमा धेरै गुण छन् । तर बिरानो मुलुक प्रजातन्त्रवादी देशको हात पर्न गयो भने बिखालु ठूलो कनसुत्लो टासिए झैं टाँसिई जूकाले चुसे झैं त्यसले त्यो बिरानो देशलाई चुसी नै रहन्छ । एकतन्त्रमा धेरै दुर्गुण छन् । परन्तु त्यसको हातमा बिरानो मुलुक परयो भने सबै प्रजालाई एकैनास सम्झन्छ । यस कारण उभयायत्त (प्रजातन्त्र र एकतन्त्रको समागम) सबभन्दा बढिया हुन्छ ।

प्रजातन्त्रमा मूर्खहरूको सभा बस्यो भने सर्वनाश हुन्छ । एकतन्त्रमा एउटाको मूर्खताले गर्दा राज्य जान्छ। यस कारण उभयायत्त सबभन्दा बढिया हुन्छ अर्थात् राज्यको बन्दोबस्त सभाको हातमा र सेनाको बन्दोबस्त राजाको हातमा हुनुपर्छ अथवा अर्को कुनै किसिमको प्रबन्ध हुनुपर्छ ।]

गोपाल पाँडेको चालचलनदेखि अप्रसन्न भएका श्री ३ चन्द्रलाई उनका यी लेखहरूले झन् अप्रसन्न पारे होलान् ।

"दुइ वा अधिक राशिलाइ जतिसंख्याहरुले भागलिदा निःशेष हुन्छं तिसंख्याहरु तिन्का अपवर्तन भन्दछन् । तिअपवर्त्तन हरुमा जोसबैभन्दा ठुलोछ तसलाइ तिराशि हरुको महत्तमापवर्तन भन्दछन्"

(व्यक्तचन्द्रिका पहिलो संस्करण ४२ पृष्ठ)

"दुई वा अधिक राशि लाइ जति संख्या हरूले भाग लिदा निःशेष हुन्छन् ति संख्या हरू तिनका अपवर्तन भन्दछन् । ति अपवर्तन हरू मा जो सबै भन्दा ठुलोछ तेसलाइ ति राशि हरूको महत्तमा—पवर्तन भन्दछन."

(दोस्रो संस्करण पहिलो खण्ड १७ पृष्ठ)

"दुई वा अधिक राशि जति संख्याहरूले भाग लिदा निःशेष हुन छन, ती संख्याहरू तिनका 'अपवर्तन' भनीयिनछन. ती अपवर्तनहरूमा जो सवै भनदा ठुलो छ, तेसलाइ ती राशिहरूको 'महत्तमापवर्तन' भनद छन.।"

(चौथो संस्करण २४ पृष्ठ)

यी उद्धरणबाट व्यक्तचन्द्रिकाको पछिल्लो संस्करणमा राममणि आ. दी. को हलन्तविरोधी व्याकरणले प्रवेश पाएको देखिन्छ । राममणिले गोपाल पाँडेसंग हिसाब पढेका थिए भन्ने कुरा मैले सुनेको छु । राजाका विश्वासपात्र भित्रिया पण्डितका छोरा, राजाका भित्रिया सुब्बाको व्याकरणले आफ्नो ग्रन्थमा प्रवेश पाएपछि आफूले लेखेको राजाको प्रशंसा राजाको कानमा पुग्ला र बुढेसकालमा वृत्तिपूर्वक विश्रान्ति पाइएला भन्ने गोपाल पाँडेको समझ हुँदो हो । प्रसिद्ध विद्वान्को प्रसिद्ध ग्रन्थमा आफ्नो व्याकरण पसेपछि आफ्नो व्याकरणले नेपाली भाषामा प्रतिष्ठा पाउला भन्ने राममणिजीको समझ हुँदो हो । तर दुवै कुरा भएन । किनभने देवताको संकेत बुझ्न नसक्ने भक्तलाई पुजारीले शुभ फल दिलाउन सक्तैनन् तथा शुद्ध लेख्न नसक्ने भनी प्रख्यात भएका + विद्वान्को आश्रय लिएर व्याकरण प्रतिष्ठित हुन सक्तैन ।

## अन्तिम जीवन

आशा भन्ने पदार्थ विचित्र हुन्छ । जति जति शरीर गल्दै जान्छ, उति उति आशा बढ्दै जान्छ । बूढा गोपाल पाँडेलाई चन्द्रशमशेरको आशा लागि नै रहेको थियो ।

वि. सं. १९७६ को जनैपूर्णिमामा चन्द्रशमशेरले कुनै पण्डितलाई तिमी कति वर्ष भयौ भनी सोद्धा गोपाल पाँडेले राजा मसँग बोले भनी सम्झी * म यति वर्ष भएँ, मैले यस्तो यस्तो काम गरें, बूढो भए, काशीवास जान पाऊँ भनी प्रार्थना गरे । यसो गर्दा चन्द्रशमशेरले दया गरी बुढेसकालमा भत्ता देलान् भनी गोपाल पाँडेले सम्झेका हुँदा हुन् । त्यस वेला चन्द्रशमशेरले केही बोलेनन् । पजनीमा ⊙ चीफसाहेब भीमशमशेरकहाँ हाजिर हुँदा गोपाल पाँडे खोसिए। धेरै वर्षसम्म सरकारी नोकरीमा रहेका प्रख्यात विद्वान्लाई बुढेसकालमा

---

+ "व्यक्तचन्द्रिका... ...
यह ग्रन्थ बहुत उपयोगी और महत्त्वपूर्ण है। इसमें एक दोष इतनाहि है कि इसकी भाषा कुच्छ क्लिष्ट और कही कहीपर व्याकरणविरुद्ध है."

[ व्यक्तचन्द्रिकाको विषयमा सरस्वती पत्रिकाले गरेको समालोचनाको केही अंश । यो संपूर्ण समालोचना व्यक्तचन्द्रिका चौथो संस्करणमा छापिएको छ । ]

* पछि यिनको कान अति कम भएको थियो।

⊙ उनताका सरकारिया जागीरदारले प्रतिवर्ष चीफसाहेबकहाँ हाजिर भई त्यहाँ आफ्नो जागीर थामिएपछि मात्र श्री ३ महाराजकहाँ हाजिर हुँदा थमौती वा पदवृद्धि पाउँथे। यसैलाई पजनी भन्थे ।

एक्कासि जीवनवृत्तिबाट× हटाउँदा केही मानिसमा नराम्रो भाव पर्न सक्थ्यो। राजनीतिज्ञ चन्द्रशमशेर यस्तो दुर्यशबाट बच्न चाहन्थे। उनलाई प्रिय हुने कुरा गर्नु उनताकाका राजनीतिज्ञहरू कर्तव्य संझन्थे। यसै कारण गोपाल पाँडेलाई खोस्दा चीफ साहेबले शिक्षाविभागका अध्यक्ष माहिला गुरुज्यू (हेमराज) सँग "हजुरले गङ्गादत्त पण्डितलाई खोस्नुभयो, बिश्वनाथ पण्डितलाई खोस्नुभयो÷, अहिले गोपाल पाँडेलाई खोस्न लाग्नुभयो, हजुर यसरी ठूलठूला पण्डितलाई खोस्नुहुन्छ" भन्ने कुरा पजनीमा उपस्थित भएको पण्डितमण्डलीले सुन्ने गरी भने। यसो भन्नाको अर्थ अध्यक्षले काम गर्न नसक्ने भनी जाहेर गरेका हुनाले खोसिएका हुन् भनी दुनियाँलाई देखाउनु थियो।

जागीर झिकिएपछि गोपाल पाँडेको तेजोबध हुनु स्वाभाविकै थियो। संग्रह गर्ने स्वभाव नभएका उनलाई बुढेसकालमा जीविका गर्न पनि कष्ट भयो।

मेरो आशयबमोजिम चल्न नसके पढेर जानेर पनि केही काम लाग्दैन भन्ने कुरा पढेगुनेका मानिसलाई श्री ३ चन्द्रले घुमाएर देखाइदिए†।

---

× उनताका जागीर गएपछि सरकारतर्फबाट केही पाइँदैनथ्यो। पेन्शन दिने रीत श्री ३ जुद्धले चलाएका हुन्।

÷ गङ्गादत्त गोतामे उन्मादरोगले ग्रस्त गएपछि खोसिएका हुन्, विश्वनाथ रिमालचाहिं धेरै कालसम्म रोगाई पाठशालामा उपस्थित हुन नसकेपछि खोसिएका हुन्। विश्वनाथलाई मुलाहिजा गरी जागीर खुवाइराखे भनी कुवलयराजको हातबाट शिक्षाविभागको अधिकार झिकी हेमराजलाई दिइएको हो।

† प्रभु प्रसन्न रहँदा सबै गुण अमूल्य छन्।
अप्रसन्न प्रभु हुँदा सबै गुण अमूल्य छन्॥१४॥

अर्थ

श्री ३ महाराज प्रसन्न भइबक्सियो भने सबै गुण अमूल्य छन्, अप्रसन्न भईबक्सियो भने पनि सबै गुण अमूल्य छन्।

सङ्गति

यहाँ 'सबै गुण अमूल्य छन्' ई दुवै वाक्यको शब्द र अर्थमा ता फरक छैन, तर 'प्रभु प्रसन्न भइबक्सियो भने गुणले गर्ने फाइदा पूर्णतया हुन जाने हुनाले सबै गुण अमूल्य (मोल नभयेका, अनमोल) छन्, प्रभु प्रसन्न भइबक्सिएन भने तिनै गुणलाई कसैले नटेर्ने हुनाले गुण अमूल्य (मोल नपर्ने) सित्तंका छन्, यस्तो तात्पर्य मात्र भिन्न भइ शब्द दोहरिएको हुनाले लाटानुप्रास पर्‍यो।

(अलङ्कारचन्द्रोदय ८–९ पृष्ठ)

संस्कृतका हाम्रा श्रेष्ठतम कविले आधा पेट खाई लेखेको विद्वत्तापूर्ण यो कविता पनि चरितार्थ भयो।

श्री ३ चन्द्रकी जेठी छोरी ( बझाङ्गी राजा जयपृथ्वीबहादुरकी रानी ) लाई पनि गोपाल पाँडेले पढाएका थिए । उनले आफ्ना गुरुको दयनीय अवस्था देखी उनलाई केही वृत्ति दिइन् ÷ ।

जागीर झिकिएपछि काशी जाने तारतुममा गोपाल पाँडे लागे । आफैंले आर्जन गरेको सिफलेको सानो घर ( बुढिया बसिरहेको घर ) र कुमारीगालको सानो घर ( आफैं बसेको घर ), ती घरसँगका दुइ चार रोपनी जग्गा उनले आफ्ना परिवारलाई छाडिदिए । व्यक्त-चन्द्रिकाका ५०० प्रति ( एक प्रतिको ३ मोहर पर्थ्यो ) र व्यक्तचन्द्रिका छाप्ने अधिकार र आफ्ना केही पुस्तक जेठा छोराको हातमा ( वास्तवमा नाती कविराजको हातमा ) सुम्पी युवति उपपत्नीका साथ वि. सं. १९७६ को हिउँदमा गोपाल पाँडे काशीतिर हिंडे । एक वर्ष काशीवास गरी वि. सं. १९७७ माघशुक्लएकादशीको दिन गोपाल पाँडेले इहलीला समाप्त गरे ‡ ।

(क्रमशः)

—०—

÷ यो वृत्ति वर्षको ४०० रुपैयाँको थियो भन्ने कुरा मैले उहिले सुनेको थिएँ।

"बझाङ्गी राजा जयपृथ्वीबहादुरसिंह विद्यारसिक थिए । यिनको घरमा धेरै वर्षसम्म मुख्य कामदार भई म बसेको थिएँ । यिनले नेपाली भाषामा धेरै पुस्तक प्रकाश गराएका छन् । अरू पनि धेरै पुस्तक प्रकाश गराउने यिनको इच्छा थियो । यिनको यो काम यिनका ससुरा श्री ३ चन्द्रलाई मन परेन । यिनले छिनेको कुनै मुद्दा उल्टियो र मैले यत्रो ठूलो अधिकार दिएर राख्ता यो पाखे निसाफ बिगारेर दुनियाँलाई दुःख दिंदो रहेछ भनी श्री ३ चन्द्रले खुला सभामा यिनलाई साफसँग झाँटे । यस्ता अपमान सहन नसकी जयपृथ्वीबहादुर आफ्नो राज्य, जागीर, स्वदेश छोडी भारततिर लागे । यिनकी रानीले जागीर खोसिई वृत्तिहीन भएका गोपाल पांडेलाई बराबर केही दिन्थिन् तापनि वर्षको ४००। रुपियाँ त्यो पुग्दैनथ्यो । काशीमा खर्चले सकस पर्दा गोपाल पाँडे हजमनिया (रौतहट)मा सवारीमा गएका श्री ३ चन्द्रलाई भेट्न आएथे । त्यस वेला श्री ३ चन्द्रले उनलाई १००। रुपियाँ दिएथे । बझाङ्गी रानीले चाहि ५०। रुपियाँ दिइथिन्" भन्ने ऐ. शि. बाबुराम आचार्यको भनाइ छ ।

‡ यो निबन्ध तयार गर्ने काममा गौतमवज्र, महेशराज, दिनेशराजले मेरो इच्छा तथा विचारअनुसार काम गरेका छन् । सबैलाई यथोचित धन्यवाद छ ।

# हाम्रो वक्तव्य

"पूर्णिमा" को छैटौं अङ्कको 'हाम्रो वक्तव्य' प्रकरणमा "मानदेवले मल्लपुरीका आफ्नै सामन्त राजालाई कज्याएका हुन् , मल्लपुरी गोरखपुर इलाकाको हो भन्ने डा. हितनारायण झाको तर्क कतैबाट पनि सिद्ध हुन आउँदैन " भनी हामीले प्रमाणसाथ लेखेका थियौं । यसपछि "रत्नश्री"-को ३ वर्ष २ अङ्कमा 'मल्लपुरी गोरखपुरका इलाका हुनु असम्भव छैन ' भन्ने शीर्षक राखी झाज्यूले त्यसको प्रतिवाद छपाउनुभएको रहेछ । त्यस प्रतिवादमा झाज्यूले प्रायः उही पुरानै कुरा दोहऱ्याउनुभएको छ । अर्को शब्दमा "प्रमाणद्वारा सिद्ध गर्नुतिर भन्दा जिद्दी गर्नुतिर उहाँ लाग्नुभएको छ" भने पनि हुन्छ। यस कारण उहाँका तर्कको निराकरण गर्न पूर्णिमा छैटौं अङ्कमा प्रकाशित 'हाम्रो वक्तव्य' नै पर्याप्त छ। यस विषयमा फेरि कोट्याउनु आवश्यक छैन तापनि अहिले प्रतिवादमा उठाइएका झाज्यूका एक दुइ तर्कको खण्डन गर्नु आवश्यक संझेका छौं ।

मानदेवले आफ्नै सामन्त (रजौटा)लाई जितेका भए चाँगुको स्तम्भलेखमा 'प्रत्यरि' अर्थात् बराबरको शत्रु शब्दको प्रयोग हुने थिएन भनी झाज्यूले लेख्नुभएको थियो । तर 'यात्राम्प्रत्यरिसङ्क्षयाय तरसा गच्छामि पूर्व्वान्दिशम्' चाँगुको स्तम्भलेखको यस पद्यको उहाँले भने जस्तै अन्वय गरे यो वाक्य नै अशुद्ध हुन जान्छ । किनभने गम् धातु द्विकर्मक होइन भनी हामीले लेखेका थियौं । झाज्यूले अहिले यस विषयमा यस्तो बोल्नुभएको छ—

" मेरो विचारमा—प्रत्यरिसङ्क्षयाय यात्रां कुर्वन् तरसा पूर्वान्दिशं गच्छामि—यस्तो अन्वय गरेपछि संस्कृत व्याकरणको दृष्टिमा यो वाक्य असंगत हुन सक्दैन । किनभने यस्तो अन्वय गरेपछि यात्रां कुर्वन्‌को कर्म भई हाल्छ । त्यस्तो गरेमा द्विकर्मकको सवाळै उठ्दैन । संस्कृतमा यस्तो अध्याहार गरेर प्रयोगहरू धेरै ठाउँमा पाइन्छन् । जस्तो—'द्वारम्' मात्र भनेपछि पिधेहि क्रियाको र पिधेहि मात्र भन्दा खेरि द्वारम् कर्मको आक्षेप हुने कुरा सबैलाई विदितै छ । "

यसरी चाँगुको स्तम्भलेखको उपर्युक्त पद्यमा 'कुर्वन्' अध्याहार गरी थपिदिए द्विकर्मक धातुको सवाळै उठ्दैन भनी झाज्यूले आफ्नो विचार पोख्नुभएको छ । झाज्यूले भने जस्तै यसरी अध्याहार गर्ने हो भने अब संस्कृतव्याकरणबाट द्विकर्मक धातुसम्बन्धी प्रकरण नै झिकिदिए पनि हुने भयो । 'गां दोग्धि पयः'यस्ता वाक्य बन्ने हुनाले संस्कृतव्याकरणका आचार्यहरूले दुह् आदि धातुलाई द्विकर्मक मानेका हुन् । झाज्यूको अध्याहारपद्धतिअनुसार अब तिनलाई द्विकर्मक धातु मान्नु आवश्यक छैन । किनभने "गां दोग्धि पयः" यहाँ "गां सान्त्वयन्' भनी अध्याहार गरे दुह् धातुलाई द्विकर्मक मान्नु अनावश्यक भइहाल्छ । यसै गरी अरू द्विकर्मक धातुमा पनि अध्याहार गरी मिलाउन सकिन्छ । जस्तै—

| | | |
|---|---|---|
| " बलिं याचते वसुधाम् | = | बलिं प्रार्थयन् याचते वसुधाम् । |
| तण्डुलानोदनं पचति | = | तण्डुलान् विक्लेदयन्नोदनं पचति । |
| गर्गान् शतं दण्डयति | = | गर्गान् भर्त्सयित्वा शतं दण्डयति । |
| व्रजमवरुणद्धि गाम् | = | व्रजं प्रवेश्यावरुणद्धि गाम् । |
| माणवकं पन्थानं पृच्छति | = | माणवकमाहूय पन्थानं पृच्छति । |
| वृक्षमवचिनोति फलानि | = | वृक्षमारुह्यावचिनोति फलानि । |
| माणवकं धर्मं ब्रूते शास्ति वा | = | माणवकं बोधयन् धर्मं ब्रूते शास्ति वा । |
| शतं जयति देवदत्तम् | = | शतं जयति देवदत्तं विमोहयन् । |
| सुधां क्षीरनिधिं मथ्नाति | = | सुधां ग्रहीतुं क्षीरनिधिं मथ्नाति । |
| देवदत्तं शतं मुष्णाति | = | देवदत्तं विमोह्य शतं मुष्णाति । |
| ग्राममजां नयति हरति कर्षति वहति वा | = | ग्राममुद्दिश्याजां नयति हरति कर्षति वहति वा ।" |

परन्तु अल्पज्ञानको भरमा यसो गर्दा यो कतिको उपपत्तिसम्मत तथा विद्वद्ग्राह्य कुरा हुन्छ, त्यसको पनि विचार गर्नुपर्छ। जुनसुकै भाषाको पनि आफ्ना नियम हुन्छन्। त्यही नियम पहिल्याएर वैयाकरणहरू हिंड्छन्। संस्कृतभाषामा अध्याहार गर्ने नियम छ। तर त्यो समर्थ (आफसेआफ भाव बुझाउन सक्ने) ठाउँमा मात्र गरिन्छ। कारकै बिग्रने गरी त्यसको प्रयोग हुँदैन। बलजफ्ती यसो गरे त्यहाँ "च्युतसंस्कृति" दोष पर्छ। वाक्यमा च्युतसंस्कृति दोष पर्नु सबभन्दा ठूलो दोषमा गनिन्छ।

झाज्यूले चाँगुको स्तम्भलेखको शुद्ध वाक्यलाई पनि तानतुन गरी आफ्नो अनुकूल अर्थ निकाल्न "कुर्वन्" को अध्याहार गरी सो वाक्यलाई च्युतसंस्कृति दोषले दूषित पार्ने चेष्टा गर्नुभएको छ। यसबाट उहाँलाई संस्कृतव्याकरण आउँदो रहेनछ भन्ने देखिन्छ। जसलाई संस्कृतभाषाको व्याकरणको साधारण नियम पनि आउँदैन, उसले संस्कृतव्याकरणविषयमा यसो हुन सक्छ, उसो हुन सक्छ भनी बोल्नु उसको अनधिकार चेष्टा कहलाउँछ। यस कारण झाज्यूले संस्कृतभाषाको व्याकरणविषयमा बोल्नुभन्दा पहिले केही काल संस्कृतव्याकरण रफत गर्नु भए बढिया होला भन्ने सल्लाह हामी उहाँलाई दिन्छौं। नत्र अण्डबण्ड बोल्दा विद्वत्समाजमा उपहासपात्र बनिने स्पष्ट छ।

मानदेवले आफ्नै सामन्तलाई मात्र कज्याएका हुन् भने चाँगुको स्तम्भलेखमा "मानदेव आफ्नो देशमा फर्के—प्रत्याजगाम स्वकं देशम्" भनी किन लेखियो भनी झाज्यूले अर्को तर्क अहिले उठाउनुभएको छ। जस्तै—

"अर्को विचारणीय कुरो यो छ कि आफ्नो देशभन्दा बाहिर गएन भने उहाँको देशमा फेरि वापस आउनु कुरो कताबाट आयो।"

यो कुरा बुझ्न त्यस वेला 'देश' शब्द कुन अर्थमा प्रयोग हुन्थ्यो भनी बुझ्नु आवश्यक छ। अहिले नेपाली भाषामा देश शब्दले आफ्नो जम्मै राष्ट्रलाई बुझाउँछ। परन्तु उहिले त्यस्तो थिएन। एकै राष्ट्रभित्र पनि अनेक देश हुन्थे। यो कुरा हामी तात्कालिक शिलालेख आदिबाट बुझ्न सक्छौं। उदाहरणार्थ जूनागढको स्कन्दगुप्तको पालाको अभिलेखलाई लिन सकिन्छ। त्यहाँ "स्कन्दगुप्तले सबै देशमा गोप्ता (राज्यपाल, बडाहाकिम) नियुक्त गरिसकेपछि सुराष्ट्र (गुजरात भेकको देश) मा कसलाई नियुक्त गरूँ भनी धेरै विचार गरेपछि पर्णदत्तलाई नियुक्त गरे" भन्ने वर्णन परेको छ। सो प्रकारको छ—

"एवं स जित्वा पृथिवीं समग्रां भग्नाग्रदर्पान् द्विषतश्च कृत्वा।
सर्व्वेषु देशेषु विधाय गोप्तॄन् संचिन्तयामास बहुप्रकारम्॥
सर्वेषु भृत्येष्वपि संहतेषु यो मे प्रशिष्यान्निखिलान्सुराष्ट्रान्।
आं ज्ञातमेकः खलु पर्णदत्तो भारस्य तस्योद्वहने समर्थः॥
पूर्वेतरस्यां दिशि पर्णदत्तं नियुज्य राजा धृतिमांस्तथाभूत्।"

[यसरी जम्मै पृथिवीलाई जितेर, शत्रुहरूको घमण्ड तोडेर उहाँ (स्कन्दगुप्त) ले सबै देशहरूमा गोप्ता नियुक्त गरेर, सुराष्ट्रको शासन चलाउनाका लागि यी मेरा कर्मचारी-हरूमा कुनचाहिं लायक होला भनी धेरै विचार गर्नुभयो। अँ, थाहा पाएँ, यो भारी बोक्न पक्का पर्णदत्त सक्छन् भनी पश्चिमतिर पर्णदत्तलाई नियुक्त गरी राजाले खामोस खानुभयो।]

यसबाट यस वेला एकै राष्ट्रभित्र पनि अनेक देश हुन्थे भन्ने स्पष्ट थाहा पाइन्छ ।

मानदेवको पालाको नेपालराष्ट्रमा पनि यस्तै अनेक "देश" थिए। यस कारण चाँगुको स्तम्भलेखमा पूर्वतिरका भन्नालाई "पूर्वदेशाश्रया:" भनिएको छ तथा मानदेव आफू बसेको ठाउँ (राजधानी) मा फर्के भन्नाका लागि "प्रत्याजगाम स्वकं देशम्" भनी लेखिएको हो ।

"देश" शब्दको यही अर्थपरम्पराको आधारमा पछि मल्लकालमा नेपाल-उपत्यकाका किल्ला–रूपका साना साना शहरहरूले समेत "देश" भन्ने संज्ञा पाएको कुरा यस प्रसङ्गमा विचारणीय छ। वि. सं. १५१० को यक्षमल्लको शिलालेखमा भक्तपुर शहरलाई 'देश' भनिएको छ—

"श्रीश्रीप्रभु ठाकुरस्येनो, प्रदिक प्रधाननो, प्रजापाखननो, ख्वपंदेशश बसरपको समस्तस्यंवु, झाडनथं, थंथु ळं कोंथुळं, थव थव भुसं चाय क्वाठ्यात थम थम खागां ह्लास्यं सोखायेमाल"

[श्रीश्रीप्रभु ठाकुरले (राजाले), भारदारहरूले तथा प्रजाहरूले भक्तपुर देशमा बस्ने यी सबैले बर्सात लाग्नुभन्दा पहिले थंथु ळं (उकालो चढी जानुपर्ने बाटो), कोंथु ळं (ओह्रालो लागी जानुपर्ने बाटो) र आफ्नो आफ्नो इलाकामा परेका किल्लाको हेरबिचार आफैं आफैंले गर्नुपर्छ।]

यक्षमल्लको राज्यक्षेत्र भक्तपुरमा मात्र सीमित थिएन + ।

भक्तपुर शहरका संगै रहेका नकदेश बोडे आदि साना शहरलाई पनि "देश" भनी लेखिएको उल्लेख अभिलेखहरूमा पाइन्छ—

"श्रीश्रीजयरणजित् मल्लदेवसन गोर्षारि लाङाव, सोमलिग दल थाङाव वाभू लितेला वेलस, नक देशया प्रजा पंचयात, प्रसाद बिया दामन श्री ३ गणेशस्तं स्वर्णस्वानमाल दुंता ॥ सं ८५२ आषाढ सु ३ "

(नकदेशको अभिलेखबाट)

[श्रीश्रीजयरणजित्मल्लदेवले गोरखालीहरूलाई समाती, सोमलिङ्गमा रहेको संयुक्त फौज हटाई ओभू फिर्ता गराएको खुशियालीमा नकदेशका प्रजा पंचहरूलाई निगाह गरिदिनुभएको पैसाले श्री ३ गणेशलाई सुनको फूलको माला चढाइयो। ने. सं. ८५२ (वि. सं. १७८९) आषाढ शुक्ल तृतीया। ]

"श्रीश्रीजयरणजित्मल्लदेव प्रभु पाकुलसन श्रीधर्म्मपुलि देसया प्रमान सेष्ठ पंच प्रजायता भाखापत्र चोसें प्रस्न जुया...सम्वत् ८८९ मार्गशिल शुदि ४..."

( बोडेको अभिलेखबाट )

[श्रीश्रीजयरणजित् मल्लदेव प्रभु ठाकुरले श्रीधर्म्मपुरी देशका (बोडेका) प्रमान, श्रेष्ठ, पंच प्रजाहरूलाई निगाह गरी व्यवस्थापत्र लेखिदिइयो...ने. सं. ८८९ (वि. सं. १८२५) मार्ग शुक्ल चतुर्थी ]

यति कुराबाट झाज्यूले अहिले उठाउनुभएका तर्क पनि प्रमाणको अगाडि टिक्न सक्ने खालका छैनन् भन्ने स्पष्ट छ।

—०—

+ 'पूर्णिमा' यही अङ्कमा प्रकाशित यक्षमल्लविषयक निबन्ध हेर्नुहोस् ।

का. मे. अ. द. नं १५५/२४९

कार्यालय–
संशोधन-मण्डल
१०।४५२ महाबौद्ध, काठमाडौं, नेपाल

वि. सं. २०२२ माघ–संक्रान्ति

वार्षिक मूल्य–मो रु. ५।
(डांकखर्च अलग)
यस अङ्कको मूल्य मो. रु. २।

मुद्रक–
जोरगणेश प्रेस प्रा. लि.
बालाजु औद्योगिक क्षेत्र, काठमाडौं